# विधातत्त्वका आधारमा यज्ञप्रसाद आचार्यको 'फ्यूजनको जगमा शिलान्यास' कथासङ्ग्रहको अध्ययन

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय
अन्तर्गत पाटन संयुक्त क्याम्पसको स्नातकोत्तर तह
द्वितीय वर्षको नेपाली विषयको दशौँ पत्रको
प्रयोजनको लागि प्रस्तुत

शोधपत्र

शोधार्थी
सरिता कोइराला
नेपाली विभाग स्नातकोत्तर कार्यक्रम
क्याम्पस रोल नं.: १७/०६९
त्रि.वि.दर्ता नं.:९-२-६३५-३८-२००८
परीक्षा रोल नं.: २२००४८
पाटन संयुक्त क्याम्पस
ललितपुर
२०७३

# शोधनिर्देशकको सिफारिसपत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय पाटन संयुक्त क्याम्पसबाट नेपाली विषयको स्नाकोत्तर उपाधिको आंशिक आवश्यकता परिपूर्तिको लागि मेरो निर्देशन र सुपरिवेक्षणमा शोधार्थी सरिता कोइरालाले विधातत्त्वको आधारमा यज्ञप्रसाद आचार्यको 'फ्यूजनको जगमा शिलान्यास' कथासङ्ग्रहको अध्ययन विषयमा शोधपत्र तयार पार्नु भएको हो । शोधकार्यसँग सम्बद्ध सबै मापदण्ड पूरा गरिएको हुनाले म उहाँको कार्यप्रति सन्तुष्ट छु । यस शोधपत्रको अन्तिम मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

उप.प्रा. शोभाकुमारी ढुङ्गाना ...............................

(शोधनिर्देशक)

पाटन संयुक्त क्याम्पस

पाटनढोका, ललितपुर

मितिः २०७३/८

# स्वीकृतपत्र

शोधार्थी सरिता कोइरालाले स्नाकोत्तर तह दोस्रो वर्षको दसौं पत्रको आवश्यक परिपूर्तिका निम्ति तयार पार्नु भएको विधातत्त्वका आधारमा यज्ञप्रसाद आचार्यको 'फ्यूजनको जगमा शिलान्यास' कथासङ्ग्रहको अध्ययन शीर्षकको शोधपत्रको आवश्यक मूल्याङ्कन गरी उचित ठहरिएकोले स्वीकृत प्रदान गरिएको छ ।

सह-प्रा. अच्युतराज पराजुली ......................................
(संयोजक)

प्रा.डा. विश्वनाथ भण्डारी ......................................
(विभागीय प्रमुख)

उप.प्रा. शोभाकुमारी ढुङ्गाना ......................................
(शोधनिर्देशक)

प्रा.डा ......................................
(बाह्यपरीक्षक)

मिति २०७३/८

# कृतज्ञताज्ञापन

कुनै पनि व्यक्तिको कृतिको अध्ययन गरी वस्तुगत तवरले ठोस निर्णय दिनु अवश्य नै कठिन काम हो । तैपनि विषय गहन, जटिल, बोझिलो र समस्यामूलक छ भनेर त्यसतर्फ नलाग्ने हो भने त्यस्ता व्यक्ति र व्यक्तित्वको सिर्जनाशीलता सबै ओझेलमा पर्न गई विशिष्ट कार्यको मूल्याङ्कन नै बन्द हुनपुग्छ । यही तथ्यलाई आत्मसाथ गरी नेपाली भाषा साहित्य, कला, संस्कृति तथा समाजसेवाको क्षेत्रको विशिष्ट योगदान पुऱ्याउँदै आएका साहित्यकार यज्ञप्रसाद आचार्यको 'फ्यूजनको जगमा शिलान्यास' कथासङ्ग्रहलाई विश्लेषण गर्ने उद्देश्यले यस अध्ययन पत्रको सिर्जना भएको हो । यस अध्ययन पत्रलाई मैले स्नातकोत्तर तहको दशौंपत्रको आंशिक प्रयोजनका लागि श्रद्धेय गुरुआमा शोभाकुमारी ढुङ्गानाको प्राज्ञिक निर्देशनमा तयार पारेको हुँ । उहाँप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहन्छु । यस अध्ययनलाई विभागीय स्वीकृति प्रदान गर्नु हुने विभागीय प्रमुख प्रा.डा.विश्वनाथ भण्डारी र स्नाकोत्तर कार्यक्रमका संयोजक सह प्रा. अच्युतराज पराजुलीप्रति कृतज्ञताज्ञापन गर्दछु । अध्ययनपत्र तयारीको क्रममा आवश्यक सामाग्री विभिन्न व्यक्ति तथा बौद्धिक प्राज्ञिक महानुभावहरूबाट प्राप्त सुझाव, सल्लाह र सहयोगले मेरो यो गहनकार्य यस स्थितिमा पुगेको हो । त्यसैले मलाई यस स्थितिमा पुऱ्याउने मेरा गुरु, गुरुआमाप्रति सदैव ऋणी रहने छु एवम् शोधसँग सम्बन्धित विभिन्न जानकारी प्रदान गर्नुहुने शोध नायक यज्ञप्रसाद आचार्य प्रति कृतज्ञ छु । अनुसन्धानकै क्रममा विविध सामाग्रीहरू उपलब्ध गराई सहयोग गर्नु हुने पाटन संयुक्त क्याम्पसको पुस्तकालयका कर्मचारीप्रति म आभारी छु ।

अध्ययन गर्नको लागि प्रस्तुत शोधकार्यको सामाग्री सङ्कलनदेखि शोधपत्र पूरा हुन्जेलसम्म आर्थिक सहयोग र हौसला प्रदान गर्नु हुने मेरा आदरणीय बुबा बद्रीप्रसाद कोइराला, आमा तुलसादेवी कोइराला साथै दाजु हरिचन्द्र, भरत र भाई नारायण, दिदीहरू कल्पना, कविता र भिनाजुहरूमा श्रद्धाभाव प्रकट गर्दछु । प्रस्तुत शोधकर्तालाई शुद्धसँग टङ्कन गरी सहयोग गर्नु हुने राजेन्द्र महर्जनलाई पनि धन्यवाद दिनु मेरो कर्तव्य हो ।

सरिता कोइराला

नेपाली विभाग

पाटन संयुक्त क्याम्पस

पाटनढोका, ललितपुर

# विषयसूची

पृष्ठ

शोधनिर्देशको सिफारिस-पत्र
स्वीकृतपत्र
कृतज्ञता ज्ञापन
विषयसूची
संक्षिप्त शब्द सूची

**परिच्छेद एक**
शोध परिचय

१. विषयपरिचय १
१.२ शोधसमस्या २
१.३ शोधकार्यको उद्देश्य २
१.४ पूर्वकार्यको समीक्षा ३
१.४.१ पूर्वकार्य समीक्षाको निष्कर्ष ४
१.५ शोधकार्यको औचित्य ४
१.६ शोधकार्यको क्षेत्र र सीमा ४
१.७ सामग्रीसङ्कलन विधि ४
१.८ शोधविधि ५
१.९ शोधपत्रको रूपरेखा ५

**परिच्छेद दुई**
**कथाको सैद्धान्तिक परिचय**

२.१ पृष्ठभूमी ६
२.१.१ कथाको परिभाषा ७
२.१.२ कथाको तत्त्व ९
२.१.२.१ शीर्षक १०
२.१.२.२ कथानक १०
२.१.२.३ चरित्र ११
२.१.२.४ दृष्टिबिन्दु १३
२.१.२.४.१ आन्तरिक दृष्टिबिन्दु १४
२.१.२.४.२ बाह्य दृष्टिबिन्दु १४
२.१.२.५ उद्देश्य १४
२.१.२.६ परिवेश १५
२.१.२.७ भाषाशैली १५
२.१.३ कथाको वर्गीकरण १५

२.१.४ रीतिक्षेत्रका आधारमा कथाको वर्गीकरण १८
२.१.५ निष्कर्ष १९
२.२ नेपाली कथाको ऐतिहासिक विकासक्रम २०
२.२.१ पृष्ठभूमि २०
२.२.२ नेपाली कथाको विकास प्रक्रिया २०
२.३ निष्कर्ष २७

**परिच्छेद तीन**

**यज्ञप्रसाद आचार्यको कथासङ्ग्रहको अध्ययन**

३.१ 'फ्यूजनको जगमा शिलान्यास' को अध्ययन र विश्लेषण २९
३.१.१ शीर्षक २९
३.१.२ कथावस्तु २९
३.१.३ चरित्र ३०
३.१.४ दृष्टिबिन्दु ३१
३.१.५ उद्देश्य ३२
३.१.६ परिवेश ३२
३.१.७ भाषाशैली ३२
३.२ 'घरको कथा' को अध्ययन विश्लेषण ३३
३.२.१ शीर्षक ३३
३.२.२ कथावस्तु ३३
३.२.३ चरित्रचित्रण ३३
३.२.४ दृष्टिबिन्दु ३४
३.२.५ उद्देश्य ३४
३.२.६ परिवेश ३४
३.२.७ भाषाशैली ३५
३.३ 'संकल्प' कथाको विश्लेषण ३५
३.३.१ शीर्षक ३५
३.३.२ कथावस्तु ३५
३.३.३ चरित्रचित्रण ३६
३.३.४ दृष्टिबिन्दु ३७
३.३.५ उद्देश्य ३७
३.३.६ परिवेश ३७
३.३.७ भाषाशैली ३७
३.४ 'पानको पात' काथाको विश्लेषण ३८
३.४.१ शीर्षक ३८
३.४.२ कथानक ३८
३.४.३ चरित्रचित्रण ३८
३.४.४ दृष्टिबिन्दु ३८

३.४.५ उद्देश्य ३८
३.४.६ परिवेश ४०
३.४.७ भाषाशैली ४०
३.५ 'छहारीमुनिको मालिक' कथाको विश्लेषण ४०
३.५.१ शीर्षक ४०
३.५.२ कथानक ४०
३.५.३ चरित्रचित्रण ४२
३.५.४ दृष्टिबिन्दु ४२
३.५.५ उद्देश्य ४२
३.५.६ परिवेश ४३
३.५.७ भाषाशैली ४३
३.६ 'चतुरे सार्की' कथाको विश्लेषण ४३
३.६.१ शीर्षक ४३
३.६.२ कथानक ४३
३.६.३ चरित्रचित्रण ४४
३.६.४ दृष्टिबिन्दु ४५
३.६.५ उद्देश्य ४५
३.६.६ परिवेश ४५
३.६.७ भाषाशैली ४६
३.७ 'घात प्रतिघात' कथाको विश्लेषण ४६
३.७.१ शीर्षक ४६
३.७.२ कथावस्तु ४६
३.७.३ चरित्रचित्रण ४७
३.७.४ दृष्टिबिन्दु ४८
३.७.५ उद्देश्य ४८
३.७.६ परिवेश ४८
३.७.७ भाषाशैली ४८
३.८ 'गुलाफको काँडो' कथाको विश्लेषण ४८
३.८.१ शीर्षक ४८
३.८.२ कथानक ४९
३.८.३ चरित्रचित्रण ४९
३.८.४ दृष्टिबिन्दु ५०
३.८.५ उद्देश्य ५०
३.८.६ परिवेश ५०
३.८.७ भाषाशैली ५१
३.९ 'च्यातिएको चोलि' कथाको विश्लेषण ५१
३.९.१ शीर्षक ५१

३.९.२ कथानक ५१
३.९.३ चरित्रचित्रण ५२
३.९.४ दृष्टिबिन्दु ५२
३.९.५ उद्देश्य ५३
३.९.६ परिवेश ५३
३.९.७ भाषाशैली ५३
३.१० 'उत्तिम थारु' कथाको विश्लेषण ५३
३.१०.१ शीर्षक ५३
३.१०.२ कथावस्तु ५३
३.१०.३ चरित्रचित्रण ५४
३.१०.४ दृष्टिबिन्दु ५४
३.१०.५ उद्देश्य ५५
३.१०.६ परिवेश ५५
३.१०.७ भाषाशैली ५५
३.११ 'आगोमा पिल्सिएको तस्वीर' कथाको विश्लेषण ५५
३.११.१ शीर्षक ५५
३.११.२ कथावस्तु ५६
३.११.३ चरित्रचित्रण ५६
३.११.४ दृष्टिबिन्दु ५७
३.११.५ उद्देश्य ५७
३.११.६ परिवेश ५७
३.११.७ भाषाशैली ५७
३.१२ 'मन्त्रीज्यूको सभास्थल' कथाको विश्लेषण ५७
३.१२.१ शीर्षक ५७
३.१२.२ कथानक ५८
३.१२.३ चरित्रचित्रण ५९
३.१२.४ दृष्टिबिन्दु ६०
३.१२.५ उद्देश्य ६०
३.१२.६ परिवेश ६०
३.१२.७ भाषाशैली ६०
३.१३ 'विमुक्त बिहानको खोजीमा' कथाको विश्लेषण ६१
३.१३.१ शीर्षक ६१
३.१३.२ कथानक ६१
३.१३.३ चरित्रचित्रण ६२
३.१३.४ दृष्टिबिन्दु ६२
३.१३.५ उद्देश्य ६२
३.१३.६ परिवेश ६३

३.१३.७ भाषाशैली ६३
३.१४ 'उज्जवल भविष्यको निम्ति' कथाको विश्लेषण ६३
३.१४.१ शीर्षक ६३
३.१४.२ कथावस्तु ६३
३.१४.३ चरित्रचित्रण ६४
३.१४.४ दृष्टिबिन्दु ६५
३.१४.५ उद्देश्य ६५
३.१४.६ परिवेश ६५
३.१४.७ भाषाशैली ६५

## परिच्छेद चार
## यज्ञप्रसाद आचार्यको कथाको मूल प्रवृत्ति

४.१ सामाजिक यथार्थवाद ६६
४.२. मनोवैज्ञानिकता ६७
४.३. प्रगतिशीलता ६८
४.४. देशभक्ति मानवदाता र स्वतन्त्रताको पक्षधर ६९
४.५. व्यङ्ग्यात्मकता ७०
४.६. नारी समानता र स्वतन्त्रताको पक्षधर ७१
४.७ मानवतावाद र विश्वशान्तिको कामना ७१
४.८. नायक नायिका बीचको कामजन्य प्रेम प्रणय सम्बन्धको रोचक प्रस्तुति ७१
४.९ मौलिकता ७१
४.१० कलात्मकता ७२
४.११ युगीन महत्त्व ७२
४.१२ संक्षिप्तताभित्र पूर्णताको प्रयोग ७३
४.१३ घटना प्रधान योजनाबद्ध र उद्देश्यमूलक कथाको प्रस्तुति ७३
४.१४ निष्कर्ष ७४

## परिच्छेद पाँच
## उपसंहार एवम् निष्कर्ष

५.१ उपसंहार ७५
५.२ निष्कर्ष ७८
सन्दर्भ सामग्री

## संक्षिप्त शब्दसूची

| संक्षिप्त रूप | पूर्ण रूप |
| --- | --- |
| क.सं. | क्रम सङ्ख्या |
| वि.सं. | विक्रम सम्बत् |
| गा.वि.स. | गाउँ विकास समिति |
| एस.एल.सी. | स्कुल लिभिङ सर्टिफिकेट |
| पृ. | पृष्ठ |
| आइ.ए. | प्रमाणपत्र तह |
| एम.ए. | स्नाकोत्तर |

# परिच्छेद एक

# शोधपरिचय

## १.१. विषयपरिचय

प्रस्तुत शोधप्रवन्धको शीर्षक विधातत्त्वका आधारमा यज्ञप्रसाद आचार्यको 'फ्यूजनको जगमा शिलान्यास' कथासङ्ग्रहको अध्ययन रहेको छ ।

यज्ञप्रसाद आचार्यको जन्म वि.सं. १९९० बैशाख ५ गते सोमबार अष्टमी तिथिका दिन धनकुटा जिल्लाको पिप्ले तेलिया गा.वि.स. वडा नं. ४ मा भएको हो । उनको नाम यज्ञप्रसाद आचार्य रहे पनि चलनचल्तीको जीवनप्रसाद आचार्य रहेको पाइन्छ । उनको पिताको नाम लक्ष्मीप्रसाद आचार्य र माताको नाम विष्णुदेवी आचार्य हो । उनी बाबु आमाका माइला पुत्रका रूपमा जन्मिएका हुन् । वि.सं. २००६ सालमा धरान पब्लिक हाइस्कुलबाट प्रवेशिका परीक्षा द्वितीय श्रेणीमा गरेका हुन् । वि.सं. २००८ सालमा उइङ्ग कलेजबाट आई. ए. द्वितीय श्रेणीमा उर्त्तीण गरेका हुन् । वि.ए. वि.सं. २०१० द्वितीय श्रेणी र एम.ए. वि.सं. २०१३ मा काशी हिन्दू विश्वविद्यालयबाट द्वितीय श्रेणीमा उर्त्तीण गरेका हुन् । जन्मस्थान धनकुटा भए पनि हाल अहिले स्थायी रूपमा वि.सं. २०२६ सालदेखि क्याम्पस मार्ग पाटनढोका उमालय चाकुपाट ललितपुरमा बसेका छन् । आचार्यले साहित्यको अतिरिक्त राजनीति, पत्रपत्रिका तथा प्रकाशनमा समेत राम्रो दक्षता हासिल गरेका छन् । आचार्यले समाजसेवाको क्षेत्रमा समेत आफूलाई त्यतिकै क्रियाशील तुल्याएका छन् । सेवानिवृत्त जीवनपछि समेत उनी साहित्यसिर्जनामा तल्लीन रहेका छन् । उनलाई कथा विधाले नै चर्चा र सफलताको शिखरमा पुऱ्याएको छ ।

नारायणप्रसाद भट्टराईको सम्पादनमा प्रकाशित हुने गरेको युगवाणी पत्रिकामा प्रथम कथा क्यालेण्डर प्रकाशित भएपछि कथा सुरुवात भएको हो । २०१२ सालमा प्रकाशित 'मुक्तात्मा' कथा सङ्ग्रह भित्रको 'साबुन'बाट लेखन कार्य अगाडि बढाएका थिए उनको कथालाई दुई चरणमा हरेर छुट्याउन सकिन्छ । (पूर्वाद्ध चरण २०१२ -२०२०) सम्म रहेको छ । यस कथा सङ्ग्रहमा मुक्तात्मा कथासङ्ग्रह पर्दछ । यसमा आठवटा कथा संकलन गरी प्रस्तुत गरिएको छ । उत्तराद्ध चरण (२०२१ देखि हालसम्मको समयलाई उत्तराद्ध चरण मानिएको छ, यस चरणका कथामा 'फ्यूजनको जगमा शिलान्यास ' कथा सङ्ग्रह २०७० मा प्रकाशित भएको पाइन्छ । यसमा १४ वटा कथाहरू निम्न अनुसार संकलित रहेका छन् ।

'फ्यूजनको जगमा शिलान्यास' 'घरको कथा' 'संकल्प', 'पानको पात', 'आगोमा पिल्सिरहेको तस्वीर', 'छहारीमुनिको मालि', 'चतुरे सर्की', 'घात प्रतिघात', 'मन्त्रीज्यूको सभास्थल', 'गुलाफको काँडो', 'च्यातिएको चोलि', 'उत्तिम थारु', 'विमुक्त', 'बिहानको खोजीमा', 'उज्वल भविष्यका निम्ति' कथाहरू रहेका छन् उनको कथामा सामाजिक यथार्थता, मनोविश्लेषण र प्रगतिशीलता पाउन सकिन्छ । उनी राष्ट्रियता, समाजवाद प्रजातन्त्रवादी मान्यताबाट प्रभावित छन् । सम्पूर्ण वर्ग समुदाय तथा जातजातिबीच भएको भेदभाव अन्य हुनपर्छ भन्ने मान्यता उनमा रहेको छ । सम्पादक, पत्रकार, समाजसेवी राजनीतिज्ञ कथाकार व्यक्तिका रूपमा देखा पर्दछन् । जीवनको पूर्वाद्धमा नेपाली काङ्ग्रेसको सदस्यको रूपमा रहेका आचार्य पछि तत्कालीन पञ्चायती व्यवस्थामा सक्रिय बनेका थिए । उनले गरेको कामले गर्दा उनलाई कुशल समाजसेवी र सफल साहित्यकारका रूपमा चिन्न सकिन्छ ।

## १.२ शोधसमस्याः

यज्ञप्रसाद आचार्यको **'फ्यूजनको जगमा शिलान्यास'** कथासङ्ग्रहको विधातत्त्वका आधारमा विवेचना गरी अध्ययन विश्लेषण गर्नु प्रस्तुत शोध लेखनको समस्या हुन् । यही समस्यालाई दृष्टिगत गरी शोध लेखनमा देखा पर्ने निम्नलिखित समस्याहरू र तीनका समाधानका लागि अध्ययन विश्लेषण कार्य यसमा भएको छ ।

क) विधातत्त्वका आधारमा यज्ञप्रसाद आचार्यका **'फ्यूजनको जगमा शिलान्यास'** कथासङ्ग्रहका कथाहरू के-कस्ता छन् ?

ख) 'फ्यूजनको जगमा शिलान्यास' कथा सङ्ग्रहका कथाहरूको मूल प्रवृत्तिहरू के कस्ता छन् ?

## १.३ शोधकार्यको उद्देश्यः

प्रस्तुत शोधकार्यको मुख्य उद्देश्य माथि उल्लेख गरिएका समस्याहरूको समाधान गर्नु नै हो । समस्यालाई निम्नानुसार बुँदागत रूपमा प्रस्तुत गरिएको छ ।

क) विधातत्त्वका आधारमा यज्ञप्रसाद आचार्यका 'फ्यूजनका जगमा शिलान्यास' कथासङ्ग्रहका कथाहरूको अध्ययन गर्नु ।

ख) 'फ्यूजनको जगमा शिलान्यास' कथा सङ्ग्रहका कथाहरूको प्रवृत्तिको अध्ययन ।

### १.४ पूर्वकार्यको समीक्षाः

आचार्यका रूपरेखा पत्रिकामा प्रकाशित कथाहरू **प्रतिघात** (२०१९), **गुलाफको काडौँ** (२०२०), **मन्त्रीज्यूको सभास्थाल** (२०२१), **छहारीमुनिको मालिक** (२०२१), **यो पनि एउटा घर को** (२०२१), **आगोमा पिल्सिएका तस्विर** (२०२२), **पानको पात** (२०२४), जस्ता कथाहरू रहेका छन् । २०२० सालमा नेपाली साहित्य परिषद धरानबाट मुक्तात्मा नामक प्रथम कथासङ्ग्रह प्रकाशित भएको हो । दोश्रो कथासङ्ग्रह **फ्युजनको जगमा शिलान्यास** वि.सं. २०७० सालमा प्रकाशित भएको कृति हो ।

शोधकार्य सम्पन्न गर्न यस सम्बन्धी विभिन्न विद्धान्हरूले गरेका कार्यहरूले ठूलो सहयोग पुऱ्याउने भएकोले गर्दा पहिले गरिएका यस्तो पूर्वकार्यको खोजी गर्न आवश्यक देखिएको छ ।

**अन्वेषक देवकुमारीले** वि.सं. (२०६९) सालमा यज्ञप्रसाद  आचार्यको जीवनी व्यक्तित्व र कृतित्त्वको अध्ययन शीर्षकको शोधपत्रमा आचार्यको 'मुक्तात्मा' कथासङ्ग्रहको बारेमा सङक्षिप्त चर्चा गरेका छिन् (दुलाल, २०६९:३) ।

अर्का **अन्वेषक शिवराज भट्टराईले** वि.सं. (२०७१) सालमा कथातत्त्वका आधारमा 'मुक्तात्मा' कथासङ्ग्रहको अध्ययन गरेका छन् । मुक्तात्मा कथासङ्ग्रह सामाजिक विकृति र विसङ्गतिले भरिएको कथासङ्ग्रह हो । कर्मचारीमाथि मालिकहरूको खेलवाड चाकडी प्रथा अन्यायजस्ता कुरा उनका कथाले प्रस्तुत गरेका छन् । उनका सबै कथामा सामाजिक समस्या घनिभूत भएर प्रकट भएको छ । "तत्कालिन समाजमा नागरिक हक अधिकार, धरापमा पारिएको मनपरी शासन सञ्चालन गरिएको, वोलवाला चल्नेको मात्रा एकाधिकार रहेको कुरा उद्घाटन गर्न कथा सफल भएको छ । उनका कथामा समाजमा नारी र पुरुषको विभेदता हटाउन चेतना प्रदान गरिएको छ" (भट्टराई, २०७१:४९) । यसबाट उनी सामाजिक यथार्थवादी कथाकार हुन् भन्न सकिन्छ ।

**'फ्यूजनको जगमा शिलान्यास'** नामक कथासङ्ग्रहमा जम्मा १४ वटा कथाहरू संकलित रहेका छन् । यी सबै कथात्मक प्रस्तुतिलाई छुट्टाछुट्टै कथाबस्तु र पात्रहरूको सामाजिक र राजनीतिक संस्कार तथा यौन चरित्र चित्रणद्वारा यसभित्र यथासम्भव केलाइएको छ । आचार्यका अनुसार यसमा सङ्कलित प्राय जसो कथाले यथार्थपरक घटना, व्यङ्ग्य चित्रण, मनोवैज्ञानिक उद्वेग, वर्गीय चरित्र सामाजिक सुधार नारीसुलभ प्रवृत्ति,

सामाजिक सुधार, सामयिक राजनीति, राष्ट्रिय एकताको सेरोफेरोमा फन्को मारेका छन् । ( आचार्य, २०७० भूमिका) यस सन्दर्भबाट उनी सामाजिक यथार्थवादी मनोवैज्ञानिक यथार्थवादी राष्ट्रप्रेमी र नारी स्वतन्त्रताका पक्षधर कथाकार हुन् भन्न सकिन्छ ।

### १.४.१ पूर्वकार्यको समीक्षाको निष्कर्ष :

यज्ञप्रसाद आचार्यको **'फ्यूजनको जगमा शिलान्यास'** कथासङ्ग्रहको विधा तत्त्वका आधारमा व्यवस्थित र विस्तृत अध्ययन कसैले गरेको पाइदैन, तसर्थ यस कथासङ्ग्रहका कथाहरूको विधातत्त्वका आधारमा अध्ययन र समीक्षा गर्न आवश्यक देखिएको छ ।

### १.५ शोधकार्यको औचित्य :

प्रस्तावित शोध मार्फत साहित्यकार यज्ञप्रसाद आचार्यलाई नेपाली साहित्य जगत्मा कथाकारको रूपमा चिनाउने प्रयास गरिएको छ । त्रि.वि. स्नाकोत्तर तहको नेपाली विषयमा विद्यार्थीले दसौं पत्रको प्रयोजनार्थ खोजमूलक कार्यबाट नै उपाधि प्राप्त गर्दछन् । यज्ञप्रसाद आचार्यको जीवनी व्यक्तित्व कृतित्त्वको अध्ययन विश्लेषण काम विद्धानहरूले गरिसकेका छन् । कथातत्त्वका आधारमा **'मुक्तात्मा'** कथासङ्ग्रहको अध्ययन भइसकेको छ । **'फ्यूजनको जगमा शिलान्यास'** कथासङ्ग्रहको कुनै अध्ययन भएको छैन । त्यसैले कथासङ्ग्रहको शोधकार्यले विद्यातत्त्वका सिद्धान्तका आधारमा कथाको अध्ययन गर्न चाहने जोसुकैलाई पनि सहयोग पुऱ्याउँछ ।

### १.६ शोधकार्यको क्षेत्र र सीमाः

प्रस्तावित शोधको अध्ययन साहित्यकार यज्ञप्रसाद आचार्यको **'फ्यूजनको जगमा शिलान्यास'** कथासङ्ग्रहको विधागत अध्ययन गर्नमा मात्र सिमित हुन यस शोध कार्यको सीमा रहेको छ ।

### १.७ सामग्री सङ्कलनविधिः

**'फ्यूजनको जगमा शिलान्यास'** कथासङ्ग्रहको विधातत्त्वको सैद्धान्तिक आधार अध्ययनका क्रममा प्राप्त गरिने सामग्रीलाई शोधकार्य गर्दा साहित्यकार यज्ञप्रसाद आचार्यको कृतिहरूको अध्ययन र सामग्री सङ्कलन विधिको मुख्य माध्यम बनाउने तथा आवश्यकता अनुसार प्रश्नोत्तर विधिको पनि प्रयोग गरिएको छ ।

## १.८ शोधविधिः

विभिन्न विद्धानहरूबाट तयार गरिएका विधातत्त्वका सिद्धान्तलाई प्रमुख आधार बनाइएको छ । विवरणात्मक तथा विश्लेषणात्मक पद्धति समेत अपनाइ आचार्यको कथासङ्ग्रहका कथाहरूको विश्लेषण गर्ने प्रयास गरिएको छ ।

## १.९ शोधपत्रको रूपरेखा :

प्रस्तुत शोधपत्रको संरचनालाई व्यवस्थित रूपमा प्रस्तुत गर्नका लागि आवश्यतानुसार विभिन्न शीर्षक तथा उपशीर्षकहरूमा विभाजन गरी निम्न लिखित पाँच परिच्छेदमा विभाजन गरिएको छ ।

क) शोधपरिचय

ख) कथाको सैद्धान्तिक परिचय

ग) विधातत्त्वको आधारमा **'फ्यूजनाको जगमा शिलान्यास'** कथासङ्ग्रहको अध्ययन

घ) 'फ्यूजनको जगमा शिलान्यास' कथा सङ्ग्रहका कथाहरूको प्रवृत्तिको अध्ययन ।

ङ) उपसंहार तथा निष्कर्ष

उपयुक्त परिच्छेदमा मूल शीर्षकहरूलाई आवश्यकतानुसार विभिन्न उपशीर्षकहरूमा समेत विभाजन गरी शोधकार्यलाई अझ सु-संगठित र व्यवस्थित तुल्याइएको छ ।

# परिच्छेद दुई
# कथाको सैद्धान्तिक परिचय

## २.१ पृष्ठभूमी

संस्कृतको कथ् धातुमा अ प्रत्यय लागेर कथा शब्दको निर्माण भएको हो । कथालाई अङ्ग्रेजीमा स्टोरी र हिन्दीमा कहानी भनिन्छ । सामान्य प्रयोगमा बितेका कथाको कथनलाई कथा भनिन्छ । साहित्यका विभिन्न विधामध्ये कथा साहित्यको एउटा अलग्गै विधाको रूपमा स्थापित छ । यो पश्चिम साहित्यबाट विकसित भएको विधा हो । अङ्ग्रेजीमा यसलाई Short story को नेपाली भावार्थका रूपमा कथा शब्दको प्रचलन छ । जनमानसका सुख दु:ख हर्ष र विष्मातका कुरा सुन्ने र सुनाउने परम्पराबाट लोक कथाको जन्म भएको हो । आजको कथा लोक कथाकै उत्तराधिकारी विधा हो । यसर्थ कथाको प्रारम्भ भाषिक अभिव्यक्तिको विकाससँगै भएको हो । लेख्य स्तरमा कथाको इतिहास वाङ्मयको इतिहाससँगै जोडिन पुग्छ । लेख्य परम्परा सुरु भएपछि मानिसले विगतका घटनाहरू लेख्न थाले र विस्तारै कथा धर्मी (कथाजस्तै) रचना पनि लेखे । इसापुर्व २००० तिर इजिप्टका आदेशमूलक कथात्मक रचना प्रचलनमा रहेको पाइन्छ । संस्कृतमा प्रचलित पञ्चतन्त्रका बोकासिया (१३१३-१३७५) का १०० वटा किस्साहरूको संकलित कृति डेका मेरालाई आधुनिक कथाको पृष्ठभूमिको रूपमा लिइन्छ । इटाली भाषामा यस्ता किस्साहरूलाई ( Novel) भनिन्थ्यो । त्यही शब्दबाट विकसित भएर अङ्ग्रेजीको Novel बनेको हो । नाभेल शब्दले आधुनिक उपन्यासलाई जनाउँछ । छोटो किस्साको मूर्त विधा उपन्यास नभएर कथा हो ।

सभ्यताको विकाससँगै वर्तमान सन्दर्भमा कथा भन्नाले आधुनिक कथा भन्ने बुझिन्छ । यस प्रकारको कथाको प्रारम्भ इश्वीको १९ औं शताब्दीमा **एड्गर एलेन पोले** गरेका हुन् । “कुनै आख्यानात्मक संरचनाका माध्यमबाट भाव संप्रेषण गर्ने वा भावलाई आख्यानीकरण गरी प्रस्तुत गर्ने कलाको विकाससँगै अलिखित र लिखित स्तरमा कथा विधाले कुनै न कुनै रूपमा आकार ग्रहण गर्दै आएको छ । युगीन परिवर्तनसँगै यसको संरचनामा परिवर्तन हुँदै आएको छ” (गौतम, २०५४:१) । वास्तवमा कथा जीवन जगत्को आन्तरिक र बाह्य पक्षको कलात्मक अभिव्यक्ति हो । घटना वस्तु, परिवेश, द्वन्द्व प्रस्तुति आख्यानात्मक गद्य रूप नै कथा हो । कथाले यथार्थको नजिक पुऱ्याई सत्यपनको बोधद्वारा मनोरञ्जन प्रदान गर्दछ ।

पूर्वीय साहित्यमा कथा शब्दको प्रयोग प्राचीनकाल देखि नै भएको हो । शतपथ ब्राम्हणमा आख्यान शब्दको स्पष्ट उल्लेख भएको पाउन सकिन्छ । (पतान्जली महाभाष्य) महाभारत रामायण पुराण जैन साहित्यमा समेत आख्यान उपाख्यान शब्दको निर्माण भएको छ । कात्यानले कार्तिकग्रन्थमा आख्यान र आख्यायिका जस्ता शब्दको प्रयोग गरेका छन् । पूर्वमा यसको इतिहास लामो छ । वेदमा संक्षिप्त कथा सुत्रहरू मनग्गै पाइन्छन् । वेदमा आयामका विस्तृतिलाई ओगटेका थुप्रै कथाहरू उपलब्ध छन् ।

पाश्चात्य साहित्यका पनि कथा सम्बन्धी ज्यादै लामो इतिहास पाइन्छ । पाश्चात्य जगतमा कथालाई स्टोरी भनिन्छ । ईशाका हजार वर्ष पूर्वतिर पाइएको होमरको इलियड र ओडिसी लगायत इशापूर्व तेस्रो र चौथो शताब्दीतिर सुकरात ग्लेटो र अरस्तुका संवाद सुक्ति र उपदेशहरू विचार र टिप्पणीहरू यस कालका उदाहरण हुन् । भर्जिलको एमिक दाँतेको डिभाइन कमेडिइने, डेक्का सटोन यस क्षेत्रका उल्लेखनीय ग्रन्थ हुन् ।

अन्तमा आधुनिक कथा विधाको स्थापनामा अभेरिकाका वासिङ्टन इर्भिङ र बेलायतका वाल्टर स्कर्ट, रुसका निकोलाई गोगल आदिका रचना महत्वपूर्ण मानिन्छ । गोगलको इभिनिङ्स अन अ फर्म नियर डिकान्टका (१८३१-१८३२) कृतिका रचनाबाट आधुनिक कथा विधाको प्रारम्भ भएको हो भन्ने कतिपयको मान्यता रहेको छ । सन् १८३० पछि आधुनिक कथा विधाका रचनाहरू आउन थालेका भए पनि यसलाई सैद्धान्तिकरण गर्ने काम भने सन् १८४२ मा भयो । अमेरेकी कथाकार एड्गर एलेन पोले नापनेल हर्स्थनको द ट्वाइस, सेल्ड टोइल्स (१८३७) कथासङ्ग्रहको समिक्षा गर्दै ग्राहम्स पत्रिकामा समिक्षा लेख छपाए । त्यसै लेख मार्फत कथा विधाको जन्म भएको उद्घोष गरे । साथै उनले कथाका परिभाषा र स्वरूपको पनि चर्चा गरे । यसरी आधुनिक कथाका जन्मदाता निकोलाई गोगल र एड्गर ऐलेन पोलाई मान्ने गरिएको छ । यसपछि कथा विधा संसारभर लोकप्रिय साहित्यिक विधाको रूपमा स्थापित भएको मानिन्छ ।

### २.१.१ कथाको परिभाषा

साहित्यका विभिन्न विधामध्ये कथा एक लोकप्रिय विधा हो । वैदिक युगदेखि कथाको परम्परा सुरुवाट भए पनि पूर्वीय साहित्यमा कथाको इतिहास निकै लामो छ । कथा विभिन्न समय र परिस्थिति अनुसार बदलिदै आएको पाइन्छ । विभिन्न साहित्यकार सहित विभिन्न व्यक्तित्वहरूको आ-आफ्नै धारणा रहेको पाउन सकिन्छ । (कथ् धातुमा + टाप आ) प्रत्यय

लागेर कथा शब्दको निर्माण भएको हो । कथाको अर्थ कथेर भन्नु वा भनिएको कहानी वा किस्सा नै कथा हो । कथाको परिभाषा गर्ने क्रममा विभिन्न विद्धानहरूको धारणाहरू प्रस्तुत गरिएको पाइन्छ ।

पूर्वीय साहित्यकार भामहका अनुसार सत्य घटनामा आधारित आख्यान कथा हो (२०५८ गौतम:४) । भन्दै सत्य र यथार्थ घटना मात्र कथा हुन सक्ने कुरा स्पष्ट पारेका छन् । पवित्र धार्मिक ग्रन्थ महाभारतका अनुसार सत्यम शिवम सुन्दरमलाई अभिव्यक्ति गर्ने आख्यान नै कथा हो (गौतम, २०५४:४) । भन्दै सत्य ज्ञान वुद्धि र विवेकले भरिएको आख्यान वा भनाइ कथा हो भनेका छन् । कौटिल्यको अनुसार" धर्म र अर्थ शास्त्रले इतिहासमा आधारित आख्यानात्मक रचना कथा हो ।"

पश्चिमी साहित्यकार एड्गर एलेन पोले कथाको परिभाषा यसरी दिएका छन् : "कथा भनेको एउटा यस्तो कथात्मक कृति हो, जुन छोटो हुनाले एक बसाइमा नै पढेर सिध्याउन सकिन्छ । पाटकमा एउटा प्रभाव जमाउनका निम्ति यो लेखिन्छ र यसरी प्रभाव जमाउन बाधा गर्ने सबै कुराहरू यसमा रहन दिइदैन । यो आफैमा पूर्ण हुन्छ" (श्रेष्ठ २०६०:७) ।

अर्का विद्धान एच जी वेल्सका अनुसार २० मिनेटमा पढि सकिने संक्षिप्त आख्यान नै कथा हो । (श्रेष्ठ, २०६०: ७) हट्सनका बिचारमा चरित्रको कुनै रूप जीवन अनुभूतिको एक पक्ष कुनै नाटकीय घटनाहरूको एक दृश्य, कुनै एक नैतिक समस्या जस्ता विषयको अभिव्यक्ति नै कथा हो (थापा, २०५०:३४) । जेम्स लिनका अनुसार कथा छोटो नाटकीय रूप हो यसमा पात्रको जीवनको घुम्तीको प्रतिनिधित्व हुन्छ । सेजविका अनुसार "कथा भनेको एक प्रकारको घोड दौड हो जसमा सुरु र अन्त्यको विशेष महत्व रहन्छ ।

हिन्दीका साहित्यकार प्रेमचन्द्रका अनुसार कथा एउटा यस्तो रचना हो जसमा जीवनको एक अङ्ग वा कुनै एउटा मनोभावनालाई प्रदर्शित गर्नु नै लेखकको उद्देश्य भएको यसको पात्र, शैली, कथा विन्यास सबैले त्यही एउटै भावको पुष्टि गर्दछन । उपन्यासमा झैँ यसमा मानवजीवनका सम्पूर्ण तथा वृहत रूप देखाउने प्रयास गरिदैन न त यसमा उपन्यासमा झैँ सबै रसहरूको समिश्रण रहेको हुन्छ तर यो एउटा यस्तो रमणीय बगैंचा होइन जसमा थरी थरीका फूलहरू बेलबुट्टा सजिएको हुन्छ तर यो एउटा गमाला हो जसमा

एउटै मात्र बोटको माधुर्य समुन्नत रूपमा देखा पर्दछ । भनी कथालाई सुन्दर बगैंचासँग तुलना गरेका छन् (गौतम, २०५४:४) ।

नेपाली साहित्यकार लक्ष्मीप्रसाद देवकोटाका अनुसार छोटो किस्सा एउटा सानो आँखीझ्याल हो जहाँबाट एउटा सानो संसार चियाइन्छ । थोरैमा मिठो र छरितो हुनु यसको बानी हो । यो पनि एउटा संसार हो महान् संसार (श्रेष्ठ, २०६०:८) ।

रत्नध्वज जोशीका अनुसार कथा गुलाफको फुलजस्तौ एउटा अत्यन्तै सुकुमार कला हो । यसको सुकुमारको रक्षाको लागि कथाकारले शीर्षकदेखि लिएर आखिरसम्म अत्यन्तै सतर्कतापूर्वक त्यसैमा संलग्न रहनुपर्दछ (शर्मा, २०६७:३५) ।

ईश्वर बरालका अनुसार एकोन्मुख प्रभाव उत्पन्न भरेर केवल एक उद्देश्यको प्राप्ति नै इष्टार्थ हुनाले कथा एक प्रमुख पात्रको जीवनको कुनै अङ्गको र त्यस जीवनसम्बन्धी कुनै एक मुख्य घटना वा भाव दशाको मात्र उद्घाटन गर्दछ (श्रेष्ठ, २०६०:७) ।

समग्रमा विभिन्न साहितियिक चिन्तकहरूले दिएको परिभाषाका आधारमा के निष्कर्षमा पुग्न सकिन्छ भने कथा एक वसाइमा परिसकिने विचार तथा भावना सञ्चरण गर्ने एउटा सानो कला हो जसले आफ्नो सानो आयतनलाई सुन्दर आकार प्रदान गरेर यसमा जीवन वा समाजको विविध पक्षको चित्र कोर्दछ ।

### २.१.२ कथाको तत्त्व

साहित्यको विविध विधामध्ये कथा एक लोकप्रिय विधा हो । कथाको जन्म सृष्टिको आरम्भदेखि नै भएको हो । त्यसैले आजको कथाको पूर्व रूप सृष्टि जत्तिकै पुरानो छ । कथा साहित्यको एकपूर्व स्वतन्त्र विधा मानिन्छ । आफैँमा स्वतन्त्र विधा भएकोले कथाको पनि आफ्नै छुट्टै विधान रहेको छ । जसरी एउटा मानव शरीर विभिन्न अङ्गहरूको समुच्यबाट बनेको हुन्छ । त्यसैगरी सवल र सार्थक कथा पनि निश्चित आङ्गिक समुच्यबाट बनेको हुन्छ । कथामा रहनुपर्ने अवयवलाई कथातत्त्व भनिन्छ ।

कथाको निर्माणमा विभिन्न तत्त्वहरूको संयोजन हुने गर्छ । त्यसैले कथा एक यौगिक रचना हो तर कथाका तत्त्वहरू यति नै छन भनेर किटान गर्न सजिलो छैन । यसका बारेमा प्रशस्त मतमातान्तर रहेको छन् । सर्वप्रथम कथाका तत्त्वहरू के के हुन भन्नेबारेमा विभिन्न

साहित्य शास्त्रीहरूले अभिव्यक्त गरेका धारणालाई प्रस्तुत गरिएको छ । यसलाई कथाका चरित्रचित्रण संवाद र कथोपकथन, देशकाल र परिस्थिति, भाषाशैली र उद्देश्यका रूपमा प्रस्तुत गरिएको छ (श्रेष्ठ, २०६०:-८) ।

देवी गौतमका बिचारमा कथाका तत्त्वहरूलाई कथानक, चरित्रचित्रण, कथन पद्धति, परिवेश, भाषाशैली, उद्देश्य, दृष्टिबिन्दु गरी वर्गीकरण गरेका छन् (गौतम, २०५४:५-१८) ।

ईश्वर बरालका अनुसार कथाका तत्त्वहरूलाई यस प्रकार वर्गीकरण गरेका छन् । कथानक, चरित्रको क्रियाकलाप संघर्ष परिवेश, कौतहल हुन् (बराल, २०५३:४३-७२) ।

हरिप्रसाद शर्माका अनुसार कथाका तत्त्वहरूलाई यसरी वर्गीकरण गरेका छन् । कथानक, शीर्षक, चरित्र वा पात्र परिवेश, विषयवस्तु, भाषशैली, उद्देश्य, दृष्टिबिन्दु हुन् ( शर्मा, २०६७:७) ।

यसका अतिरिक्त कथाका तत्त्वहरूलाई विभिन्न विद्धानहरूले भिन्न भिन्न किसिमले देखाउने प्रयास गरेका छन् । विद्धानहरूको तत्त्वगत विभाजनमा एकरूपता देखिदैन । यी विभिन्न विद्धानहरूको कथाको तत्त्व विभाजनलाई अध्ययन र विश्लेषणको सहजताका निम्ति कथाका तत्त्वहरूलाई कथानक, चरित्रचित्रण, परिवेश, उद्देश्य, दृष्टिबिन्दु, शीर्षक, भाषाशैली, गरी वर्गीकरण गरिएको छ । ती निम्नानुसार रहेका छन् ।

### २.१.२.१ शीर्षक

शीर्षक कथाको शिरमा रहने भाग हो । शीर्षक झ्वाट्ट हेर्दा आकर्षक खालको हुनु पर्दछ । शीर्षकको छनौट कथाको आन्तरिक तथा बाह्य तत्त्वहरूको प्रतिनिधित्त्व हुने गरी गर्नुपर्दछ । शीर्षकबाट नै कथाको भावभूमि झल्किएको हुन्छ । शीर्षक अभिधात्मक, प्रतीकात्मक र अन्योतिमूलक रूपमा शीर्षकको चयन गर्न सकिन्छ ।

### २.१.२.२ कथानक


कथामा प्रस्तुत भएका घटना वा विषयवस्तुको कलात्मक प्रस्तुति नै कथानक हो । वास्तवमा कथावस्तु भन्नु नै स्वयम् कथाकारको बिचार र धारणा वा अनुभूतिको मूर्त अभिव्यक्ति वा प्रस्तुति हो श्रेष्ठ, २०५०:९) । कथामा स्पष्ट रूपमा देखिने महत्वपूर्ण तत्त्वका रूपमा कथावस्तुलाई लिइन्छ । कथावस्तुमा घटनाको विविधता भएता पनि कार्यकरण

सम्बन्धका आधारमा प्रस्तुति हुने हुँदा क्रमबद्ध ढाँचामा उनिएको पाइन्छ । यसका निर्माणमा लेखकको विचार, उद्देश्य र युगबोधले महत्वपूर्ण भूमिका खेल्दछ । कथावस्तुले पाठकलाई जिज्ञासा उत्कण्ठा तथा कौतुहल जन्माउन सक्नुपर्दछ । पाठकको मनोभावनालाई बुझाउन सक्ने प्रभावकारी ढङ्गमा पाठकलाई आफूतिर तान्न सक्ने क्षमता कथावस्तुमा रहेको छ । घात प्रतिघात, आरोह, अवरोह वाद संवादका क्षमता कथावस्तुमा रहेको हुन्छ । घात प्रतिघात, आरोह अवराह, वाद संवादका क्रममा उपस्थित प्रतिक्रियालाई निर्दिष्ट उद्देश्यमा पुऱ्याउने आशयले कथामा कथावस्तुको रूपमा चित्रित हुन पुग्दछ । कथाकारले विषयवस्तु वा सन्दर्भको प्रस्तुतिको निम्ति आवश्यक सामाग्रीको विभिन्न स्रोतबाट लिएका हुन्छन् । "मोटामोटी रूपमा कथाका सामाग्रीहरूको स्रोत इतिहास, यथार्थ, रागभाव स्वरैकल्पना मानिएको छ (गौतम) २०५४:९) । आदि मध्य र अन्त्यको श्रृङ्खला मिलेका कथानकलाई रैखिक र आदि मध्य र अन्यको क्रमिक विन्यास नभएर विचलन भएको कथानकलाई वृत्ताकारीय कथानक ढाँचा भनिन्छ ।

### २.१.२.३ चरित्र

कथामा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा आएका विभिन्न व्यक्तिहरू नै कथाका पात्र वा चरित्र हुन् (गौतम, २०५४:१०) । चरित्रलाई कथाका प्राणतत्त्व मान्ने गरिन्छ । कथाको गतिलाई अगाडि बढाउने कुतुहलता सृजना गर्ने पाठक र भावकलाई उत्साहित तथा भावुक बनाउने व्यक्ति पनि पात्र नै हो । पात्रका आ-आफ्नै विशेषता र प्रवृति हुन्छन् । कथालाई सजीव बनाएर कथानकलाई गति कम पात्रले गरेको हुन्छ । "कथामा पात्र वा चरित्रलाई कथावस्तु परिवेश, भाषाशैली आदि जस्तो सामान्य तत्त्व नमानी कथाको प्राण मान्ने पनि गरिन्छ" (गौतम, २०५४:१०) । कतिपय कथामा मानवीय वा मानवेतर पात्रको प्रयोग गरिएको हुन्छ । पात्रकै माध्यमबाट समाज संस्कृति, रीतिरिवाज आदिको चित्रण गरिएको हुन्छ । पात्रलाई स्वभाव लिङ्ग, कार्य प्रवृत्ति सामाजिक सम्बन्ध आसन्नता तथा आवद्धताका आधारमा वर्गीकरण गर्ने गरिन्छ ।


## तालिका १


पात्रको वर्गीकरण
आवद्धताका आधारमा
स्वभावका आधारमा
लिङ्गका आधारमा
कार्यका आधारमा
प्रवृत्तिका आधारमा
समाजिक सम्बन्धका आधारमा
असन्नताका आधारमा
बद्ध
मुक्त
स्थिर
गतिशील
पुलिङ्ग
स्त्रीलिङ्ग
अनुकूल
प्रतिकूल
मञ्चीय
नेपथ्यीय
प्रमुख
सहायक
गौण
उच्च
मध्यम
निम्न

कथाको सुरुदेखि अन्तिमसम्म प्रमुख भूमिका निर्वाह गर्ने प्रमुख पात्र हो भने प्रमुख पात्रलाई सहयोग गर्ने आउने अन्य पात्रहरू सहायक पात्र हुन् । कथामा खासै भूमिका नभएका कथाबाट झिकिदिए पनि फरक नपर्ने पात्र गौण पात्र हुन् । पात्रको स्वभाव, आचरण वा कार्य व्यापारमा कुनै परिवर्तन नआई कथाको प्रारम्भदेखि अन्त्यसम्म उस्तै रहने पात्र स्थिर पात्र हो पात्रको आचरण स्वभाव वा कार्य व्यापारमा परिस्थिति अनुसार परिवर्तन आउने गतिशील पात्र हो । आर्थिक रूपले उच्च वर्गीय आर्थिक रूपले मध्यम अवस्था भएको पात्र मध्यम र निम्न आर्थिक अवस्था भएका पात्र निम्नवर्गीय चरित्र हो ।

### २.१.२.४ दृष्टिबिन्दु

कथामा कथाकारले आफ्नो मुख्य भनाई वा उद्देश्य कुन पात्रको माध्यमबाट कथाकारले आफ्नो धारणा वा अनुभूतिलाई पाठकवर्ग समक्ष पुऱ्याउँछ त्यसलाई दृष्टिबिन्दु भनिन्छ । दृष्टिबिन्दुले कथाको उचाई श्रेष्ठता वा उत्कृष्टताको मापन गर्दछ । कथामा दृष्टिबिन्दु भन्नाले कथयिताले सुनाउनका लागि उभिन वा बस्न खोजेको ठाउँ भनिन्छ । कल्पना गरेको पात्रलाई कुन स्थानमा राखेर कथावस्तुलाई ठोस आकार दिने भन्ने कथाकारको विचारअनुरूप कथामा दृष्टिबिन्दुको प्रयोग गर्ने भन्ने कुरा हुन्छ । दृष्टिबिन्दुको प्रयोगले कथामा प्रयुक्त कार्यव्यापार, चरित्रचित्रण, सारवस्तु आदिमा सजीवता ल्याउँछ । ( ज्ञवाली, २०६१:२७) आन्तरिक र वाह्य गरी दृष्टिबिन्दु दुई प्रकारको हुन्छ ।



### २.१.२.४.१ आन्तरिक दृष्टिबिन्दु

यसलाई प्रथम पुरुष दृष्टिबिन्दु पनि भनिन्छ । आन्तरिक दृष्टिबिन्दुमा भनिएका कुराहरू आत्मकथा जस्तै गरी आएका हुन्छन् । कथयिताले जुनसुकै कुरा म का रूपमा व्यक्त गर्दछन् । यस दृष्टिबिन्दु अन्तर्गत केन्द्रीय र परिधीय पर्दछन् । केन्द्रीय दृष्टिबिन्दुमा स्वयम् कथाकार वा अरू कुनै पात्र म पात्रका मात्र रही कथा प्रस्तुत हुन्छ । यस कथामा कथित मुख्य पात्रको आन्तरिक स्थितिको सुक्ष्मताका साथ प्रस्तुत हुन्छ । परिधीय दृष्टिबिन्दुमा चाहिँ म पात्र त रहन्छ तर कथामा त्यसको स्थान कि त गौण रहन्छ कि त ततस्थ । यस्तो दृष्टिबिन्दुबाट लेखिएको कथामा मुख्य कथाको केन्द्र अर्कै पात्र बनेको हुन्छ र म पात्रले त्यही पात्रलाई प्रस्तुत गर्ने माध्यम भएर भूमिका खेल्दछ ।

### २.१.२.४.२ बाह्य दृष्टिबिन्दु

कुनै कथामा दृष्टिबिन्दु पात्र तृतीय पुरुषमा रहँदा बाह्य दृष्टिबिन्दु हुन्छ । कथयिता घटना स्थलभन्दा बाहिर बसेर अरू कसैको बारेमा टिप्पणी गर्दछ र सम्पूर्ण घटनाहरूको ज्ञाता रहेका हुन्छन् । बाह्य दृष्टिबिन्दुलाई सर्वदर्शी, सिमित, वस्तुपरक भनी वर्गीकरण गरिएको छ । सीमित दृष्टिबिन्दुमा एउटा पात्रको मात्र मानसिक संसारको विचरण गरिएको हुन्छ । बाह्य सर्वदर्शी दृष्टिबिन्दुमा सबै पात्रहरूको भावना विचार र प्रतिक्रिया समाविष्ट भएको हुन्छन् । बाह्य वस्तुपरक दृष्टिबिन्दुमा कुनै पात्रको पनि मानसिक संसारको विचरण नगरी कथाको सार वस्तुलाई स्पष्ट पार्न खोजिएको हुन्छ (ज्ञवाली, २०६१:२८) ।

### २.१.२.५ उद्देश्य

जुन प्रयोजनको लागि कथा लेखिएको हुन्छ । त्यस प्रयोजनलाई उद्देश्य भनिन्छ । कथाको मुख्य उद्देश्य शिक्षा दिनु, आनन्द दिनु, मनोरञ्जन दिनु, यथार्थ प्रकट गर्नु आदि हुन् । वर्तमान कथाहरूको मुख्य उद्देश्य जीवनको कुनै पक्ष विशेषको यर्थाथको चित्रण गर्नु हो । उद्देश्यविना कथा लेखिदैन । तर उद्देश्यलाई कथामा प्रत्यक्ष रूपमा अभिव्यक्त गर्नु हुँदैन । प्रत्यक्ष रूपमा प्रस्तुत गर्दा कलात्मक मूल्यको क्षति हुन्छ । "जीवनको विशिष्ट क्षण वा अवस्थार्को विशिष्ट कार्यव्यापारको चित्रण नै आजका कथाका उद्देश्य रहेको हुन्छ । नीतिचेतना, सुधारवादी भावना, यथार्थबोध मनमा विभिन्न कृतिहरूको वर्णन, सौन्दर्यात्मक प्रभाव आनन्द आदि यस कथाका उद्देश्य हुन सक्दछ" (गौतम, २०५४:१६) ।

### २.१.२.६ परिवेश

सामाजिक कथाहरूमा ग्रामिण तथा शहरीया परिवेशमा वर्णन गरिएको हुन्छ भने मनोवैज्ञानिक कथामा मूलतः आन्तरिक परिवेशको वर्णन पाइन्छ । कथामा पात्रहरूले कार्य गर्ने र घटनाहरू घट्ने समय ठाउँ तथा वातावरणलाई परिवेश भनिन्छ । यस अन्तर्गत समय विशेष स्थान विशेषको चालचलन रीतिस्थिति आचार, व्यवहार, भेषभूषा, सोचाई, अनुभव रहनसहन आदि पर्दछन् । "परिवेश कथाको स्थूल तत्त्व हो । कथामा घटनाहरूसँगै ती घटनाहरू कुन समयमा कुन ठाउँमा घटेका हुन, र त्यस ठाउँको वरिपरिको भौगोलिक परिस्थिति के कस्तो थियो वा छ भन्ने कुराको उपास्थापन कथाकारले समख्यानात्मक विधिको प्रयोग गरी सोझै पनि गर्न सक्छ वा दृश्यात्मक विधिबाट पनि प्रयोग गरी पात्रहरूका माध्यमबाट पनि गर्न सक्छ" (गौतम २०५४:१४) ।

### २.१.२.७ भाषाशैली

कथाको संरचनामा भाषाशैली अत्यन्त महत्वपूर्ण देखिन्छ । भाषा मानवीय विचार भावको सम्प्रेषण गर्ने महत्वपूर्ण साधन हो । शब्द, पदावली, वाक्य, ढाँचाको समष्टि प्रयोगलाई भाषाशैली भनिन्छ । प्रयोक्ताको स्तर अनुरूप भाषामा विभेद पाइन्छ । भाषाको माध्यमबाट भाव वा विचार प्रस्तुत गर्ने ढङ्ग वा विधिलाई शैली भनिन्छ । (पौड्याल, २०६१:१२) विचार, भाव अनुसार नै भाषाशैली प्रयोग गरिन्छ । मानौ व्यक्ति भाषा हो भने व्यक्तित्व शैली हो । विद्वानको भाषा शोधकर्ताको भाषा र सामान्य व्यक्तिको भाषामा स्पष्ट अन्तर पाइन्छ । कथा गद्य विधा भएकोले सामान्य बोलचालको भाषा वाञ्छनीय देखिन्छ । पात्रले प्रयोग गर्ने भाषाको प्रवृत्ति उसको परिस्थिति अनुसार सम्प्रेषणीय हुनुपर्दछ । कथामा सामान्यत दुई प्रकारको भाषा प्रयोग गरिन्छ । जसमा तत्सम प्रधान र साधारण बोलचालको भाषा अलङकृत हुने हुँदा उपयोग गरिन्छ ।

### २.१.३ कथाको वर्गीकरण

कथाको वर्गीकरण गर्ने आधारहरू विभिन्न हुन्छन् । कथालाई विषयवस्तुका आधारमा स्वर र प्रवृत्तिका आधारमा दुष्टिबिन्दु र प्रभावका आधारमा वर्गीकरण गर्न सकिन्छ । विषय वस्तुगत वर्गीकरणमा कथालाई ऐतिहासिक, साँस्कृतिक, सामाजिक, आर्दशपरक, समस्याप्रधान नीतिवादी मनोवैज्ञानिक राजनीतिक रहस्यवादी, लोककथात्मक आदि भेदमा

वर्गीकरण गर्न सकिन्छ (गौतम, २०५४:४) । दयाराम श्रेष्ठका अनुसार कथालाई रुचिक्षेत्र र रीति क्षेत्रका आधारमा वर्गीकरण गरिएको छ । रुचिक्षेत्रका आधारमा कथाको वर्गीकरण सामाजिक मनोवैज्ञानिक, प्रगतिवादी, अस्तित्ववादी कथा रहेका छन भने रीतिक्षेत्रको आधारमा कथाको वर्गीकरण यथार्थवादी, स्वच्छन्दतावादी, घटनाप्रधान, विचारप्रधान, प्रयोगवादी रहेको छ (श्रेष्ठ, २०५७:१६) ।

विषयवस्तुका आधारमा कथाको वर्गीकरण ऐतिहासिक, साँस्कृतिक, सामाजिक, आर्दशपरक, समस्याप्रधान, नीतिवादी, मनोवैज्ञानिक, राजनीतिक रहेका छन् (गौतम, २०५४:४) । स्वर र प्रवृत्ति आधारमा कथाको वर्गीकरण यथार्थवादी, प्रगतिवादी, अतियथार्थवादी, स्वच्छन्दतावादी, अस्तित्ववादी, अतिययार्थवादी, स्वच्छन्दतावादी रहेका छन् (गौतम, २०५४:५) । कथालाई घटनाप्रधान चरित्रप्रधान आञ्चलिकताका आधारमा पनि वर्गीकरण गर्न सकिन्छ ।

एउटै कथाकारका विचार र प्रस्तुतिको सूक्ष्मतम भिन्नताले गर्दा विविध प्रकारमा वर्गीकृत गर्न सकिन्छ । अहिलेको असीम कथा रासिलाई खास वर्गभित्र सिमित गर्न खोज्नु असम्भव प्रायः देखिन्छ । यस किसिमको प्रयास गर्न खोज्नु सजिलो पनि छैन तापनि अनेक आधुनिक चिन्तकहरूले कथाको वर्गीकरण गर्ने प्रयास गरेका छन् । यिनका प्रयासहरू गतिशील रहेका छन् । त्यसैले विभिन्न साहित्यिक चिन्तकहरूले कथाको वर्गीकरणमा एकरूपता पाउन सकिरहेका छैनन् ।

कथालाई विभिन्न विद्वानहरूले गरेको वर्गीकरणलाई ध्यानमा राखेर कथाको वर्गीकरण यसरी गरिएको छ । रुचि क्षेत्रको आधारमा कथाको वर्गीकरण यस प्रकार छन् ।

**अ) सामाजिक कथाः**

सामाजिक कथामा समाजमा भएका मूल्य मान्यातालाई प्रस्तुत गरिन्छ । यसरी समाजमा भएमा मूल्य मान्यतालाई प्रस्तुत गर्ने क्रममा कथाकारले सामाजिक खराबी वा विकृतिहरूको समस्यागत दुष्परिणामहरूको आलोचना गर्ने काम गर्दछ । कथाकारले समाजको पर्यवेक्षण गरेर त्यहाँ देखिएका कमी कमजोरीहरूको उल्लेख गर्नुको साथै मार्गदर्शन गर्ने कामहरू पनि गरिरहेका हुन्छन् । यस क्रममा कथाकार यथार्थवादी पनि बन्न सक्छ । अथवा आदर्शवादी पनि बन्न सक्छ । यी दुवैको मिश्रण पनि गर्न सकिन्छ ।

यसकारण सामाजिक कथाहरूमा समाजका आर्थिक, साँस्कृतिक, राजनीतिक, भौगोलिक, परिवेशको वस्तुपरक विषय हुन्छ । सामाजिक कथाहरूमा विषयवस्तुको खोजमा इतिहास वा पुराणहरूमा समेत पुग्न सक्ने त हैन तर पनि सामान्यतया वर्तमान प्रति यस्ता कथाहरूको दृष्टि भएको हुन्छ । यस दृष्टिले समाजको प्रतिविम्व झल्कने कथालाई सामाजिक कथा भनिन्छ (श्रेष्ठ, २०५७:१४) ।

**आ) मनोवैज्ञानिक कथा:**

मनोवैज्ञानिक कथामा पात्रको मनको अध्ययन तथा विश्लेषण गरिएको हुन्छ । मनोवैज्ञानिक कथाहरू फ्रायड एडलर र युङ्गजस्ता मनोविश्लेषकहरूको मनोविश्लेषणात्मक सिद्धान्तबाट प्रभावित हुन्छन् । उनीहरूको कथामा पात्रको मनोलोकको यथार्थलाई उद्घाटन गरिएको हुन्छ । मनोवैज्ञानिक यथार्थवादी कथाले अचेतन मनको केन्द्रीयतामा यौन मनोवैज्ञानिक विन्दु, मानवीय आचरण, कुण्ठा र असन्तोष आदिलाई अवलोकन गर्दछन् । सामान्यतया एक अंशमा मात्र देखिने बाहिरी जीवन यस परम्पराको कथाको कठिन विषय हो । यसले भित्र लुकेर रहने मानव जीवनको अरू नै अंश विश्लेषण गर्छ र उसमा प्राकृतिक, सामाजिक, अचेतन र चेतना तथा इद अहंवृतिका मूल्य र मान्यताबीच द्वन्द्व प्रस्तुत गरी व्यक्तिलाई बुझ्ने र उसका मनोवैज्ञानिक रहस्यको उद्घाटन गर्ने प्रयत्न गर्दछ (शर्मा, २०५९:८९) । यस अन्तर्गत बालमनोविज्ञान, अपराध मनोविज्ञानसँग सम्बन्धित कथाहरू पर्दछन् ।

**इ) प्रगतिवादी कथा:**

सामाजिक आर्थिक असमानताका कारण व्याप्त शोषणलाई उन्मुलन गर्ने उद्देश्य प्रगतिवादी कथाकारको हुन्छ । यस्ता कथाहरूमा समाजमा भएका समान्ती मनोवृत्तिको घोर विरोध गरिएको हुन्छ र शोषणमा आधारित समाज व्यवस्थालाई आमूल नष्ट गर्ने उद्देश्य लिएको हुन्छ । द्वन्द्वात्मक भौतिकवादका आधारमा समाजमा विद्यमान अन्तर्द्वन्द्वप्रति आफ्नो ध्यान आकृष्ट गरेर प्रगतिवादी कथाकारहरूले वर्गद्वन्द्व रहित आदर्श समाजको कल्पना गरेका हुन्छन् (श्रेष्ठ, २०५७:१५) ।

**ई) अस्तित्ववादी कथाः**

यस्ता कथामा वर्तमान मानव जीवनका निस्सारताबारे चित्रण गरिएको हुन्छ । जीवनमा विसङ्गत वा स्वतन्त्रताको वकालत गर्ने र आफ्नो निर्णयको परिणाम आफै भोग्न तत्पर हुने पात्रको बाध्यता, जिजीविषा र पराजित अवस्था यस्ता कथामा पाइन्छ ।विसङ्गतिले भरिएको संसारमा अनवरत संघर्ष गरी अस्तित्त्वको खोजी गर्नु र अन्त्यमा त्यसका निस्सारता प्रमाणित हुने विडम्बना यसले स्पष्ट पार्दछ । परम्परागत नैतिकता, आर्दश, सिद्धान्त, व्यवस्था आवश्यक ठान्ने र एक्लोपन, मृत्यु अर्थहीनतामा रमाउने प्रवृत्ति यसमा रहन्छ" (बराल, २०६७:३) ।

**२.१.४ रीतिक्षेत्रका आधारमा कथाको वर्गीकरण**

**अ) यथार्थवादी कथा**

यस्ता कथाहरूमा आर्दशता र भावुकताका सट्टा वस्तुपरक दृष्टिलाई स्वीकार गरिएको हुन्छ । कथावस्तु र पात्रहरूलाई सामाजिक सत्यसँगै राखेर वस्तु तथ्याङ्कका आधारमा देखिएका कथा नै यथार्थवादी कथा हुन् । यथार्थवादी कथामा समाजमा घट्ने घट्न सक्ने यथार्थ घटनालाई विषयवस्तु बनाइएको हुन्छ ।

**आ) स्वच्छन्दतावादी कथाः**

स्वच्छन्दतावादी कथा यथार्थवादी कथाको ठीक विपरीत कथा हो । यस्ता कथाहरूमा आदर्शवाद, भावुकता र आत्मपरक सौन्दर्य भावलाई महत्व दिएर विषयवस्तु बनाइएको हुन्छ । कल्पना र सपनाको संसारमा लेखकलाई लट्ठ बनाउँदै भावुकतापूर्ण अभिव्यक्ति स्वच्छन्दतावादी कथामा उल्लेख गरिएको हुन्छ ।

**इ) घटनाप्रधान कथाः**

कथाको प्रत्येक संरचनात्मक एकाइमा द्वन्द्व तथा क्रियाव्यापार अथवा पात्र र घटनाको अन्योन्य क्रिया भई घटनाको क्रमिक विकास चरमोत्कर्षतिर हुन प्रक्रिया रहने भएकोले कुनै कुनै कथामा घटनाको उतरोत्तर श्रृङ्खला हुने गर्दछ । यस्ता कथामा घटनाअनुसार पात्रको चयन हुने हुनाले चरित्रभन्दा कथानक प्रवल हुन्छ ।

**ई) चरित्रप्रधान कथाः**

चरित्रप्रधान कथाले पात्रको चरित्रलाई उद्‌घाटन गरेका छन् । यसमा नाटकीकरण गरेर पात्रको स्वभाव, रुचि, जीवनपद्धति, सोचाई आदि चित्रण गरिएको हुन्छ । मनोवैज्ञानिक कथा प्रायः चरित्रप्रधान कथा हुने गर्दछ ।

**उ) विचारप्रधानः**

यस्ता कथामा कथाकारको चिन्तन बौद्धिकताले स्थान पाएको छ । कथाकारले सम्पूर्ण जीवन जगत्‌लाई आलोचनात्मक दृष्टिले हेरेको हुन्छ । कथाकारले भावुकतालाई भन्दा चिन्तनलाई महत्त्व दिइएको हुन्छ ।

**ऊ) प्रयोगवादी कथाः**

परम्परागत लेखनको पूरै विपरीत नयाँ रूपाकृतिमा शिल्पगत चमत्कार प्रदर्शन गर्ने उद्देश्यले लेखिएको कथा प्रयोगवादी कहलिन्छ । यस्तो कथामा संवादै संवादको बाहुल्य पनि हुन सक्तछ । पद्यांशमिश्रित गद्यभाषा पनि हुन सक्तछ । अमूर्त अभिव्यक्तिको आग्रह पनि हुन सक्तछ । जे होस् यहाँ शैलीसिल्पको प्रयोग हुन्छ । नयाँ मान्यता प्रति आग्रह पनि हुन सक्दछ, जे होस यहाँ शैली शिल्पको प्रयोग हुन्छ । नयाँ मान्यताप्रति आग्रह राख्दै दृश्यात्मक प्रभावको आशा राखेर विसङ्गतिपूर्ण शैलीप्रति रुचि राख्नु प्रयोगवादी कथाको उद्देश्य हो । (श्रेष्ठ, २०५४:१६) यस धाराले गरिब वर्गको दयनीय जीवनको चित्रण गरेका छन् । गरिबका दुर्नियतलाई भौतिकवादी दर्शनका आधारमा हुने गरिन्छ । गरिबको यो समस्या पूँजीवादी समाज व्यवस्थामा आर्थिक असन्तुलनबाट भएको मानिन्छ । भोका नाङ्गा, किसान भरिया, कुल्ली ढाक्रेले आर्थिक रूपमा कमजोर भएतापनि तीनीहरूको साङ्गठनिक शक्तिमा पूरा विश्वास राख्ने गरिन्छ ।

### २.१.५ निष्कर्ष

कथाको उत्पति र अर्थ परिभाषा, तत्त्वहरू र वर्गीकरण गरी यिनका विभिन्न पक्षको उजागर गर्ने कार्य यस अध्यायको प्रथम खण्डमा गरिएको छ । अर्थको सम्बन्धमा विभिन्न विश्लेषक, चिन्तक, विज्ञ आदिमा सामान्य मतभेद भए पनि परिभाषाका सम्बन्धमा भने अझ मनमतान्तर रहेको छ । कसैले कथालाई २० मिनेटमा पढि सकिने संक्षिप्त

आख्यानलाई कथा मानेका छन भने कसैले कथालाई एक प्रकारको घोड दौडका रूपमा मानेका छन् । कसैले छोटो किस्सा, सानो आँखिझ्याल जहाँबाट एउटा सानो संसार चियाइन्छ । थोरैमा मिठो छरितो हुनु यसको बानी हो भनी कथाको परिभाषालाई महत्व झल्काएका छन् । रुचि क्षेत्र र रीतिक्षेत्रका आधारमा, विषयवस्तुका आधारमा, स्वर र प्रवृत्तिका आधारमा कथाको वर्गीकरण गरी त्यसको थप उपरूपको बारेमा चर्चा पनि गरिएको छ ।

## २.२ नेपाली कथाको ऐतिहासिक विकासक्रम

### २.२.१ पृष्ठभूमि

आख्यानविधा अन्तर्गतको एक विशिष्ट विधाको रूपमा मानिने कथाको सुरुवात नेपाली भाषाको लेखन कार्यको थालनी भएको निकै पछि मात्र भएको हो तापनि कथा विधाको पृष्ठभूमिका रूपमा आख्यानको प्रयोग भने नेपाली साहित्यको लेखन सँगसँगै भएको पाइन्छ । (गौतम, २०५४:१९) नेपाली कथाको पृष्ठभूमि खोज्दै जाँदा बौद्धिक युगपछि पौराणिक युगमा पनि आफ्नो मनको कुरा भाषाका माध्यमबाट अभिव्यक्त गर्न थालेपछि लोककथा भन्ने र सुन्ने परम्परा स्थापित भएको पाइन्छ । शाहवंशको आगमनसँगै लामालामा आख्यानहरू देखा पर्दछन् । ती लामा आख्यानहरू मध्ये प्रथम त १८२७ मा शक्तिवल्लभ अर्यालको महाभारत विराट पर्व देखा पर्दछ । यो नेपालीमा लेखिएको र यसपछि नेपाली कथाको लामो श्रृङ्खला रहेको पाइन्छ । नेपाली कथा साहित्यको इतिहास १८२७ देखि प्रारम्भ हुन्छ भने त्यसमा आधुनिकताको वरण १९९१ पछि भएको र यस अवधिमै नेपाली कथाले प्रशस्त विकासमा सोपानहरू पार गरिसकेको छ । (शर्मा, २०५९:१३४) यही नेपाली साहित्यको श्रृङ्खलालाई विभिन्न काल र चरणमा विभाजन गरी अध्ययन गरिएको पाइन्छ ।

### २.२.२ नेपाली कथाको विकास प्रक्रिया

#### अ) प्राथमिक काल (१८२७-१४५०)

प्रारम्भदेखि १९५७ सम्ममा प्रकाशित आख्यानात्मक कृतिहरू प्राथमिक कालभित्र पर्छन । शक्तिबल्लभ अर्यालद्वारा लिखित विराटपर्व (वि.सं. १८२७) नै प्रथम आख्यानात्मक कृति हो । (गौतम, २०५४:१९) प्राथमिक काल मूल रूपमा संस्कृत आख्यानात्मक परम्पराको अनुगमन रहेको पाइन्छ । त्यस कालखण्डमा संस्कृत आख्यानात्मक परम्पराको अनुगमन

रहेको पाइन्छ । त्यस कालखण्डमा संकृत अनुवादित आख्यानको बाहुल्य पाइन्छ । जसमा विधागत सचेतता पाइन्छ । त्यस अभियान शिक्षा एवं संस्कृतिको आधार स्रोत भनेको संस्कृत रहेकोले संस्कृतको प्रभावलाई स्वभाविक नै मान्न सकिन्छ । महाभारत विराटपर्वदेखि गौरखापत्रको प्रकाशन अवधि प्राथमिक कालको कालखण्ड हो । यस अवधिका आख्यानात्मक कृतिहरू सँस्कृतका अतिरिक्त तथा अंग्रेजी अन्य भारतीय भाषाबाट अनुवादित भएको पाइन्छ । यस आाधारमा यस कालखण्डलाई अनुवाद रूपान्तरणको युगका रूपमा लिन सकिन्छ । यस कालखण्डमा हितोपदेश मित्रलाभ, मुद्राराक्षस, पिनासको कथा, तीन आहान, वाइवल बेताल  पचिसी, बहत्तर, सुँगाको कथा, जस्ता आख्यानात्मक ग्रन्थहरू देखापरेका छन् । यी आख्यानात्मक ग्रन्थहरूमा धर्मको प्रत्यक्ष प्रभाव परेको पाइन्छ । यस अनुवाद कालका आख्यानात्मक ग्रन्थहरू कथा र उपन्यासका रूपमा छुट्टिएका पाइन्नन् । लामो आख्यानको प्रवलता, मनोरञ्जनात्मकता नीति उपदेशात्मकता, धार्मिक प्रेरणा, मौलिकताको प्रभाव, पाण्डुलिपिमा सीमितता आदिजस्ता कुरा यस कालका आख्यानात्मक ग्रन्थहरूको प्रवृत्ति रहेको देखिन्छ । यी कथा आख्यानहरूले नेपाली कथाको पृष्ठभूमिको निर्माणका साथै नेपाली विद्वानहरूलाई निकै प्रभाव पारेको देखिन्छ ।

### आ) माध्यमिक काल (१९५८-१९९१)

गोरखापत्रको प्रकाशनकालदेखि शारदा पत्रिकाको प्रकाशन पूर्वको कालखण्ड नेपाली कथाको माध्यमिक काल हो । यस कालखण्डमा नेपालभित्र र बाहिरबाट साहित्यिक पत्रिका प्रशस्त मात्रामा प्रकाशित भएको पाइन्छ । गोरखापत्रमा विभिन्न आख्यानात्मक कृति मात्र नभै कथाकै आकारका खिस्सा कहानीहरू प्रकाशित भएको देखिन्छ । यस कालको आगमनसँगै अनुवाद रूपान्तरण गर्ने प्रवृतिको अन्त्य भयो र मौलिक लेखनको परिपाटी सुरु भएको पाइन्छ । यस कालमा गोरखापत्रको अतिरिक्त सुन्दरी, माधवी, चन्द्रिका, गोरखा संसार आदि पत्रिकाहरूले नेपाली साहित्यको विकासमा सहयोग पुऱ्याएको देखिन्छ । यस अवधिका सुन्दरी, भूषण, कलावती, बिलासिनी, एक औपदेशिक सुलोचना वृतान्त एउटा गरिब सार्कीको छोरी, खरानीको फूल, महारानी प्रियम्वदा जस्ता कथाहरू प्रकाशित भएका पाइन्छ । यसै अवधिमा प्रकाशित रूपनारायण सिंहको 'अन्नपूर्ण' कथामा आधुनिकताको संकेत पाइने धारणा समालोचकहरूको रहेको पाइन्छ । यस अवधिमा कथामा नैतिक उपदेश, धार्मिक, साँस्कृतिक उत्थानमा जोड, जीवनको आदर्श पक्षको वर्णन मानवीय तथा मानवेत्तर प्राणीको

प्रयोग, कथामा पद्यको मिश्रण उदारता भाग्यवादीजस्ता प्रवृत्तिहरूको स्थान पाएको देखिन्छ । यथार्थको धरातलभन्दा टाढा रहे पनि यस समयावधिमा प्रकाशित कथाहरूले आधुनिक कथाको पृष्ठभूमि निर्माणमा महत्वपूर्ण भूमिका खेलेको पाइन्छ ।

### इ) आधुनिक काल

नेपाली कथाको आधुनकताको संघार उघार्न शारदा (१९९१) ले महत्वपूर्ण भूमिका खेलेको पाइन्छ । त्यसैले गुरूप्रसाद मैनालीको 'नासो' कथा शारदा पत्रिकामा १९९२ मा प्रकाशित भएपछि नेपाली कथामा आधुनिकताको विजाधान भएको हो । नेपाली कथालाई आधुनिकता प्राप्त गर्न पाश्चात्य कथाका मूल्य र मान्यताले प्रेरणा प्रदान गरेका छन् । समाजमा व्यक्तिको मन चेतना जीवन प्रक्रियाको यथार्थ प्रतिविम्ब कथामा दिन कथाशिल्पीहरू सचेष्ट रहे । व्यक्ति मनको गहिराइभित्र अवलोकन र समाजभित्रका समस्या र स्थितिको समीक्षा गर्ने जस्ता उत्तरदायित्व ती शिल्पीहरूले बहन गरे । यहाँ नयाँ उत्तरदायित्वले गर्दा आधुनिक नेपाली कथामा अतिमानवीय तत्त्वको बहिष्कार भयो । बौद्धिक प्रेरणा मूलको उन्मुलन भयो । संरचनात्मक परिपुष्टताको प्रादुर्भाव भयो, विशद्ध गद्य रूपको विस्तार भयो । (श्रेष्ठ, २०३९:६) आधुनिक नेपाली कथाको अध्ययन गर्ने क्रममा विभिन्न विद्धानहरूले विभिन्न चरण तथा भागमा विभाजन गरेर अध्ययन गरेको पाइन्छ । कसैले व्यक्ति कथाकारलाई आधार मानेर कसैले धारालाई आधार मानेर त्यसैगरी कसैले कालखण्डमा विभाजन गरी चरणका आधारमा अध्ययन गरेका पाइन्छ । आधुनिक नेपाली कथाको विकासक्रममा देखापरेका विभिन्न धाराहरूलाई तीनका स्वरूप प्रवृत्ति र ढाँचाका आधारमा अध्ययन गर्ने प्रयास गरिएको छ ।

### क) सामाजिक यथार्थवादी धारा

गुरूप्रसाद मैनालीको नासो (१९९२) बाट नेपाली कथामा आधुनिकताको सुत्तपात भएको हो । गरिबीलाई एउटा गम्भीर सामाजिक समस्याको रूपमा चित्रण गरियो । सामिाजक कुप्रथा सङ्कीर्ण मनस्थिति र अन्धविश्वासको विरोध कथामा हुन थाल्यो । नारीहरूप्रति गरिएको भेदभावको विरोध भयो । नेपाली समाज मूलतः हिन्दु संस्कृतिबाट प्रभावित भएको र साँस्कृतिक मूल्यले पनि सहिष्णुता, धैर्य, क्षमा, दान, परोपकार आदिमा अत्यधिक विश्वास गरेको हुँदा यी सबै कुराहरूबाट परेको प्रभाव स्वरूप यथार्थवादी नेपाली कथामा आर्दशको पुट रहन गएको हो । यस धाराका विषयवस्तुका रूपमा नारीवर्गको

दुःखपूर्ण स्थिति, मानिसहरूको स्वार्थपूर्ण व्यवहार, आडम्बरयुक्त रीति परम्परा, गरिबवर्गको दुर्नियति आदि हुन् । यस धारा भावुक आदर्शवादमा आधारित कथाहरूसँग कडा चनौतिको सामना गर्दै विकास यात्रामा संलग्न भयो । वि.सं. २००७ को जनक्रान्ति पश्चात खुला प्रजातान्त्रिक वातावरणमा यस सामाजिक यथार्थवादी धाराले द्रुतगति लियो । सामाजिक यथार्थवाद सामाजिक क्रान्तिको अपेक्षा राख्ने अभिव्यक्तिका रूपमा देखा पर्‍यो । यस धाराका कथाकारहरू पुष्कर शम्शेर, बालकृष्ण सम, इन्द्र सुन्दास, पूर्णदास श्रेष्ठ, हृदयचन्द्र सिंह प्रधान, रूपनारायण सिंह शिवकुमार राई, शङ्कर कोइराला, विष्णुलाल उपाध्याय्, दौलतविक्रम बिष्ट हुन् ।

यस धाराका प्रवृत्तिहरूमा समाजका उच्च ओहदामा बसेका व्यक्तिको भोगविलासको वर्णन गरिनुको साथै गरिब र पिछडिएका वर्गको आर्थिक, सामाजिक अवस्थाको चित्रण गरिएको हुन्छ । ग्रामीण जनजीवन तथा शहरीया तल्लो वर्गको दुखेसा र अन्तवेदनाका वर्णन गरिएको हुन्छ । पुरानो र नयाँ पुस्ताका दृष्टिकोणको बीचको द्वन्द्वलाई देखाइएको हुन्छ । प्रणय वेदना र सामाजिक विकृतिको वर्णन गरिएको हुन्छ । युवायुवतीमा हुने प्रणयसम्बन्धी आकर्षण तथा वियोगको सटीक वर्णन गरिएको छ । परम्परागत कथाशैली, उद्देश्यमूलक कथासंरचना स्थानीयभाषा र स्थानीय परिवेशको प्रभावकारी चित्रण गरिएको हुन्छ ।

**ख) मनोवैज्ञानिक यथार्थवादी धारा**

विश्वेश्वरप्रसाद कोइरालाको शारदा पत्रिकामा प्रकाशित कथा 'चन्दवदन' (१९९२) बाट मनोवैज्ञानिक यथार्थवादी धाराको सुरुवात भएको हो । यस धाराका प्रर्वतक विश्वेश्वर प्रसाद कोइराला हुन् । यिनका 'दोषि चश्मा' (२००६) 'श्वेतभैरबी' २०३९ कथासङ्ग्रह रहेका छन् । मनोवैज्ञानिक यथार्थवादी कथाकारको विषय क्षेत्र समाज हो भने मनोवैज्ञानिक यथार्थवादलाई हृदयको यथार्थवाद पनि भनिन्छ । फ्रायडीय मनोविश्लेषणबाट प्रभावित कोइरालाको कथामा मानसिक अवचेतन मनमा दमित रहेका भावनाहरूले सृजना गरेको ग्रन्थिको वर्णन पाइन्छ । यस धाराका कथाकारहरू फ्रायड, एकलर, युङ्गजस्ता मनोवैज्ञानिक चिन्तकहरूबाट प्रभावित भएको पाइन्छ । अचेतन मनमा दमित एवं कुण्ठित अवस्थामा रहेका कामेच्छाहरू अहम् तथा पराअहम् वा सामाजिक चैतन्यबोधका कारण बाह्य रूपमा प्रकट हुन नसकी विभिन्न छदम् रूप धारण गरेर अर्थात् विभिन्न प्रतीक र विम्बका सहायताले बाह्य रूपमा हुने क्रममा साहित्य सिर्जित हुन पुग्छ । यस धाराका कथाकारमा

भवानी भिक्षु, गोबिन्द बहादुर मल्ल गोठाले, विजय मल्ल, तारणीप्रसाद कोइराला, देवकुमारी थापा, पोषण पाण्डे आदि रहेका छन् ।

यस धाराका प्रवृत्तिहरूमा फ्रायड एड्लर र युङ्गजस्ता मनोविश्लेषकबाट प्रभाव ग्रहण गरेको पाइन्छ । चेतन र अवचेतन मनका बीच द्वन्द्वको उपस्थिति गराउनु, मानवीय मनोदशाको विविध रूपको चित्रण गर्नु, कामवृत्तिबाट उत्पन्न कुण्ठा र विकृति तथा मानसिक जटिलताको वर्णन यस धारका मूल प्रवृत्ति हुन् । आर्थिक तथा सामाजिक असमानताबाट उत्पन्न विसङ्गतिको चित्रण गर्नुको साथै विवाहिता, अविवाहित तथा विधवा नारीको मनोदशाको चित्रण गरिएको हुन्छ । नारीका मनका पीडा तथा मानसिक घात प्रतिघातको वर्णन गरिएको हुन्छ ।

**ग) सामाजवादी यथार्थवादी धारा**

वि.सं. २००६ सालमा रमेश विकलद्वारा लिखित 'गरिब' कथाबाट यस धाराको सुरुवात भएको हो । यस धाराका कथाहरू समाजमा रहेका शोषक वर्गको विरुद्ध आवाज उठाई वर्ग संघर्षमा जानुपर्छ भन्ने भाव व्यक्त गरेका हुन्छन् । यिनका कथामा सामाजिक समानता र भेदभाव, आर्थिक विषमता र यसबाट उन्पन्न पीडा तथा मानसिक स्वार्थी तथा आडम्बरी प्रवृत्तिको वर्णन, अन्धविश्वास रुढी र थोत्रा मूल्यप्रति व्यङ्ग्य, वर्गीय दृष्टिकोण समानतामूलक समाजको अपेक्षा उच्च वर्गका क्रियाकलापप्रति घृणा र शोषित पिडित वर्गप्रति गहिरो सहानुभूति पाइन्छ । रमेश विकलका विरानो देशमा (२०१६) नयाँ सडकको गीत (२०१९) आज फेरी अर्को तन्ना फेरिन्छ (२०२४), एउटा बुढो भ्वाइलेन आशापुरीको धुनमा (२०२५), उर्मिला भाउजू, सालिक सहस्र बुद्ध (२०४३), हराएका कथाहरू (२०५५) जस्ता कथासङ्ग्रहहरू प्रकाशित छन् ।

शोषक वर्गको अन्याय र अत्याचारबाट पीडित निम्न वर्गको चित्रण गर्दै समाजको यथार्थ चित्रण यस कथाले गरेको छ । मार्क्सवादी सिद्धान्तबाट प्रभावित रहँदै कथाको विषयवस्तु समाजका निम्न, मध्यम र उच्च वर्गको समुदायभित्रै खोजी कार्य भएको छ । सामन्ती समाजको पर्दाफास निम्न वर्गीय जनताप्रति सहानुभूति र सामन्ती शोषक वर्गप्रति आक्रोश व्यक्त गर्ने परम्परा यस कथाले भित्र्यायो । जनवादी साहित्यको लेखन गर्दै समतामूलक समाजको चाहना राख्ने कार्य यस चरणका कथाले गरेका छन् । आर्थिक, सामाजिक, राजनैतिक दुरावस्थाले सृजना गरेको विसङ्गति र विकृतिको भण्डाफोर गर्दै

नारीको दयनीय अवस्था र उनीहरूले भोग्नु परेको पीडाप्रतिको वर्णन गर्ने कार्य यस चरणका कथाहरूको प्रकृति रहेको छ ।

**घ) प्रयोगवादी धारा**

कथाकार इन्द्रबहादुर राईको खीर (२०१९) बाट प्रयोगवादी धाराको सुरुवात भएको हो । यिनको पहिलो कथा 'रातभरि, हुरी चल्यो' (२०१६) हो । यो सामाजिक यथार्थवादी कथा हो । राईका कथाहरूमा यथार्थवादी, आयमेली तथा लीलालेखनमा आधारित छन् । विपना कतिपय (२०१७) कथास्था (२०३७) आयमेलीमा र कठपुतलीको मन (२०४६) लीलालेखनमा आधारित कथाहरू हुन् । आधुनिक नेपाली कथाको उत्तरार्द्ध वा नवयुगको प्रारम्भ प्रयोगवादी, कथालेखनबाट भएको हो । प्रयोगवादी कथा अन्तर्गत आयमेली कथा कथाहीन कथा वा अकथा वा स्वरैकाल्पनिक कथालाई लिइएको छ । त्यस्ता कथाकारलाई प्रयोगवादी कथाकारका रूपमा लिन सकिन्छ । यस धाराका कथाकारहरू मोहनराज शर्मा, मनु बज्राकी, परशु प्रधान, पारिजात, शंकर लामिछाने, ध्रुवचन्द्र गौतम, कुदुम देवकोटा, भाउपन्थी, शैलेन्द्र साकार, गोपाल पराजुली आदि हुन् ।

यस धाराका कथाहरूमा कथात्मक संरचनामा प्रयोगशीलता, संक्षिप्तता, सुत्रात्मकता हुन्छ । अर्मूत विषयलाई सुत्र सङ्केतमा प्रयोग गर्ने, जीवनका आशा निराशा र सङ्गति असङ्गतिको वर्णन कथामा गरिएको हुन्छ । मौखिक ढाँचाका गणितीय सिलसिलाबारे कथानकको अस्वीकार नै यस धाराका प्रमुख विशेषता हो । नवीन शैलीको प्रयोग गर्ने उद्देश्य मुताविक ल्याउनु यस चरणका कथाको प्रवृति हो । विषयवस्तु र कथाशिल्पको निर्माणमा नवीनता मिश्रित प्रकारको खुकुलो कथाशंको संयोजन गरी विद्याभञ्जन ता विधा भित्रका माध्यमबाट पाठकीय दुरुहता समेत यस चरणको कथाले कायम गरेको छ । आयमेली कथा वस्तुको ह्रास कथाको प्रयोग गरेर वैज्ञानिक चिन्तनप्रति समर्थन गर्दै नवीन ढाँचाको उपयोग यस चरणको कथामा गरिएको छ । विभिन्न विम्ब र प्रतीकको प्रयोगले कथालाई सिङ्गारेर पढूपढू लाग्ने बनाएर नयाँ भाषामा जोड दिइएको छ । अन्तरमुखी जीवनदृष्टिका माध्यमबाट परम्परागत लेखन शैलीलाई अस्वीकार गर्दै नयाँपनको खोजी गरिएको छ ।

**ङ) समसामयिक धारा (वि.सं.२०४० देखि हालसम्म)**

त्यस धारामा स्वैरै कल्पनालाई एउटै शैली बनाएर मूल्यलाई भावना र भावुकतामा होइन तार्किक विचारको कोणबाट तौलने काम गरिएको छ । र यसपछि अभिव्यक्तिको क्षेत्रमा देखापरेका खुलापन हो । यस समयको साहित्यिक पत्रपत्रिका र विविध सामयिक सँगालोको प्रकाशनमा भने बाढी जस्तै भएर आयो । यस समयका कथाकारहरू जटिलताबाट सरलतातर्फ अभिमुख छन् । बिचार र चिन्तनका क्षेत्रा मार्क्सवादी दृष्टिकोण अंगाले पनि यस चरणका प्रगतिवादी कथाकारहरूमा प्रयोगशीलता र शैलीमा नवीनता देखिन थालेको छ । कुनै प्रगतिवादी कथाकारले स्वैरैकल्पनाको प्रयोग गरेका छन् भने कुनैले प्रतीकको प्रयोगमा विशेष ध्यान दिएका छन् ।

यो युग परम्परागत ढाँचाभन्दा पृथक ननयुगीन तथा प्रयोगवादी कथा लेखनभन्दा नवीन भएर देखापरेको छ । मानवीय जीवनका गरिबी शोषण, उत्पीडन बढ्दो महङ्गी, असुरक्षा, भिडभाड, आतङ्कभित्रको त्रासदीय जीवनको चित्र उतारिएको पाइन्छ । यसै धाराका कथामा विषयवस्तु र कथाशिल्पको निर्माणमा जटिलताबाट सरलतातर्फ उन्मुख गराइएको छ । स्वैरै कल्पनाभित्र मूर्तताको खोजी गर्नु यस चरणको कथाको प्रमुख विशेषता हो । जीवनको एकपक्षीय मात्र अध्ययन अपूर्ण हुन्छ । सिङ्गो अध्ययन कथामा हुनुपर्दछ भन्दै जीवनलाई शिरदेखि पैतलासम्म निरीक्षण गरी कथा लेख्ने क्रम यही चरणबाट शुरु भएको पाइन्छ । समाजमा रहेको मानिसको रुग्ण अवस्था र वक्र सामाजिक व्यवस्था माथि तीब्र व्यङ्ग्य गर्दै नयाँ प्रकारका कथाको रचना गर्नु यस चरणका समकालीन कथाका प्रवृत्ति हुन् ।

यस चरणको कथाले कायम गरेको छ । आयमेली कथा वस्तुको ह्रास कथाको प्रयोग गरेर वैज्ञानिक चिन्तनप्रति समर्थन गर्दै नवीन ढाँचाको उपयोग यस चरणको कथामा गरिएको छ । विभिन्न विम्ब र प्रतीकहरूको प्रयोगले कथालाई सिङ्गारेर पढूपढू लाग्ने बनाएर नयाँ भाषामा जोड दिएको छ । अन्तरमुखी जीवनदृष्टिका माध्यमबाट परम्परागत लेखन शैलीलाई अस्वीकार गर्दै नयाँपनको खोजी गरिएको छ ।

**च) समसामयिक युग (वि.सं. २०४९ देखि हालसम्म)**

यस युगमा कथाकारले स्वैरै कल्पनालाई एउटा शैली बनाएर मूल्यलाई भावना र भावुकतामा होइन तार्किक विचारको कोणबाट तौलने काम गरेका छन् । स्वैरै कल्पनालाई

व्यङ्ग्य प्रतीक र मिथकको प्रयोग गरेर यथार्थकै बढी प्रयोग गरेका छन् । यो युग परम्परागत ढाँचाभन्दा पृथक नवयुगीन तथा प्रयोगवादी कथा लेखनभन्दा नवीन भएर देखा परेको छन् । यस समयका कथामा मानवीय जीवन गरिबी शोषण, उत्पीडन, बढ्दो महङ्गी, असुरक्षा, भिडभाड, आतङ्क भित्रको त्रासदीय जीवनको चित्र उतारिएका पाइन्छ । यस धाराका कथामा विषयवस्तु र कथाशिल्पको निर्माणमा जटिलताबाट सरलतातर्फ उन्मुख गराइएको छ । स्वरै कल्पनात्मक शैलीको माध्यमबाट काल्पनिक विषयवस्तु लिदैं कल्पनाभित्र मूर्तताको खोजी गर्नु यस चरणको कथाको प्रमुख विशेषता हो । जीवनको एक पक्षीय मात्र अध्ययन अपूर्ण हुन्छ । सिङ्गो अध्ययन कथामा हुनुपर्दछ भन्दै जीवनलाई शिरदेखि पैतलासम्म निरीक्षण गरी कथा लेख्ने क्रम यही चरणबाट सुरु भएको पाइन्छ । समाजमा रहेको मानिसको रुग्ण अवस्था र वक्र सामाजिक व्यवस्थामाथि तीव्र व्यङ्ग्य गर्दै नयाँ प्रकारको कथाको रचना गर्नु यस चरणका समकालीन कथाका प्रवृति हुन् ।

## २.३ निष्कर्ष :

नेपाली साहित्यको इतिहासमा आख्यानात्मक लेखनको आरम्भ शक्तिवल्लभ अर्यालबाट भएको हो । उनको महाभारत विराटपर्व (१८२७) मौलिक चिन्तन प्रकट गरेर लेखिएको हो । करिब सवा दुई वर्षको नेपाली कथाको इतिहासमा समयानुकुल प्रभावका प्रतिफलहरू प्रत्यक्ष परोक्ष रूपले पर्दै गएको पाइन्छ । गोर्खा पत्रको प्रकाशन पूर्वको कालदेखि शारदापत्रिकाको प्रकाशन पूर्वको कालखण्डलाई नेपाली कथाको माध्यमिक काल भनिन्छ । यस कालखण्डमा नेपालभित्र र बाहिरबाट प्रशस्त मात्रामा प्रकाशित भएको कृतिहरू पाइन्छ । काठमाडौं प्रकाशित गोरखापत्र भारतबाट प्रकाशित सुन्दरी यस कालका कथा हुन् । नेपाली कथाको आधुनिकताको शुरुवात १९९१ बाट भएको हो । गुरूप्रसाद मैनालीको 'नासो' कथा शारदा पत्रिकामा प्रकाशित भएपछि नेपाली कथामा आधुनिकताको विजाधान भएको हो । नेपाली कथाको यात्रा पनि नदीको प्रवाह जस्तै वगेको छ । नदी बग्न समस्यारहित हुँदैन तैपनि नदीवग्नबाट रोकिदैंन । इतिहासले पनि आफ्नो बाटो बनाएर जान्छ त्यसमा परिवेश र परिस्थितिअनुसार माथि तान्न वा उतार चढाव हुनु स्वभाविकै हो । नेपाली कथामा सचेतता त आधुनिक कालमा मात्र आएर देखिन्छ । यस समयमा यथार्थवादी धारा, सामाजिक यथार्थवादी धाराका मनोवैज्ञानिक यथार्थवादी धारा, समाजवादी यथार्थवाद, नवयुग, प्रयोगवादी धारा, समसामयिक युग जस्ता विभिन्न मोडहरू देखिन्छ । विश्व

साहित्यमा विकसित नवीन मूल्य मान्यता र प्रवृतिहरूलाई पनि वरण गर्ने तत्पर देखिन्छ । सामाजिक, साँस्कृतिक, राजनीतिक कुरीति कुसंस्कारको आलोचना प्रकट भएको छ । जनजीवनको चित्रण, वर्गीय चेतना, बाहुल्यता, नवीनतम प्रयोग तथा सरल सहज सम्प्रेषण भाषाशैली जस्ता प्रवृति मूल रूपमा देखिन्छन् ।

गुरूप्रसाद मैनालीको 'नासो' (१९९२) ले नेपाली कथामा सामाजिक यथार्थवादी धाराको सुरुवात भएको हो । यस धाराका कथाकारहरूमा रूपनारायण सिंहको भ्रमर (१९९३) मातृकाप्रसाद कोइराला, 'कथाशिल्प' (२०४४), शिवकुमार राई खहरे (२०३३) कथाहरू उत्कृष्ट पाइन्छ । विश्वेश्वरप्रसाद कोइरालाको 'चन्द्रवदन' (१९९२) शारदा पत्रिकामा प्रकाशित भएपछि मनोवैज्ञानिक यर्थाथवादी धाराको सुरुवात भएको हो । यस धाराका कथाकारहरू फ्रायड, एडलर, युङ्गजस्ता मनोवैज्ञानिक चिन्तकहरूबाट प्रभावित भएको पाइन्छ । यस धाराका कथाकारहरूमा भवानी भिक्षु, गोबिन्द बहादुर मल्ल गोठाले, बिजय मल्ल, तारणीप्रसाद कोइराला, देवकुमारी थापा, पोषण पाण्डे आदि रहेका छन् । वि.सं. २००६ सालमा रमेश विकलद्वारा लिखित 'गरिब' कथाबाट समाजवादी यथार्थवादी धाराको सुरुवात भएको हो । यस धारका कथाहरूमा रमेश विकलका विरानो देशमा (२०१६) नयाँ सडकको गीत (२०१९) आज फेरि अर्को तन्ना फेरिन्छ (२०२४) आदि यस धाराका कथाहरू हुन इन्द्र बहादुर राईको खीर (२०१९) बाट प्रयोगवादी धाराको सुरुवात भएको हो । यस धाराका कथाहरूमा विपना कतिपय (२०१७), कथास्था (२०२७), कठपुतलीको मन (२०४६) यस धाराका कथासङ्ग्रह हुन् । वि.सं. २०४० देखि हालसम्म समसामयिक धाराको सुरुवात भएको हो । मानवीय जीवनका गरिबी शोषण, उत्पीडन, बढ्दो महङ्गी, असुरक्षा, भिडभाड, आतङ्क भित्रको त्रासदीय जीवनको चित्र यस धारामा उतारिएको पाइन्छ । स्वैरै कल्पनात्मक शैलीको माध्यमबाट काल्पनिक विषयवस्तुभित्र मूर्तताको खोजी गर्नु यस चरणको विशेषता हो ।

# परिच्छेद तीन

# यज्ञप्रसाद आचार्यको कथासङ्ग्रहको अध्ययन

## ३.१ 'फ्यूजनको जगमा शिलान्यास' को अध्ययन र विश्लेषण

### ३.१.१ शीर्षक

यस कथामा फ्यूजनको अर्थ संयोजन हो । संयोजनले सबै जाति मिल्नुपर्छ भन्ने कुरा उद्घोष गरेको छ । मधेश आन्दोलनले जातीय मेल हुनुपर्छ । भाई फूटे गवार लुटे भने जस्तै एउटै देशका हामी नेपालीहरू बीच फुट भयो भने राष्ट्रियता रहदैन । त्यसैले शीर्षक अभिधात्मक अर्थसापेक्ष छ ।

### ३.१.२ कथावस्तुः

'फ्यूजनको जगमा शिलान्यास' कथामा कथाकारले मधेसी र पहाडिया बीच भएको आन्दोलनलाई कथाको मुख्य विषयवस्तु बनाएका छन् । कथामा कुनै पात्रले प्रमुख भूमिका निर्वाह गरेका छन् भने कुनै पात्रले सहायक भूमिका निर्वाह गरेका छन् । पात्रहरू कोकिला यादव, नेपाली भाषा साहित्यका प्राध्यापक, भानु मैथली भाषाका प्राध्यापक यी दुवै कथाका प्रमुख पात्र हुन र प्रगतिशील विचारधारा र नयाँ नेपालका पृष्ठपोशक हुन् । कोकिलाको बाबु रणवीर यादवले नेपाल पहाड र तराई मधेश दुई राष्ट्रको देश हो । यहाँ दुई राष्ट्रियता छन् । (आचार्य, २०७०:४१) भनेर जानकी मन्दिरको प्राङ्गणमा भाषण गरेबाट नै कथानक शुरु भएको छ । प्रस्तुत कथाका प्रमुख पात्र कोकिला जो रणवीर यादवको छोरी हुन् । देशभक्ति पूर्ण भावना भएकी यादवले यसको ठाडै प्रतिरोध गरेकी छिन् । आफ्नै नामको पछाडि कोकिला यादव नराखेर कोकिला नेपाल राखेकी छन् । उनको विचारमा स्वतन्त्र सिङ्गो नेपालका राष्ट्रमा पृथकतावादी मान्यता राख्नु हुँदैन भन्ने भावना कोकिलामा रहेको छ । आन्दोलनकारीहरूले लगाइएको नाराले भानुलाई पनि त्यतिकै प्रभावित पारेको छ । उनले पनि आफ्नो नामको पछाडि नेपाली विशेषण जोडेका छन् । उनलाई आफ्नो नामको पछाडि नेपाली राखेपछि जातबाट हटाउने भन्ने निर्णय सुरु भएपछि आफ्नो गाउँ रामेछाप छाडेर जनकपुरतिर गएका थिए । जनकपुर झन जातीय विभेदले ग्रस्त भइसकेको थियो । त्यस्तो अवस्थामा पनि भानु र कोकिला एकसाथ रही राष्ट्रको जातीय पृथकतावादी मान्यतालाई हटाउने खोजीमा लाग्छन् ।

जातीय द्वन्द्वले झन ग्रस्त रूप लिन्छ । हाम्रो भाषा र हामी मधेशी जातिमाथि पहाडी जातिले अतिक्रमण गरे भनेर मधेशीहरूले असत्य कुरा बोले यसबाट झन हत्या हिंसा, अपहरण, लुटपाट भयो । आतंककारीहरूले जानकी नगरमा आदिकवि भानुभक्त आचार्यका शालिक ,गोरखामा पृथ्वीनारायण शाह, भद्रपुरमा महाकवि लक्ष्मीप्रसाद देवकोटा, धरानमा महान सँस्कृत विद्धान स्वामी प्रपन्नाचार्यको शालिक, सिराहामा युगकवि श्रेष्ठको शालिक ढालिए । यस्तो विध्वंशले गर्दा राष्ट्रियता र एकतामा समेत चोट पुग्न सक्छ भनी उनीहरूएक साथ भई लाग्छन् । उनले विखण्डनवादी विचारलाई परास्त गरी राष्ट्रिय एकता बलियो तुल्याउन पहाडी मूलका प्राचार्यसँग विवाहको प्रस्ताव राखिन । प्रस्ताव स्वीकृत भएपछि उनले भनिन् "यो पहाडी र मधेशीको संयोजन (फ्युजन) हो । यो संयोजन स्वतन्त्र सार्वभौम नेपाली राष्ट्रियताको शिलान्यास पनि हो ।" यस शिलान्यासकले मिथिला छोरी जगत्जननी सीता महाकवि विद्यापति कोकिल, राष्ट्रिय एकीकरणका प्रणेता पृथ्वीनारायण शाह, भानुभक्त आचार्य र स्वामी फाल्गुनन्दको ढलेको शालिकको फेरि पुनः निर्माण हुनेछ । हाम्रो सपना यही हो अखण्ड अधिराज्य नेपाल र नेपाली जाति तथा नेपाली सँस्कृति बचाइराख्ने भन्दै उनीहरू प्रणय् सागरमा दुवै नायक नायिका आनन्दित हुन्छन् । शिक्षक प्राचार्य प्राध्यापकले युगधर्मी मिथकीय नयाँ युगलाई शुभकामनाको साथ स्वागत गर्दै शुभआर्शिवाद दिन्छन् । यस कथाको विन्यास क्रममा विचलन नआई एकपछि अर्कोगरी क्रमिक विन्यास भएकोले कथानक ढाँचा रैरिवक रहेको छ ।

### ३.१.३ चरित्र

'फ्यूजनको जगमा शिलान्यास' कथामा मुख्य कोकिला यादव पछिबाट कोकिला नेपाल, भानु, रणविर यादव मुख्य पात्र रहेका छन् । रणवीर यादव प्रतिकूल अवसरवादी विदेशीको इशारामा चल्ने देशलाई टुक्राउन चाहने पात्रको रूपमा देखापर्दछ । सहायक पात्रहरू विनोद झा हिन्दीका प्राध्यापक, प्राचार्य जस्ता पात्रहरू छन् । यिनै पात्रको कारणले कथाको गति अगाडि बढेको छ । पृथकता र जातीय वादमा राष्ट्रियता कदापि हुन्न भन्ने मान्यतामा कोकिला र भानु रहेका छन् । कोकिला यस कथाको नायिका हो । यस कथाकी स्त्री पात्र रणवीर यादवकी छोरी हो । नेपालको जनताको हजारौं वर्षको एकता र सद्भाव खलबलिन र टुट्न नपाओस् भनि तराई मूलकी प्रध्यापक कोकिलाले आफ्नो उपनाम नेपाली राखिन् । उ आफ्नो बाबुको एक्लो छोरी भएपनि बाबुको विद्रोहको रूपमा रहेकी देशभक्तिपूर्ण

भावना  भएकी पात्र हो । नेपाल पहाड र मधेश बीच द्वन्द्व हुनु भएन । यस द्वन्द्वले गर्दा हाम्रो देश नेपाल पनि टुक्रिन्छ । हामीले नेपाल भन्न पाउदैनौ भन्ने प्रगतिशील विचार धारा भएकी पात्र हुन् ।

भानु यस कथाको पुरुष पात्र हो । उनले कथामा मुख्य भूमिका निर्वाह गरेका छन् । देशभक्तिपूर्ण भावना भएका आफ्नो अठोटमा दृढ रहने र नेपाली भनेपछि हुरुक्क हुने प्रगतिशील विचार भएका पात्र हुन् । आफ्नो नामको पछाडि नेपाली लेख्दा गाउँ नै छाडेर अन्यन्त्र जानु परेपनि आफू त्यसमा पछि नपर्ने भावना भएको पात्र हो । रणवीर यादव मधेशी र पहाड दुई राष्ट्र हुन् भन्ने भावना भएका देशलाई टुक्राउने खोज्ने, जातीय द्वन्द्व गर्नुपर्छ भन्ने भावना भएका अवसरवादी पात्रका रूपमा देखापर्छन । विनोद झा हिन्दीका प्राध्यापक, प्राचार्यजस्ता पात्रले भानु र कोकिलाको विचारसँग सहमत हुने पात्र हुन् । एउटै राष्ट्र यस्तो जातीय पृथकतावादी मान्यता हुनु राम्रो होइन । यसैले भानु र कोकिलालाई साथ दिदै अगाडि बढ्ने प्रगतिशील विचारधारा भएका पात्र हुन् । यिनै पात्रका असल स्वभावले गर्दा कथाको विकास अगाडि बढेको छ ।

### ३.१.४ दृष्टिबिन्दु

यस कथामा कथाकारले तराई क्षेत्र र मधेशी पहाडीयाहरूबीच भएको जातिय द्वन्द्वलाई कथाको मुख्य विषयवस्तु बनाएका छन् । आफ्नो बाबुको विरोध र राष्ट्रिय स्वतन्त्रताको पक्षमा छोरीलाई उभ्याएका छन् । आफ्नो नामको पछाडि यादव हटाएर नेपाली उपनाम राखेर उनमा भएको देशभक्तिपूर्ण भावना देखाएका छन् । पृथकता र जातीयवादमा राष्ट्रियता कदापि हुन्न भन्ने धारणाका पात्रहरू उभ्याएका छन् । पहाडीया पात्रको रूपमा भानुलाई उभ्याएर भानु र कोकिलाको मिलन गराएका छन् । त्यस मिलन नै पहाडीया र मधेशी बीचको संयोजन हो । यो संयोजन स्वतन्त्र सार्वभौम नेपाली राष्ट्रियताको शिलान्यास हो । यसरी कथाकारले आफ्नो मुख्य भनाइहरू कोकिला र भानुको माध्यमबाट प्रष्ट पारेका छन् । कोकिला र भानु तृतीय पुरुष शैलीमा रचिएको हुनाले बाह्य सिमित दृष्टिबिन्दु रहेको छ ।

## ३.१.५ उद्देश्यः

मधेस र तराई पहाडी बीच द्वन्द्व हुनु हुँदैन । स्वतन्त्र सार्वभौम सिङ्गो नेपाल राष्ट्रमा पृथकतावादी आन्दोलन हुनु हुँदैन । साम्प्रदायिक भावना राख्नु हुँदैन । मधेश पहाड तराई क्षेत्रमा सबै नेपालीहरू एक हुन् । एउटै देशमा भएको पृथकतावादी आन्दोलनले गर्दा हाम्रो देश नेपाल नै टुक्रिन्छ । हामीले नेपाल भन्न पाउँदैनौं । नेपाल रहेन भने हाम्रो अस्तित्त्व रहदैन र हामी नेपालीहरूको पहिचान नै समाप्त हुन्छ । तसर्थ सम्पूर्ण नेपालीहरू राष्ट्रिय एकता, सार्वभौमिकता, क्षेत्रीय अखण्डताको लागि एकजुट भई लाग्नुपर्छ भन्ने भावना यस कथाको उद्देश्य हो । कथाकारले तराई र पहाडलाई टुक्राउनु पर्छ भन्ने आफ्नै बाबु रणवीर यादवको विपक्षमा छोरी कोकिला यादवलाई उभ्याएर हेरक नेपालीले राष्ट्रिय स्वतन्त्रता र एकताको पक्षमा लाग्नुपर्छ । यसरी बाबु आमा जोसुकै भएपनि राष्ट्र जस्तो ठूलो केही हुँदैन भन्ने राष्ट्र प्रेमी भावना प्रस्तुत गर्नु नै नाटकको महत्वपूर्ण उद्देश्य रहेको देखिन्छ ।

## ३.१.६ परिवेश

नेपालको तराई क्षेत्रमा पहाडी र मधेशी बीच भएको द्वन्द्वको घटनालाई कथाको परिवेश बनाइएको छ । तराईको शहरी परिवेश छ । मधेशीहरूले नारा लगाइएको स्थिति छ । बौद्धिक व्यक्ति प्राचार्य र शिक्षकहरूको प्रसङ्ग आएको छ । जानकीनगरमा भानुभक्त आचार्यको शालिक, गोरखामा पृथ्वीनारायाण शाह, भद्रपुरमा महाकवि लक्ष्मीप्रसाद देवकोटा, धरानमा एक मात्र किराँत जातिका महान सँस्कृत विद्वान प्रपन्नाचार्यको, सिराहामा युगकवि सिद्धिचरण श्रेष्ठको प्रतिमा ढालिएको प्रसङ्ग आएकोले यसको परिवेश २०६१-६२ पछिको घटनालाई मान्न सकिन्छ । द्वन्द्वको अवस्था र झगडाले सबै ग्रसित देखिएका छन् । एक वर्षको समय रहेको छ ।

## ३.१.७ भाषाशैलीः

यस कथामा सरल सहज स्थानीय बोलीचालीका भाषाको प्रयोग भएको छ । कथामा कथाकारले आगन्तुक भाषा मधेशी जनसमुदायले बोल्ने भाषाको प्रयोग गरेका छन् । 'नभनु भने बाप कुत्ता खाए, भनँ भने बाप मरजाए' जस्ता मैथली भाषाको पनि प्रयोग भएको छ । बौद्धिक व्यक्तिले बोल्ने भाषाको पनि प्रयोग भएको छ । राजनीतिकज्ञहरूले बोल्ने गम्भीर भाषाको पनि प्रयोग भएको छ । प्रगतिशील प्राध्यापकहरूको जमात र उनीहरूको छलफल

गराएर कथाकारले प्राज्ञिक तथा बौद्धिक देशभक्तिपूर्ण भावदर्शाउने प्रौढ प्राञ्जल भाषाको प्रयोग गरेका छन् । यिनै भाषाको प्रयोगले गर्दा नै कथा उत्कृष्ट बनेको पाइन्छ ।

## ३.२ 'घरको कथा' को अध्ययन विश्लेषण

### ३.२.१ शीर्षकः

'घरको कथा' शीर्षक अभिधात्मक अर्थसापेक्ष छ । घरको कथाले अर्काको घर बनाइ हिड्ने तर आफ्नो घरविहीन भएको व्यथा वर्णन गर्छ । दिने र कालीको गरिबी, दुःख, दर्द र रातदिन मिहेनत गरेर पनि एक पेट खान र बस्ने बास बनाउन नसकने पिल्सिएका दम्पतिको कथा हो । त्यसैले यस कथाको शीर्षक सार्थक रहेको छ ।

### ३.२.२ कथावस्तुः

'घर सामाजिक विषयवस्तुमा आधारित कथा हो । कथाका प्रमुख पात्र दिने र काली हुन । उनीहरूको साथमा एउटा दुध चुस्ने काखे बालक छ । उनीहरूको आफ्नो घर छैन । उनीहरू म पात्रको घरको ओसारामा बास बसेका छन् । घर मालिक म पात्रले उनीहरूको क्रियाकलाप देखेबाट कथानक सुरुभएको छ । उनीहरूको आर्थिक अवस्था कमजोर रहेको छ । दिनभरि अर्काको ज्यामी काम गरेर पनि उनीहरूसँग बस्ने एउटा छाप्रोको बन्दोबस्त छैन । खानको लागि दिनभरि काम गरेर आए पनि च्याख्लाको खिचडी पकाएर खान्छन् । कम्पनि मालिकले काम सकिएपछि क्वाटर बनाइदिन्छु भनेको छ भन्दै अर्काको आशामा बाँच्ने आफ्नो घर बनाउने इच्छा हुँदाहुँदै पनि घर बनाउन नसक्ने आर्थिक अवस्था निकै कमजोर भएका काली र दिनेको काम्यलीला जन्य कामुक चेतन मनको चिनो गर्भित अवस्थादेखि नै अमर बनाइएको कथात्मक प्रस्तुतिले यौन मनोविज्ञानलाई साकार गराउँछ । यस कथाको विन्यासक्रम विचलन नआई एक पछि अर्को मिलेकोले कथानक ढाँचा रैरिवक रहेको छ । गरिब परिवारको कथा व्यथा नै कथाको विषयवस्तु हो ।

### ३.२.३ चरित्रचित्रणः

'घरको कथा' मा मुख्य पात्रको रूपमा दिने र काली रहेका छन् भने सहायक पात्रको रूपमा म पात्र, उसकी श्रीमती च्यान्टी, दुधे बालक, रहेका छन् । दिने 'घरको' कथाको प्रमुखपात्र हो । दिने बालकको बाबु कालीको श्रीमनको रूपमा रहेको छ । ऊ दिनभरि बिजुली कम्पनिमा काम गर्छ । राति बास बस्नको लागि एउटा छाप्रोको बन्दोबस्त नभएको

अर्काको घरको ओसारामा रात बिताउने निम्नवर्गीय पात्रको रूपमा देखापर्दछ । आवेगमा आएर झोक्किने आफ्नो घर बनाउने इच्छा हुँदाहुदै पनि घरबनाउन नसक्ने, मालिकले काम सकिएपछि क्वाटर दिऊला भनेको छ भनि अर्काको आशा गरि बस्ने निकै आर्थिक अवस्था कमजोर भएको निम्न वर्गीय पात्रको रूपमा देखापर्दछ । काली यस कथाको दिनेको पत्नी र दुधे बालकको आमाको रूपमा देखापर्छ । घर बनाउने इच्छा हुँदाहुँदै पनि घर बनाउने नसक्ने आर्थिक अवस्था कमजोर भएको निम्नवर्गीय चरित्रको रूपमा देखापर्छ । अर्काको घरको ओसारामा रात बिताउने खानको लागि च्याख्लाको खिचडी पकाएर खाए पनि त्यसैमा सन्तोष व्यक्त गर्ने, लोग्नेले खाइसकेपछि मात्र खाने परम्परावादी सोच भएकी पात्रको रूपमा देखापर्छे । आफ्नो दुई जीउ भएपनि घर परिवारको जिम्मा लिएकी रिस नभएकी एक असल गृहणीको रूपमा देखापर्दछे ।

### ३.२.४ **दृष्टिबिन्दु** :

प्रस्तुत कथामा समाख्याताको रूपमा म पात्र आएको भए पनि यो म पात्रको कथा नभएर दिने र कालीको कथा हो । दिने र कालीको गरिबी दुःख दर्द रातदिन मिहेनत गरेर पनि एक पेट मिठो खान र बस्ने बास बनाउन नसक्ने पिल्सिएका दम्पतीको कथा हो । तसर्थ यस कथाको दृष्टिबिन्दु म पात्रको स्थान गौण भएकोले आन्तरिक परिधीय दृष्टिबिन्दु रहेको छ ।

### ३.२.५ उद्देश्य :

रात दिन परिश्रम गर्दा पनि कहिल्यै मिठोखान राम्रो लगाउन नपाएका गरिब दम्पती जो आफ्नो बस्ने घर नभएर कम्पनि मालिकको ओसारामा बस्न बाध्य छन् । उनीहरूको एउटै मात्र अन्तिम इच्छा छ छाप्रोबनाएर बस्ने भएपनि कहिल्यै पूरा गर्न नसकेकाले अत्यन्त चिन्तित छन् । गरिबीको कारणबाट बास बसाउँन नसकेर पीडित बनेका दिने र कालीजस्ता नेपालीहरूको कथा व्यथालाई प्रस्तुत गर्नु नै यस कथाको उद्देश्य हो ।

### ३.२.६ परिवेश

'घरको कथा' शहरीया परिवेश छ । यहाँ घरमा काम गर्ने नोकर्नी बिजुली कम्पनिमा काम गर्ने दिने र कालीको कमजोर आर्थिक अवस्था भएको देख्दा शहरीया परिवेश जस्तो देखिएको छ । उनीहरूले च्याख्लाको खिचडी पकाएर खाएको ढुङ्गाको चम्कना लगाइएको

आगो बालेको प्रसङ्ग उनीहरूले बोलेको प्रसङ्ग उनीहरूले बोलेको भाषाले गर्दा गाउँले परिवेश जस्तो पनि देखिन्छ । यस कथामा भर्खरै गाउँबाट सहरतिर गएका युगल जोडि भएकाले बिजुली कम्पनिमा भर्खरै जागीर खाएकोले बस्नको लागि घर नभएको गाउँले विचार रहेको शहरीया परिवेशलाई यहाँ प्रस्तुत गरिएको छ ।

### ३.२.७ भाषाशैलीः

यो कथामा सरल, सहज स्थानीय बोलिचालिमा आउने गाउँले भाषाको प्रयोग भएको छ । "आफ्नो पनि भाग राख नत्र खालिस भुत्रो" भन्ने दिने र कालीको गाउँले भाषाको प्रयोग भएको छ । जति राँड नाच्न जान्दिन उति आँगन टेढो भन्ने जस्ता उखान टुककाको प्रयोग भएको पाइन्छ । मुसक्क छ्यालब्याल, सुलुक्क, प्याच्च, भ्वास, खिसिक्क, गड्याङ्ग गुडुङ पुलुक्क, खित्तितित, सुरूपप जस्ता अनुकारणात्मक शब्दको प्रयोग भएको पाइन्छ । यिनै भाषा र उखान टुक्काको प्रयोगले गर्दा कथा उत्कृष्ट बनेको छ ।

## ३.३ संकल्प कथाको विश्लेषण

### ३.३.१ शीर्षकः

यस कथाको शीर्षक अभिधात्मक अर्थसापेक्ष छ । विश्व शान्ति र मानवकल्याणको लागि संघर्षमा लागि समाजमा रहेका अन्धविश्वासी कुण्ठित अन्धपरम्परालाई हटाएर कट्टरपन्थी पर्खालको घेरा भन्दा बाहिर निस्की समाजका लागि र नेपाल आमाका लागि केही गरेर जीवनरथ हाक्ने प्रभा र दिनेशको संकल्प यस कथामा पूरा गरिएकोले यस कथाको शीर्षक सार्थक रहेको छ ।

### ३.३.२ कथावस्तुः

यो कथा राजनीतिक र सामाजिक विषयवस्तुमा आधारित कथा हो । राधिकाले प्रभासँग तिमी दिनेशको जीवन साथी बन तिमीले जिन्दगीमा धेरै काम गर्नु छ । दिनेश क्रान्तिकारी मानव कल्याणको निम्ति दिलो ज्यान दिएर लागि पर्ने युवक हो । यस्तो व्यक्तिलाई आफ्नो जीवनसाथी बनाउ भनेर राधिकाले प्रभासँग भनेको प्रसङ्गबाट कथानक शुरु भएको छ । राधिका धेरै पढेलेलेकी नभए पनि उसमा मानिसले जीवनमा गर्नुपर्ने कर्तव्यको ज्ञान थियो । प्रभा र राधिका सानै उमेरका साथी हुन् । राधिका महिला संघको प्रतिनिधि थिइन् । उनले अङ्ग्रेजको नीतिको निन्दा गर्दै संसारका शान्तिप्रिय राष्ट्रहरूलाई

साम्राज्यवाददेखि सतर्क रहन आव्हान गरेकी थिइन । राधिकाले प्रभालाई प्रेरणा दिएकी थिइन् । यसै प्रेरणालाई सम्झदै प्रभा पनि दिनेशको साथ दिदै लागिपरेकी छिन् ।

संयुक्त मोर्चाको सभामा अग्रेज साम्राज्यवादको भण्डाफोर गरेको छ । साम्राज्यवादीहरूले एटम बमद्वारा गरिने युद्धलाई प्रमुख आधार बनाएका छन् । अङ्ग्रेज साम्राज्यवादी युद्ध लिप्साले शान्ति एटमबम देखेकोले यसको लागि युवक युवतीले प्रतिज्ञा गर्नुपेको छ । दिनेश र प्रभा एक साथ भएर शान्तिको सन्देश संसारका नरनारीसम्म पुऱ्याएर नेपाललाई पनि विश्वशान्तिामा लाग्न योगदान गरेका छन् । गोर्खा भर्ति रोक्नकालागि गोर्खा भर्ती बन्द गरी त्रिदलिय सन्धी भंग गर भन्दै कोशीका छात्रहरूले माग गरेका छन् । कुनै पनि देशको जनताको मुक्ति दबाउन फौज पठाउनु मानवताको अवहेलना गर्नु, मानव अधिकारको उलंघन गर्नु हो । अङ्ग्रेज अमेरिकीले पूजीवादको विस्तारको लागि सानातीना देशलाई विश्व युद्धको शिविर बनाएर आफू प्रवेश गर्नको लागि नेपाललाई पनि विश्व शान्ति विरुद्ध उभ्याउन खोज्ने देशप्रति कथाकारले व्यङ्ग्य गरेका छन् । मानव जातिको मुक्तिको लागि जीवन सत्य युद्धामा ल्याउनको लागि आफ्नो संकल्पपूरा भएपछि प्रभा र दिनेश प्रणय सुत्रमा गाँसिन्छन् । यसैबाट कथानक अन्त्य भएको छ । कथाको आदि मध्य र अन्त्यको क्रम नमिलेकोले कथाको गति वृत्ताकारिय रहेको छ ।

### ३.३.३ चरित्रचित्रण

यो कथामा दिनेश, प्रभा, राधिका प्रमुख पात्रको रूपमा रहेका छन् । रम्भा सहायक पात्रको रूपमा रहकी छे । राधिका धेरै पढेलेखेकी नभए पनि बौद्धिक व्यक्तिको रूपमा चिनिएकी छे । राधिका र प्रभा सानै उमेरका साथी हुन् । महिला संघको प्रतिनिधि, विश्व शान्तिको कामना गर्ने शान्तिप्रिय, मानव कल्याणको लागि आफ्नो जीवन नै दिने परे पनि पछि नपर्ने पात्रको रूपमा राधिका रहेकी छे । प्रभा राधिकाको प्रेरणा ग्रहण गर्ने देशभक्तिपूर्ण भावना भएकी पात्र हो । मानव कल्याणको लागि जीवन नै अर्पण गर्ने, आत्माभिमान, संघर्षशील व्यक्तिको रूपमा चिनिएकी छे । सामाजिक कामहरूमा चाख लिने विश्रृङ्खलित समाजप्रति घृणा गर्ने पात्रको रूपमा रहकी छे । भने दिनेश र प्रभा जीवनसाथी हुन् । दिनेश अन्याय र असत्यका विरुद्धमा संघर्ष गर्ने संघर्षशील व्यक्तिको रूपमा रहेको छ । मानव जातिको मुक्तिको लागि जीवनलाई सत्यको निम्ति युद्धमा ल्याउनको लागि संघर्ष गर्ने

राष्ट्रप्रेमी पात्रको रुमपा देखापर्छ । नेपाली जनताको लागि आफ्नो जीवन समर्पित गर्ने पात्रको रूपमा देखापर्छ । यिनै पात्रहरूको क्रियाकलापले गर्दा कथा उत्कृष्ट बनेको छ ।

### ३.३.४ दृष्टिबिन्दुः

यो कथामा दिनेश, प्रभा, राधिकाले मानव मुक्तिका लागि संघर्ष गरेकाले आफ्नो कार्तव्यलाई पूरा गर्ने संकल्प गर्दे अधिकारको खोजि गरिएको छ । राधिकाको प्रेरणाले गर्दा नै दिनेशसँग लागेर मानव हित र सामाजिक कार्यमा प्रभा लागेकी छे । यस कथाको दृष्टिबिन्दु पात्र तृतीय पुरुषमा रहेकोले बाह्य सीमित दृष्टिबिन्दु रहेको छ ।

### ३.३.५ उद्देश्य

यस कथामा मानवजातिको मुक्ति वा अधिकारको लागि र जीवनलाई सत्य युद्धमा ल्याएर जनतालाई सुखको सास फेराउनु हो । विश्व साम्राज्यवादको विरोध, राष्ट्रिय स्वतन्त्रता, क्षेत्रीय अखण्डता स्वाभिमानको निम्ति लागि पर्नु नै नेपाली युवाको कर्तव्य हो भन्दै विश्व शान्ति र मानव कल्याणको निम्ति लागि परेका युवायुवतीको बलिदानपूर्ण भावनालाई स्पष्ट पारी देशभक्तिपूर्ण भावना जगाउनु नै कथाको उद्देश्य रहेको छ ।

### ३.३.६ परिवेशः

यस कथामा युद्धको प्रसङ्ग आएको छ । अमेरिका, कोरिया, मलाया देशहरूमा पूजीवादको विस्तारको लागि भएको युद्ध भएको छ । “गोर्खा भर्ती बन्द गर त्रिदलीय सन्धि भंग गर” भनेर गोर्खा भर्तीका प्रसङ्ग आएको छ । शान्तिको कामना गरेर विश्वको साम्राज्यवादीहरूले फैलाएको शसस्त्र नीतिको विरुद्धमा उत्रिएर कामना गर्ने युवक युवतीलाई कथामा लिइएको छ । दुई अढाई वर्षको समयलाई कथाको परिवेश बनाइएको छ ।

### ३.३.७ भाषाशैलीः

‘संकल्प कथामा सरल सुबोध, सहज बौद्धिक व्यक्तिहरूले बोल्ने भाषाको प्रयोग गर्दा नै कथा उत्कृष्ट बनेको छ । “गोर्खाभर्ती बन्द गर त्रिदलिय सन्धि भंग गर” भन्ने जस्ता नराको प्रयोग भएको भए पनि कथामा नाराबाजी मात्र नभएर कलात्मक छ । झल्याँस, खलखलती, सुकसुकाउनु, झस्किनु, फुसफुसाउनु जस्ता अनुकरणात्मक शब्दको प्रयोग भएको पाइन्छ । यिनै भाषा शैली को प्रयोगले गर्दा कथा उत्कृष्ट बनेको पाइन्छ ।

### ३.४ 'पानको पात' काथाको विश्लेषण

### ३.४.१ शीर्षक

यस कथाको शीर्षक प्रतिकात्मक अर्थसापेक्ष छ । पानको पातको माध्यमबाट मानसिक यौनचेचनाको मान्यताबाट देखिने मनोरम संसारलाई यहाँ प्रस्तुत गरिउको छ । सुखद वेदनामा यथार्थले झल्काएको यौनजन्य प्रेमी कुण्ठाको प्रस्फूटन यस कथामा गरिएकोले यस कथाको शीर्षक सार्थक रहेको छ ।

### ३.४.२ कथानक

'पानको पात' कथा यौनमनोविज्ञानमा आधारित कथा हो । यस कथा मास्टरजीले म पात्रलाई कथा सुनाए पनि मास्टर साहेबको कथा नभएर पान पसले र युवतीको कथा हो । स्कूलको प्रधानाध्यापक एघार बजे खाना खाइसकेपछि पान पसलमा पान खाई प्याच्च थुकेपछि कथा प्रसङ्ग प्रारम्भ हुन्छ । कथा नायक म पात्र र मणिको पानपसलमा जहिले पनि भेट हुन्छ । पान खाइसकेपछि कहिले म पात्रले कहिले मणि प्रधानाध्यापकले पैसा तिर्छन । स्कूलका प्रधानाध्यापक भएका कारण विद्यार्थीहरूले भेटेपछि आदर गर्छन भने आफू सँगैका मित्रले मास्टरजी भनी सम्बोधन गर्ने गर्दछन् ।

यस कथामा मानसिक यौन चेतको झ्यालबाट देखिने मनोरम संसार छ । कथाका पात्र मास्टरसाहेब, म पात्रले पनि माग्ने बित्तिकै एउटी पच्चीस छब्बीस वर्षकी महिलाले नबोली पानको थालमा दश पैसा राखिदिन्छन् ।  पान पसलेले उनीहरूलाई वास्तै नगरी तपाईहरूलाई हतार नहोला एकछिन पर्खनुहुन्छ की भन्दै पहिले ती युवतीलाई मुस्कुराउँदै पान दिन्ट । आफ्नो मनमा रहको भावनालाई अरू समक्ष प्रकट गर्न नसक्नु पान खाने निहुँ गरी दिनदिनै पान पसलमा आउनु युवतीलाई देख्ने बित्तिकै पान पसलले अरूलाई पान नदिएर उसको इच्छा अनुसार पान बनाएर दिनु, पान त्यही नखाएर पोको बनाएर घर लगेर खानुको अर्थ उनीहरूको बीचको आकर्षण नै हो । उनीहरू बीच बोलचाल नभए पनि पान पसलेले सबभन्दा राम्रो पातमा बनाएको पानमा युवती मख्ख थिइन् भने पान पसले उसको मुस्कानमा मख्ख पर्दथ्यो । यौनजन्य आकर्षणले गर्दा व्यक्त गर्न नसकेर दमित यौन चाहना प्रकट गर्न चाहन्छन् त्यसैमा आनन्दभूत हुन्छन् । कथाको आदि, मध्य र अन्त्यको श्रृङ्खला मिलेकोले कथानक गति रैखिक रहको छ ।

### ३.४.३ चरित्रचित्रण

'पानको पात' मास्टरजीले म पात्रलाई कथा सुनाए पनि यस कथाको मुख्य पात्रको रूपमा पान पसले र युवती रहेका छन् । पान पसले आफ्नो मनमा दमित यौन भावनालाई युवती समक्ष प्रकट गर्न सक्दैन । उसलाई देख्दैमा सन्तोष व्यक्त गर्ने, युवतीलाई देख्ने वित्तिकै अरू बसिराखेको भए पनि सबैभन्दा पहिले युवतीलाई दिएर अरूलाई दिनु यसबाट के थाहा हुन्छ भने आफूमा भएको प्रणय प्रेमलाई युवती समक्ष प्रकट गर्न नसक्ने त्यसैमा सन्तोष व्यक्त गर्ने पात्रको रूपमा देखापर्दछ । पसले र युवती पनि एक अर्काको प्रेमी भएर पनि एकले अर्कोलाई आफ्नो कुरा व्यक्त गर्न नसक्ने अन्तराष्ट्रिय पात्र हुन् । उनीहरूको भेटघाटमा खुसी हुन्छन् । युवती यस कथाकी प्रमुख नारी पात्रको रूपमा देखा परेकी छे । युवती भएर पनि पान पसलमा गएर पान खाने पान पसलेको दिनदिनैको भेटमा र उसले बनाएको पान खाएर भए पनि सन्तोष मान्न बाध्य भएकी पीडित पात्र हो । आफ्नो मनमा रहेको दमित भावनालाई अभिव्यक्त गर्न नसक्नु भेटघाटमा खुसी हुने पात्रको रूपमा देखा पर्दछे ।

### ३.४.४ दृष्टिबिन्दु

'पानको पात' कथामा सामाख्याताको रूपमा म पात्र रहेर मणिलाई कथा सुनाए पनि म पात्रको र मणिको कथा नभएर पान पसले र युवतीको कथा हो । यसमा म पात्रको स्थान गौण भएकोले आन्तरिक परिधीय दृष्टिबिन्दु रहेको छ ।

### ३.४.५ उद्देश्य

'पानको पात' कथामा सधै पान किन्न आउने युवतीको आन्तरिक प्रेम यस कथामा प्रस्तुत गरिएको छ । पानको पात कथा रतिरागत्मक कथा हो । यौनजन्य प्रेमबाट उत्पन्न कुण्ठा र त्यसबाट उत्पन्न रतिरागत्मक अवस्थाको वर्णन गर्नु यस कथाको उद्देश्य हो । पान पसले र पच्चीस छब्बीस वर्षे युवतीको अव्यक्त प्रेम कुण्ठा र पान किन्ने निहुँमा पान पसलमा जानु र पान पसलेद्वारा गरिएको प्रेममय व्यवहार र उत्पन्न मानसिक अवस्थालाई मार्मिक ढङ्गले कथामा प्रस्तुत गरिएको छ ।

### ३.४.६ परिवेश

'पानको पात' कथा शहरिया परिवेशमा रचिएको कथा हो । यस कथामा केही दिन महिनाको मात्र कथा नभएर एक वर्षको समय रहेको छ । यसमा पान पसले र पच्चीस छब्बीस वर्षको युवतीको प्रेममय मानसिक परिवेशको वर्णन पाइन्छ । एक अर्काबीच प्रेम भएर पनि व्यक्त गर्न नसक्नाको कारणबाट उत्पन्न यौनजन्य कुण्ठाको अवस्थाबाट उत्पन्न परिवेशको वर्णन अत्यन्त मार्मिक रहेको छ ।

### ३.४.७ भाषाशैली

'पानको पात' कथामा कथाकारले सरल सहज सुललित आकर्षक भाषाशैलीको प्रयोग गरेका छन् । प्याच्च, खिसिक्क, छिरिपिट्ट, किचिक्क, पल्याकपुलुक, अनुकरणात्मक शब्दको प्रयोगले गर्दा कथा आकर्षक बनेको पाइन्छ । यस कथामा चटकी शैली पनि प्रयोग गरिएको पाइन्छ ।

## ३.५ छहारीमुनिको मालिक कथाको विश्लेषण

### ३.५.१ शीर्षक

यस कथाको शीर्षक अभिधात्मक अर्थसापेक्ष छ । केही समय अगाडि पिपलको रुखको छहारीमुनि जुत्ता पालिस गर्ने रामचा अहिले आफ्नो पेशा न्छोडि तल्लीन रहेकोले अहिले उ त्यही छहारीको मालिक भएको छ । आजकाल स्टिलका टेबुल कुर्सी राखेर दुई चार जना टुहुरा केटाहरूलाई राखेर बसेको छ । पहिले दस पैसामा जुत्ता पालिस गर्ने रामचा अहिले पचास पैसा लिन थाल्यो र केटाहरूलाई काम दिएर आफू चौतारीमा रेडियो बजाउँदै सुन्दै बसेको छ । अहिले उ त्यस पिपलको रुखको मालिक बनेको छ । कथाको सुरुदेखि अन्तिमसम्म प्रमुख मात्र रामचाले रुखको छहारी मुनि बसेर जुत्ता पालिस व्यवसाय गरेको प्रसङ्ग भएकाले कथाको शीर्षक सार्थक रहेको छ ।

### ३.५.२ कथानक

'छहारी मुनिको मालिक' कथामा कथाकारले राजनीतिक परिवर्तनसँगै समाजमा काम गर्ने मासिहरूको जीवनस्तर परिवर्तन आएको कुरालाई कथामा समावेश गरेका छन् । म पात्र धरानबाट काठमाडौं आएका छन् । पहिले पनि आफू काठमाडौं आउँदा पिपलको रुखको

छहारीमुनि रामचा ज्यापूसँग उनले जुत्तामा पालिस लगाएका थिए । अहिले पनि पिपलको रुखको छहारीमुनि बसी जुत्ता पालिस गराउने विचार म पात्रले गरेपछि कथानक शुरु भएको छ । रामचा जुत्ता सिलाउने सार्की उसको अवस्था निकै परिवर्तन भइसकेको छ । काठमाडौंको नयाँ सडक वरिपरिको दृश्य हेर्दा पहीलेका घरहरू थिएनन् । परिवर्तन भइसकेका थिए । होटल र भूगोलपार्कमा भने केही नवीनता देखिएको थिएन । २०१७ साल पहिले जस्तो मानिसहरू भेला भएर राष्ट्रिय तथा अन्तराष्ट्रिय गतिविधिबारे कुरा गर्ने मानिसहरू अहिले देखिएका छैनन् । जनसेवा सिनेग्रहमा आगलागी भएको थिया । त्यसबेला आगलागी भएर ध्वस्त भएका अवशेषहरू जथाभावि अलपत्र परिरहेका छन् । त्यसमा अनेक रङ्गका साइनबोर्डहरू झुण्ड्याइएका छन् । नयाँ सडकको पेटीमा बसेर आ-आफ्नो व्यवसाय गरेर जीवन निर्वाह गरिरहेका छन् । म पात्रले जुत्तामा पालिस गराउन रामचा ज्यापुको खोजि गरिरकेका थिए । २००७ सालमा घुमीघुमी जुत्तामा पालिस लगाउने रामचा २०१८ सालतिर उसले सुकुलमा बसी दुई चार जना केटा राखेर जुत्तामा पालिस लगाउने काम दिएको छ । रामचाले बागबजार टुकुचाको पुलमुनि सातो छाप्रो बनाएर जीवनयापन गरेको थियो । तर समयको चक्रसँगै उसको छाप्रोले पनि मोहडा बदल्यो । ऊ पनि ज्यापु जस्तै धनी भयो । रामचाको परिश्रमले भाग्यमा परिवर्तन ल्यायो । उसले पनि दुई चार जना केटाहरूलाई काम दिएर आफू पिपलको रुखको चौतारीमा रेडियो सुनेर बस्ने भयो । पहिला एउटा जुत्तामा पालिस लगाएको दस पैसा लिन्थ्यो तर अहिले स्टिलका टेवुल कुर्सी राखी पालिस लगाउने केटाहरू राख्यो पच्चीस पैसा लिन थाल्यो । रामचाको आम्दानी बढेको छ तर काम गर्ने केटाहरूलाई भने उसले पाँच पैसा दिने गर्दछ । उसले केटाहरूको परिश्रमबाट भने आफ्नो जहान परिवारलाई खान लाउन पुऱ्याएको छ । तर काम गर्ने केटाहरू महँगो समय पनि पाँच पैसामा बिताइरहेका छन् । उसले पनि उनीहरूको श्रमशोषण गरिरहेको छ ।

यतिकैमा कथाकारले आफ्नो साथी प्रभाकरलाई भेट्छन् । प्रभाकर औद्योगिक विकास कर्पोरेशनको सेवा गर्दछन् । प्रभाकरप्रति सहानुभूति प्रकट गर्छन । रामचा ज्यापूको कान्छी श्रीमती पनि रहेकी छे । आफू जुत्तामा पालिस लगाएर भए पनि श्रीमतीलाई सिनेमा हलमा सिनेमा हेर्न पठाउँछ । कथाको गतिमा विचलन आई विन्यासक्रम नमिलेकोले कथानक गति वृताकारीय छ ।

### ३.५.३ चरित्रचित्रण

'छहारीमुनिको मालिक' कथामा म पात्रको कथा भने पनि यो म पात्रको कथा नभएर रामचाको कथा हो । यस कथाको प्रमुख पात्र रामचा हो । रामचाका जुत्ता पालिस गर्ने केटाहरू, प्रभाकर, रामचाको कान्छी श्रीमती, छोरो सहायक पात्रको रूपमा रहेका छन् । जुत्ता पालिस गर्ने आफ्नो व्यवसायलाई समयको गतिअनुसार सफल बनाउन सक्ने गतिशील चरित्र हो । मृदुभाषी चतुर व्यापारिक क्षमता भएको चरित्र हो । आफूभन्दा ठूला व्यक्तिलाई आदर गर्ने एकचोटि देखेको व्यक्तिलाई सम्मानपूर्वक बोलाउने उसको बानी थियो ।

रामचाका जुत्तामा पालिस गर्ने केटाहरूले पाँच पैसा मात्र लिएर रुखो खाएर आफ्नो जीवनयापन चलाएका छन् । थोरै पैसा लिएर भएपनि आफ्नो संस्कृतिलाई अंगालेका छन् । प्रभाकर यस कथाका सरल स्वभावका आफ्नो विचार र सिद्धान्तमा कठोर किसिमका छन् । धनी र गरिबको वर्गसंघर्षलाई समाजमा कसी लगाएर समाज व्यवस्थाअनुसार मानव मनोवृति परिचालित हुन्छ भन्ने भावना उनमा रहेको छ ।

### ३.५.४ दृष्टिबिन्दु

'छहारीमुनीको मालिक' कथामा म पात्रले कथा भने पनि म पात्रको कथा नभएर रामचाको कथा हो । रामचाले नै जुत्तामा पालिस लगाएको निम्न स्तरबाट शुरु गरेर पछि केटाहरू राखेर गरेको हुनाले आन्तरिक परिधिय दृष्टिबिन्दु रहेको छ ।

### ३.५.५ उद्देश्य :

'छहारीमुनीको मालिक' कथामा जुत्ता पालिस गरेर जीवन निर्वाह धान्ने, टुहुरा बालकलाई सहरा दिएको देखिन्छ । काठमाडौं नयाँ सडकमा जुत्ता पालिस गर्ने रामचा केही समयपछि पालिस गर्ने केटाहरूको मालिक बनेको छ । उ आफ्नो पेशामा सधै तल्लिन भएर लागि परेकोले उसले आफ्नो घर व्यवहार राम्रोसँग चलाएको छ । परिश्रमको फल मिठो हुन्छ भनेजस्तै रामचाले पनि जुत्ता पालिस गरेर भएपनि आफ्नो जीवनस्तर सुधारेको पाइन्छ । पहिले छहारीमुनि बसी घुमीघुमी जुत्ता पालिस गर्ने रामचा अहिले परिवर्तन भएर आफ्नो घरगृहस्थी राम्ररी चलाएको छ । यसर्थ जतिसुकै सानो पेशा अर्थात तल्लो स्तरको काम भए पनि मिहेनत र लगनशीलता भएमा उन्नती गर्न सकिन्छ । सानो काम भनेर हेला गर्नु हुँदैन भन्ने उद्देश्य कथाको रहेको छ ।

### ३.५.६ परिवेशः

'छहारीमुनीको मालिक' कथामा काठमाडौं पुतलिसडकको पिपलको रुखको छहारीमुनि २००७ सालदेखि २०१८ सालसम्मको समयलाई कथाको परिवेश मानिएको छ । छहारीमुनि बसेर जुत्ता पालिस लगाउने व्यक्तिहरूको परिवेश कथामा आएको छ । २०१८ सालमा जनसेवा हल काठमाडौंमा आगो लागेको प्रसङ्ग आएको छ । यस कथा शहरिया परिवेशमा रचिएको कथा हो ।

### ३.५.७ भाषाशैली

'छहारीमुनीको मालिक' कथामा सरल, सहज स्थानीय भाषाको प्रयोग गरिएको छ । एक पन्थ दुई काम भन्ने जस्ता उखान टुक्काको प्रयोग भएको छ । केही बौद्धिक व्यक्तिले बोल्ने भाषाको प्रयोग गरिएको छ भने समान्य बोलिचालिमा आउने भाषाको प्रयोग गरिएको छ । पल्याकपुलुक खिसिक्क, ट्वाल्ल, थ्याच्च, पुलुक्क, ङिच्च-ङिच्च, खितितित्त जस्ता अनुकारणात्मक शब्दको प्रयोग गरिएको पाइन्छ ।

## ३.६ 'चतुरे सार्कीको विश्लेषण'

### ३.६.१ शीर्षक

'चतुरे सार्की' शीर्षक अभिधात्मक अर्थसापेक्ष रहेको छ । आफूले गरिरहेको पेशालाई सरकारले वास्ता नगरी चर्सा ठेक्का दिएपछि आफ्नो पेशा नै बर्वाद भएको ठानी आफू एउटा जुत्ता सिलाउने पेसामा काम गरेर पनि आन्दोलनमा उत्रनु उसको बाध्यता हो । आफू मात्र नभएर आफ्ना साथीहरूलाई समेत लिएर चर्सा ठेक्का तोडियोस् घरेलु उद्योगको रक्षा होस् भन्ने नाराका साथ सम्पूर्ण जनताको ध्यान आकर्षित पार्दै निम्न समाज सुधार संघको सहयोगका लागि अनुरोध पूर्वक सहयोग भन्ने क्रान्तिकारी नारा लगाएका छन् । शुरुदेखि अन्त्यसम्म चतुरे सार्कीकै बारेमा उसका पेशाको बारेमा वर्णन गरिएकोले शीर्षक सार्थक छ ।

### ३.६.२ कथानक

यस कथा सामाजिक विषयवस्तुमा आधारित कथा हो । यस कथामा सरकारले चर्सा ठेक्का -मरेका जनावरको हाडखुर र छालालाई सरकारी नियम बमोजिम ठेक्का लगाएपछि

चतुरजस्ता सार्कीहरू विराटनगर गोश्वार अगाडि पन्ध्र दिन अनशन बस्दा पनि सरकारले ध्यान दिएको छैन । उनीहरूको अनशनको विषय ठेक्का तोडियोस् घरेलु उद्योगको रक्षा होस् सबै जनतासँग निम्न समाज सुधार संघको सहयोगको लागि अनुरोध भन्ने थियो । पर्चा नयाँबजार चतरा लाइन छातामा टाँसिएको म पात्रले बजार डुल्न निस्कदा देख्छन चतुरेसँग भेट नभएको पनि पन्ध्र बीस दिनमात्र भएको थियो । उसले गरेको काम देखेर म पात्रलाई आश्चर्य लागेबाट कथानक शुरु भएको छ ।

चतुरेलाई धरान बजारमा नचिन्ने र नजान्ने कोही थिएनन् । चतुरेले बनाएको जस्तो जुत्ता अरू कसैले बनाउँदैनथे । प्रत्येकको घरमा उसले बनाएको जुत्ता हुन्थ्यो । उसले आफ्नो जीन्दगी नै जुत्ता बनाउनमा बितायो । जुत्ता बनाएर नै उसले आफ्नो जिविका चलाएको थियो । सरकारले चर्सा ठेक्का चलाउनाले चतुरेको दोकानमा नोक्सान पऱ्यो । सार्कीले छाला पाउन छाड्यो । ठेकेदारसँग छाला लिंदा असाध्यै महँगो किन्न नसकिने भयो । रोजगारै बन्द भयो । रोजगारका साथै उधोगधन्दा पनि बन्द हुन्छ । दोकान बन्द भएपछि उसलाई दुई छाक टार्न पनि मुश्किल भयो । गाउँ घरका सबैले उसलाई मन पराउने हुनाले एक दुई छाक खान दिएका छन् । चतुरेको छोरा भर्तीमा गएको चार वर्षसम्म पनि घर फर्केको छैन । अङ्ग्रेजी साम्राज्यवादी स्वार्थका लागि सोझा साझी जनतालाई विदेश पठाएका छन् । यसको विरोध कसैले गरेका छैनन् । विरोध भए आफ्ना छोरा मर्ने र मार्न मलाया पठाइदैनथ्यो । चतुरे बुढो भइसकेको छ । बुढेसकालको छोरा विदेश लाग्दा उसले दुःख मानेको छ । चतुरेकी बुहारी बिहे गरेको पन्ध्र दिन मात्र भएको थियो । मन्दिरका कान्छा पूजारीसँग हिडेकी छ । पुजारीले पनि आफ्नो चालचलनको ख्यालै गरेको छैन । यस्तै व्यक्तिहरूले गर्दा समाजको नग्न रूप प्रस्तुत भएको छ । यस कथाको आदि मध्य र अन्त्यको क्रम मिलेकोले कथानक ढाँचा रैखिक छ ।

### ३.६.३ चरित्रचित्रण

यस कथामा म पात्रले कथा भने पनि यो कथा चतुरेको रहेको छ । म पात्र र चतुरे सार्की यस कथाका मुख्य पात्र हुन् । चतुरेका साथीहरू छोरा बुहारी, कान्छापुजारी यस कथाका सहायक पात्रको रूपमा रहेका छन् । चतुरेको स्वभाव राम्रो सरल मिजासिलो थियो । बोल्यो कि हाँस्यो र हाँस्यो कि बोल्यो हाँसी ठट्टा गर्ने अत्यन्त रहरलाग्दो उसको बानी थियो । परम्परादेखि गर्दै आएको पेशा सरकारले विदेशीलाई दिएको चर्सा ठेक्का कारणबाट सबै

पसले बन्द गर्नु परेकोले पीडित चरित्र हो । आफ्ना बाबु बाजेले गर्दै आएका जुत्ता सिलाउने पेशा उसले पनि अपनाएकोले उ परम्परागत जुत्ता पसले हो । चतुरेसँगै अरू साथीहरूले पनि सहयोग गरेका छन् । म पात्र सहयोगी अरूको दुःखलाई आफ्नो दुःख सम्झने, हौसला र उत्प्रेरणा दिने पात्रका रूपमा देखा पर्दछन् । यिनै पात्रहरूको कारणले गर्दा कथा उत्कृष्ट बनेको पाइन्छ ।

### ३.६.४ दृष्टिबिन्दु

'चतुरे साकी' कथामा समाख्याता म पात्र भए पनि म पात्रको कथा नभएर चतुरेको कथा रहेको छ । चतुरेलाई सबैले मन पराएका सरकारले वास्ता नगर्दा पनि चतुरे सबैको नेतृत्वदायी पात्र भएर आन्दोनमा उत्रेकोले यस कथाको दृष्टिबिन्दु आन्तरिक परिधीय रहेको छ ।

### ३.६.५ उद्देश्य

'चतुरे साकी' कथामा चतुरेको पेशागत संकटलाई देखाइएको छ । चतुरेजस्ता गरिब निम्न वर्गीय व्यक्ति जसले आफ्नो परिश्रम गरेर आफ्नो जीविका चलाइरहेको हुन्छ । उसले मरेका जनावरको छाला प्रशोधन गरेर जुत्ता सिलाउने काम गर्छ । सरकारले चर्सा ठेक्का दिएर विदेश पठाएपछि नेपालका उद्योगहरू बन्द भएका छन् । आफ्नो देशमा बनाएको जुत्ता लगाउन मुश्किल भएको छ । चर्सा ठेक्काले गर्दा नेपालमा चलेका उद्योगहरू बन्द भएका छन् । र नेपालीहरू बेरोजगार अवस्थामा रहनु परेको छ । आफ्नो मेहनतले गरेर खानेलाई सरकारले वेवास्ता गर्दा आन्दोलनमा उत्रनु पर्ने अवस्था रहेको छ । चतुरे सार्कीको जस्तो पेसालाई सरकारले वेवास्ता गर्दा उनीहरूको गाँस बाँस कपास खोसिएको छ । घरेलु उद्योगलाई संरक्षण गर्नु पर्ने, कमीसनमा विदेशीलाई ठेक्का दिई निम्नवर्गको पेशा नै बन्द गर्ने काम गर्न नहुने स्वदेशी उद्योगलाई प्रोत्साहन दिनु पर्ने भन्दै सरकारको नालायकीपन प्रति व्यङ्ग गर्ने उद्देश्य कथाकारको रहेको छ ।

### ३.६.६ परिवेश

यस कथाको परिवेश धरान विराटनगरको शहरिया परिवेशलाई लिइएको छ । यस कथामा चर्सा ठेक्काको प्रसङ्गग चतुरेको छोरा भर्तीमा गएको घर नफर्केको बुहारी, कान्छो र पुजारीसँग मस्कदै बगैँचामा बसेकी प्रसङ्ग आएको छ । चतुरेसँग म पात्रको परिचय बाह्र

सालदेखि भएको भन्ने कथामा उल्लेख गरिएकोले यसको परिवेश बाह्र, तेह्र साललाई मान्न सकिन्छ ।

### ३.६.७ भाषाशैली

यस कथामा सरल सहज सुबोध स्थानीय भाषाको पनि प्रयोग भएको छ । निम्नवर्गीय व्यक्तिले बोल्ने गाउँले भाषाको पनि प्रयोग भएको छ । यस कथामा 'जदौ हजुर' भन्ने जस्ता दमै सार्कीहरूले आफूभन्दा ठूला मान्य व्यक्तिहरूलाई बोल्ने स्थानीय भाषाको पनि प्रयोग भएको छ ।

## ३.७ 'घात प्रतिघात' कथाको विश्लेषण

### ३.७.१ शीर्षक

'घात प्रतिघात' कथाको शीर्षक अधिघात्मक अर्थसापेक्ष रहेको छ । आफूले विवाह गरेको श्रीमतीलाई नक्कली प्रेममा फसाई पर स्त्रीसँग सम्बन्ध राख्दा पछि आफ्नै श्रीमतीबाट पनि तिरष्कृत हुनुपरेको छ । आफूले गरेको गल्तीलाई आफैले स्वीकार गरेर पछुताउनु परेको हुँदा यस कथाको 'घात प्रतिघात' शीर्षक सार्थक रहेको छ भन्न सकिन्छ ।

### ३.७.२ कथावस्तु

'घातप्रतिघात कथा यौन मनोविज्ञानमा आधारित कथा हो । यस कथामा शृङ्गारप्रिय राधाको ऐनामा छर्लङ वक्षस्थल झलझल झल्किरहेका छन् । कामातुर उन्मादले फरफर गरी फुरिरहेका रोमाञ्चित अंगहरूले राधाको भरखरै उदाएको कामुक क्रीडापम अंगले उनलाई कुतकुति लाउन थालेको छ यसबाट कथानक शुरु भएको छ । राधाको पति कृष्ण हो । यिनीहरू सुरुमा खुब मिलेका जोडी थिए । कृष्णले राधालाई प्राणभन्दा प्यारो सम्झन्थे । यस्तो प्राणभन्दा प्यारो सम्झने पतिले आफूलाई घृणा गर्छ भन्ने उसलाई बोध हुन सकेन । तर राधाको पति कृष्ण मनोरमा नामक पर-स्त्रीसँग लहसिएपछि राधाको मनमा उत्पन्न भाव मनोभावलाई कथामा प्रस्तुत गरिएको छ । राधाले जति अनुनय विनय गरेर मेरो प्राण लिनोस तर मनोरमासँग आकर्षित नहुनु भन्दा कृष्ण प्रत्येक लोग्ने मानिसले परस्त्रीसँग आकर्षित हुनु पुरुष स्वभाव हो भन्दै आफ्नो पौरषत्व देखाएको छ । कोमल नारी हृदय भएकी राधा भय त्रासले छटपटाउँदै "ईश्वर दाहिने भइदिए अवश्य विजयले मुकुट लगाउने छ ।" (आचार्य, २०७०:७२) भन्दै राधाले जति प्रयत्न गरे पनि उसको स्वभावमा परिवर्तन देखिएन

भन वीभत्स रूप लियो । गाउँघरमा राधाको विषयमा चर्चा हुन थाल्यो । पापिनिले उस जन्ममा पाप गरेकीले पतिबाट वञ्चित हुनु परेको भन्दै कुरा काट्न थाले । कृष्ण आफूसँग टाढा भएपछि पनि राधाको वेदनामा सहानुभूति प्रकट नगरेपछि आफू पनि स्वतन्त्र हुने विचार गर्दै प्राकृतिक सौन्दर्यले विभूषित राधा यौवनको गीत गाइरहेको बेलामा प्रेम पिपासु जुनकिरी झै उनको सामु कृष्ण आइपुग्छन् । राधाप्रति कृष्ण आकर्षित हुन्छन् । राधा भने तपाईका प्रतिज्ञा गर्दै मनोरमा बसीरहेकी होलिन् उसको सतीत्वले सराप्ने छ । मैले पनि पथ भ्रष्ट गरिसकेको छु भन्दै आफूमा पतिप्रेम भएपनि आफू चोखि भएपनि कृष्णलाई आफूसँग मोहित गराउन उ प्रति घृणाको व्यवहार गर्छे । सिन्दुरमा मात्र पुरुषको अधिकार छ शरीर स्वतन्त्र छ । "पत्नीलाई प्रतिप्रेम चाहिन्छ नत्र पशुवत कामवासनाले नारित्व जागृत हुन सक्तैन ।" पत्नीद्वारा अपमानित भएपछि कृष्णको हृदयमा चोट पुग्न जान्छ र आफू पति भएर पतीनलाई चोखो प्रेम दिन नसकेकोमा गल्ती स्वीकार्दै राधालाई पवित्र प्रेम दिन लाग्छ । यस मिलन बिन्दुमा कथानक अन्त्य हुन्छ । कथा आदि मध्य र अन्त्यको श्रृङ्खला मिलेकोले कथानक गति रैखिक रहेको छ ।

### ३.७.३ चरित्रचित्रण

यस कथामा कृष्ण र राधा मुख्य पात्रको रूपमा रहेका छन् भने सहायक पात्रको रूपमा मनोरमा रहेकी छिन् । कृष्णले राधालाई आफूले दिनपर्ने प्रेम दिन सकिरहेको छैन । रूप र सौन्दर्यमा पर स्त्रीसँग लागेर पैसा खर्च गर्ने उसको बानी रहेको छ । आफ्नी घरमा पतिब्रता नारी पतिको प्रतिक्षामा बसिरहेकी छे भने कृष्ण भने मनोरमासँग बाहिर हिड्नु कृष्णको पशुवत कामबासना मात्र हो । फ्रायडको यौनमनोविज्ञान झैँ चेतना र अर्धचेतनाभित्र यौन पिपासा नायकमा जागेर आउँछ । यौनपिपासु कृष्ण गैर जिम्मेवार गतिशील पात्रको रूपमा देखापर्दछ ।

राधा यस कथामा कृष्णको श्रीमतीको रूपमा रहेकी स्त्री पात्र हो । पतिको व्यवहारबाट पीडित भएर पनि हार नखाई उसलाई सुधार्ने गतिशील चरित्र हो । पतिपीडित आसाध्यै प्रेमभाव भए पनि चिढाएर गल्तिबोध गराउनका निम्ति परपुरषसँग लागेको जस्तो नाटक रच्न सक्ने चरित्र हो । समाजबाट लाञ्छित पतिप्रेमबाट विमुख खप्नु परेको पिडित चरित्र हो ।

### ३.७.४ दृष्टिबिन्दु

'घात प्रतिघात' कथामा कथाकारले कृष्ण र राधाको भावना, विचार प्रतिक्रिया आदि समाविष्ट गरिएकोले कथामा दृष्टिबिन्दु पात्र तृतीय पुरुषमा रहँदा बाह्य सीमित दृष्टिबिन्दु रहेको छ ।

### ३.७.५ उद्देश्य

यस कथामा सुन्दरी युवती देखेपछि उसलाई नक्कली प्रेममा फसाई विवाह गर्ने अनि अर्को देखेपछि उनै लर्कने प्रवृति भएको लोग्ने अन्ततः पत्नीबाट नै तिरस्कृत हुन जान्छ भन्ने तस्वीर 'घात प्रतिघात' कथाको उद्देश्य हो । यस कथामा पति पत्नीले एक अर्कालाई विश्वास र माया गर्नुपर्छ भन्ने उद्देश्य रहेको छ ।

### ३.७.६ परिवेश

'घात प्रतिघात' कथा शहरिया परिवेशमा रचिएको कथा हो । पतिले परस्त्रीसँग लगेर श्रीमती र परिवारलाई बिर्सेको घटनाबाट श्रीमतीमा पर्न गएको पीडा र त्यसबाट उत्पन्न समस्यालाई कथाको परिवेश बनाइएको छ ।

### ३.७.७ भाषाशैली

यस कथामा सरल, ससबोध, सहज भाषाशैलीको प्रयोग गरिएको छ । पति पत्नी बीच बिछोड हुँदा वा विश्वास नहुँदा उनीहरूले एक अर्काप्रति बोल्ने भाषा "यो सिन्दुरमा मात्र पुरुषको अधिकार छ शरीर स्वतन्त्र" भन्ने जस्ता भाषाको पनि प्रयोग भएको छ । खलखल्ती, च्यासच्वास्ती, डबडबाए, झस्किनु, सक्पकाउनु, चुलबुलाउन, जस्ता अनुकरणात्मक शब्दहरू प्रयोग भएका छन् । यिनै शब्दहरूको प्रयोगले गर्दा कथाको भाषाशैली उत्कृष्ट बनको छ ।

## ३.८ 'गुलाफको काँडो' कथाको विश्लेषण

### ३.८.१ शीर्षक

यस कथाको शीर्षक प्रतीकात्मक रहेको छ । 'फूल काँडा बिना राखिदैन बिना आँशुको नेत्र कोही हुँदैन ।" सर्वप्रथम गुलाफको काँडो शीर्षक कथाले महाकवि देवकोटाको सान्दर्भिक भावनालाई पनि प्रस्फुटन गराउँछ । विधवा महिलाको विहे गर्ने प्रगाढ इच्छा हुँदाहुँदै पनि

उनीहरूले विहे गर्न सकेका छैनन् । उनीहरूको लागि समाज काँडो बन्न गएको छ । त्यसरी नै एउटा गुलाफको बोटमा फूलेका फूललाई काँडाले गर्दा टिप्न मुस्किल भएको छ , त्यसै गरी विधवी र म पात्रको बीच विवाह गर्दा पनि समाज काँडो बने पनि उनीहरूले त्यस काँडोलाई गुलाफको काँडोसँग तुलना गरेकोले यस कथाको शीर्षक सार्थक रहेको छ ।

### ३.८.२ कथानकः

'गुलाफको काँडो' यौनमनोविज्ञानमा आधारित कथा हो । यस कथाको कथावस्तु 'म' पात्र र खरदार्नीको यौनकुण्ठामा आधारित छ । यी दुवैजना पात्रहरूको संगमबाट कथानक शुरु हुन्छ । खरदार्नी विधवी छे । उसको साथमा मैया भन्ने छोरी छे । उसको मनमा विहे गर्ने प्रगाढ इच्छा हुनु स्वभाविकै हो । ऊ उमेरमा नै विधवी भएकी छे । मैयाको कारणले आफूले विहे गर्न नपाएकी सोचेर खरदार्नीले "जीवनभर कसिंगर बन्न मेरो कोखमा जन्म लिन आइपुगेकी बाबुको सट्टा तँलाई कालले घचेटतो हो ।" भनेपछि कथानक शुरु भएको छ । म पात्रले भने मैयालाई असाध्यै माया गर्थ्यो । कोठाभित्र पस्ने बित्तिकै मैयालाई काखमा राखी म्वाइ खाने गर्दथ्यो । मैयाले उसलाई मेरो बाबा तपाई मेलो बाबा भनेर भन्थी । मैयाको बालहृदयले माताको तिरष्कारले गर्दा पिताको स्नेह र माया खोजेको छ । नजिकै डेरा भएकोले उनीहरूबीच प्रायः भेट भइ नै रहन्छ । उनीहरू बीच एक अर्काप्रति दिन प्रतिदिन आत्मीयता बढेको छ । आत्मीयताले गर्दा यि दुवैलाई एक्लो जीवन बिताउन कष्टपद बनेको छ । म पात्रको पनि सन्तान छैनन् । म पात्र र खरदार्नीको बीचमा मैया काँडो बनेको कुरा खरदार्नीको मनमा रहेको छ । खरदार्नीको मनमा रहेको यौनकृण्ठालाई हटाउन म पात्रले ढोका घच्घचाउँदै मैया हाम्रो मुटुको काँडो नभएर "मैया हाम्रो जीवन बाटिकाको कोपिला हो । तिम्रो अमर प्रेमको चिनो हो । हाम्रो काँडो त समाज हो ।" यसलाई फाँडेर निर्मूल पार्नुपर्छ । काँडो नभएर गुलाफको काँडो बनाउन सक्नुपर्दछ भन्दै त्रिभुजाकार तीनै जनाको काँडाको संसारलाई फूलै फूलको संसार बनाइएको छ । कथाको आदि मध्य र अन्त्यको क्रम मिलेकोले कथानक ढाँचा गति रैखिक रहेको छ ।

### ३.८.३ चरित्रचित्रण

यस कथामा म पात्र र खरदार्नी मुख्य पात्रको रूपमा आएका छन् भने मैयानानी सहायक पात्रको रूपमा रहेकी छे । म पात्र यस कथाको पुरुष पात्र हो । ऊ विवाह भइसकेको तर सन्तान नभएको यौन पिडित चरित्र हो । समाजमा रहेका अन्धविश्वास

कुरीति अन्धसमाजलाई फाँडेर निर्मूल बनाउन सक्ने पात्रको रूपमा देखापर्छ । खरदार्नीले आफ्नो छोरी मैयालाई जीवनको काँडो भनी भन्दा काँडो त मैया होइन मैया त जीवन बाटिकाको कोपिला हो भन्दै विधवी खरदार्नीलाई विहे गर्ने उच्च बिचार र भावना भएको पात्र हो ।

खरदार्नी यस कथाको स्त्री पात्र हो । उ मैयाको आमाको रूपमा रहेकी छे । ऊ विधवी भइसकेकी छ । विधवी भएर पनि आफू दोस्रो विवाह गर्छु भन्ने भावना भएकी यौनकुण्ठित चरित्र हो । चेटनाशुन्य भएकीले छोरीलाई आफ्नो जीवनको काँडो सम्फेर गालि गरेकी छे तर म पात्रले मैया हाम्रो मुटुको काँडो नभएर समाज हो भनेपछि उसमा परिवर्तन आएकोले ऊ गतिशील चरित्र हो ।

### ३.८.४ दृष्टिबिन्दु

यस कथामा म पात्र खरदार्नी रहेका छन् । म पात्र भएपनि कथामा विधवीको पनि त्यतिकै महत्व भएको हुनाले आन्तरिक परिधीय दुष्टिबिन्दु रहेको छ ।

### ३.८.५ उद्देश्य

'गुलाफको काँडो' कथामा एउटी विधवी युवतीको यौनकृण्ठा र उसका इच्छा चाहना र उसलाई समाजले हेर्ने दृष्टिकोणबारे प्रस्तुत गर्नु नै कथाकारको प्रमुख उद्देश्य रहेकी छ । जसरी गुलाफ काँडोको बीचमा सङ्घर्ष गर्दै फुल्छ त्यस्तै विधवाको जीवन पनि गुलाफ बीचको काँडा जस्तै सङ्घर्षमय रहेको छ ।

### ३.८.६ परिवेश

यस कथा म पात्र र खरदार्नीको यौनकण्ठाको परिवेशमा आधारित छ । डेराको प्रसङ्ग आएकोले शहरिया परिवेश देखिएको छ । सामाजिक अन्धविश्वास युक्त परिवेश छ । त्यसैलाई उनीहरूले पार गर्दै विवाह गरेको परिवेश छ । विधवा भएकोले विधवाप्रति समाजले हेर्ने सामाजिक दृष्टिकोण छ । मुलुकी ऐन २०१९ को प्रसङ्गलाई पनि कथाको परिवेश बनाइएको छ ।

### ३.८.७ भाषाशैली

'गुलाफको काँडो' कथाको भाषाशैली सरल, सहल, सुबोध किसिमको रहेको छ । यस कथामा मैयाको तोते बोली चोटे बोली मिठो र स्मरणीय रहेको छ । "कुलच्छिनी जीवनभर कसिंगर बन्न मेरो कोखमा जन्म लिन आइपुगेकी बाबुको सट्टा तँलाई कालले घचेट्तो हो ।" भन्ने सुकुमारी छोरीलाई बाबु टोक्ने अन्धो समाजमा बोल्ने भाषाशैलीको पनि प्रयोग गरिएको छ । भ्वास, ह्वात, घऱ्याक, मुस्लो, ड्याम्म, फनक्क, ल्याफल्याफती, घचघचाए, भ्वाक्क आदि अनुकरणात्मक शब्दको प्रयोग भएको पाइन्छ ।

## ३.९ 'च्यातिएको चोलि' कथाको विश्लेषण

### ३.९.१ शीर्षक

यस कथाको शीर्षक अभिधात्मक अर्थ सापेक्ष रहेको छ । यस कथामा एउटा मगन्ते भए पनि विधवी युवतीले आफ्नो प्रतिव्रता र नारीधनको रक्षा गरेकी छ । एउटा सुकुलगुण्डाले पैसा दिएर सतित्त्व लुट्न खोज्दा पनि आफू पैसाको प्रलोभनमा नफसी उसको पैसा फ्याकिदिएर गालि गरेकी छ । च्यातिएको चोलि लगाएर भएपनि आफ्नो अस्तित्त्व जोगाएकोले यस कथाको शीर्षक सार्थक रहेको छ ।

### ३.९.२ कथानक

यस कथा सामाजिक विषयवस्तुमा आधारित कथा हो । यस कथामा मुख्य पात्रको रूपमा रेणु र उसको छोरो, सिनेमा हेर्न आउने जाने मानिसहरू सहायक पात्रको रूपमा रहेका छन् । काठमाडौंको जनसेवा सिनेमा भवनमा सिनेमा हेर्न आउने र जानेहरूको भीड रहेको छ । त्यसैको एक छेउमा रेणु आफ्नो सानो छोरोलाई लिएर रित्तो हात लिएर माग्ने गर्छिन यसबाट कथानक शुरु भएको छ । भोकले सताइएका तरतर पसिना चुहाएर भारी बोक्ने भरियाभैँ भोकले सताएको टुहुरो तीनवर्षको छोरो सानेलाई लिएर रेणुले सडकको बीचमा हात पर्सानु परेको छ । छोरो भोकले रुन्थ्यो । त्यो देखेर रेणुलाई सहिसक्नु हुदैनथ्यो । र आफूले आफैलाई धिक्कार्ने गर्थिन । आफ्नो भाग्यलाई सराप्दै पूर्व जन्मको पाप भोग्नु परिरहेछ त्यसरी बाँच्नु भन्दा आफूलाई मर्नु नै बेस सम्झन्थिन । बिचरा विधवा रेणुलाई सुन्दर आकृतिको क्रान्ति चाहि दिएको देखिन्छ । उसको रूप र सौन्दर्यले गर्दा सिनेमा हेर्न आउने जाने दर्शकहरू पुलुक्क हेर्दै जान्छन् । कोही मायालु स्वभावको भए दिने गर्छन् भने

कसैले छि छि र दुरदुर गर्छन । कसैले मगन्ते भएर पनि कति राम्रै रैछ भन्दै जिस्क्याएर हिड्ने गर्छन । आफ्नो जीविका चलाउने शक्ति लिएर आएकी रेणुलाई माग्नुभन्दा अर्कै आकर्षक पेशा लिनु नै भनेर हिड्ने चुत्थो समाजप्रति रेणुलाई घृणा लाग्छ । यस्ता पापीहरूले नारी अस्तित्त्व नै लुटिदिने हुन की भन्ने डरले रेणुले आफू बसेको ठाउँ परिवर्तन गरेर अर्कै ठाउँमा बस्ने विचार गर्छे । सुकुल गुण्डा पुरुष पात्रले हातमा एक सयको नोट खल्तीबाट निकालेर हातैमा दिन्छ र रेणुप्रति रोमान्टिक कौतुक दृष्टिले हेर्दै नायिका रेणुको चोलि नै समातिदियो । यतिका पैसा कहिले नपाएकी रेणुका हातबाट नोट भूइँमा खस्यो । उनी डराइन लाज लाग्यो देख्ने सुन्नेले के भन्लान भन्दै आफ्नो छोराको मायाले गर्दा रेणुले त्यस पैसालाई भुइँमा फ्याकेर लत्याउँदै कराइन तेरो छाला मलाई पैसामा किन्न खोज्छस्, म बेचिन्न भनेपछि पैसावाला लाजले भुतुक्क भएर भाग्न खोज्दा उसले समातेको चोलि नै धरर् च्यातियो । रेणु नायिका बालक छोरो च्यापेर अदृश्य हुन्छिन् । यतिकैमा कथा अन्त्य हुन्छ । कथाको आदि मध्य र अन्त्य मिलेको कथानक कथा रैखिक रहेको छ ।

### ३.९.३ चरित्रचित्रण

यस कथामा रेणु नायिकाको रूपमा रहेकी छे । रेणुको छोरो सुकलगुण्डा सिनेमा हेर्न आउने जाने व्यक्ति सहायक पात्रको रूपमा रहेका छन् । रेणु यस कथाको प्रमुख पात्रका रूपमा रहेकी छे । उसैको जीवनको सेरोफेरोमा कथाको गति अगाडि बढेको पाइन्छ । रेणु सानु बालकको आमाको रूपमा रहेकी छे । ऊ विधवी छ । आफूसँग काखेबालक हुँदा केही गर्न नसकेर सिनेमा हल अगाडि बसेर आउने जानेसँग दुई चार पैसा मागेर भए पनि आफ्नो सानो छोरालाई बचाउन निस्वार्थ भावना भएकी पात्र हो । मागेर भए पनि आफ्नो जिविका चलाउन सक्ने शक्ति लिएर आएकी आकर्षक चारुमूर्तिको रूपमा रेणुलाई लिइएको छ । नारी अस्तित्त्व भएकी निस्वार्थी नारी अस्तित्त्वलाई महत्व दिने पीडित चरित्रको रूपमा देखापर्छे ।

### ३.९.४ दृष्टिबिन्दु

विधवी भएर आफ्नो नारी अस्तित्त्वको रक्षा गर्ने विधवीको कथा मागेर हिड्दा आउने समस्या, विधवी महिलालाई समाजले हेर्ने दृष्टिकोण भएको तृतीय पुरुषमा रहेकोले बाह्य सीमित दृष्टिकोणको प्रयोग भएको छ ।

### ३.९.५ उद्देश्य

आफ्नो सन्तानको जीवन निर्वाहको निम्ति एउटी विधवी युवती नारीले आफूले मागेर खानु परेको अवस्था र तरुनी विधवी माथि गुण्डाहरूले गर्ने दुर्व्यवहार नारी अस्मिता माथिको प्रहारको बारेमा व्यक्त गर्दै फटाहाहरूले सजाय पाउनु पर्छ । सुन्दर समानतामूलक समाजको निर्माण हुनुपर्छ भन्ने उद्देश्य कथामा रहेको छ ।

### ३.९.६ परिवेश

यस कथा शहरिया परिवेशमा रचिएको छ । काठमाडौं जनसेवा सिनेमा भवन अगाडिको दृश्यलाई कथाको परिवेश बनाएका छन् । एउटा सडकमा माग्न बस्ने महिलाको दयनीय अवस्था उनीहरूले भोग्नुपरेका सामाजिक समस्या र समाजले एउटा विधवी नारीलाई हेर्ने दृष्टिकोणलाई यस कथामा रहेको छ ।

### ३.९.७ भाषाशैली

यस कथाको भाषा सरल, सहज भाषाशैलीको प्रयोग भएको पाइन्छ । यस कथामा निम्न वर्णलाई बोल्ने छि छि र दुरदुर गर्ने समाजमा बोलिने भाषाको प्रयोग भएको छ । बज्रामुक्का चखाउने खालका भाषाशैलीको पनि प्रयोग भएको छ । “चाहिदैन तेरो छाला मलाई किन्न खोज्छस् ।” झयाल्स, जुरुक्क, छक्क, थरथर, सलक्क, खिलखिलाउनु जस्ता अनुकरणात्मक शब्दको प्रयोग भएको छ ।

## ३.१० ‘उत्तिम थारु’ कथाको विश्लेषण

### ३.१०.१ शीर्षक

यस कथाको शीर्षक अभिधात्मक अर्थसापेक्ष रहेको छ । यस कथा उत्तिम थारुको जीवनमा ‘भूमिसुधार’ लागु भएपछि किसानहरूले आफ्नो जग्गा आफै लिएपछि उनीहरूको जीवनमा आएको संकटलाई नै कथाकारको मूल विषय बनाइएको यस कथाको शीर्षक उत्तिम थारु औचित्यपूर्ण रहेको छ ।

### ३.१०.२ कथावस्तु

यस कथा सामाजिक विषयवस्तुमा आधारित कथा हो । यस कथामा तराईवासीहरूको थारुहरूको जीवनमा परेका पिरमर्कालाई कथाको विषय वस्तु बनाएका

छन् । यस कथामा उत्तिम थारु, बाजे, नाथु थारु अनि हकवाला पुरुष पात्रको रूपमा रहेका छन् । प्रजातन्त्रको प्रतिस्थानमा जसको जोत उसको पोत यस नाराले कतिपय किसान खुशी भएका छन् । मोहीयानी जीवन बिताउने थारुहरूको घैटामा घाम पटक्कै लागेको छैन । मालिकले खर्च, खसी, बोका, दिएर भोज खुवाइदिने, नाचगान गर्ने गराउने जस्ता रमाइलो गतिविधि बन्द हुँदा गाउँले उत्तिम थारु समुह साह्रै विरक्त भएका छन् । आफू आठ वर्षको उमेर हुँदाको तराईवासीसँग आत्मीय प्रेमको डोरी गाँसिएको तर विस्मृतिका गर्भमा लुकेको शिव रेग्मीले सम्झाएको त्यतिखरेको उत्तिम यसका काँधमा चढेर खलिहान उमेर मोजमस्ती गरेको सम्झना रोचक छ । २०११ सालको तराई आन्दोलनले तराईका थारु जीवनमा परेका पिर मर्कालाई यस कथामा प्रस्तुत गरिएको छ ।

अन्त्यमा उत्तिम जोताहाको छोड पूर्जीमा जग्गा धनीले सहीछाप लगाउन जोर दिएको र हकवाला किसानलाई पनि औलाको छाप लगाउन अह्राएको प्रसङ्गमा किसानले दुःख मान्दै गरिबको पनि दिन दाहिना होलान कि भन्ने दुखेसो उत्तिम थारुहरूको रहेको छ । उत्तिमले नारेको कालो रातो गोरु खुला जमिन नपाएर ड्वाड्वा कराउँदै हलोजुवा छाडेर उफ्रेका छन् । आँखाभरि आँसु पारेर रुदै उत्तिम थारु परिवार गोरुका पछिपछि दौडिरहेका छन् ।

### ३.१०.३ चरित्रचित्रण

यस कथामा मुख्य पात्रको रूपमा उत्तिम थारु रहेको छ । उत्तिम थारुको बाजे, किसान, आदि सहायक पात्रको रूपमा रहेका छन् । उत्तिम थारु यस कथाको निम्नवर्गीय चरित्र हो । उसैको सेरोफेरोमा कथाको गति अगाडि बढेको पाइन्छ । उत्तिम थारु एकदमै सोझो मिहेनती सानैदेखि गरेको काम भूमिसुधार लागेपछि छोड्नु परेकोमा चिन्तित बन्न पुगेको दुःखी चरित्र हो । भूमिसुधार लागु भएकोले मोहियानी हकको डरले किसानहरूले जग्गा नदिएपछि आफ्नो पेशा नै बर्वाद भएको ठान्ने पीडित चरित्रको रूपमा देखापर्छ ।

### ३.१०.४ दृष्टिबिन्दु

यस कथा उत्तिम थारुको जीवनमा भूमिसुधार लागु भएपछि म पात्रले भूमि सुधार भएको कुरा उत्तिम थारुलाई सुनाएर उसको बारेमा कथा भनेकोले यस कथाको दृष्टिबिन्दु आन्तरिक परिधीय रहेको छ ।

### ३.१०.५ उद्देश्य

यस कथाको उद्देश्य धेरै लामो समयदेखि खेत जोतेर गुजरा चलाउँदै आएका थारुहरूको रोजगारी पनि भूमिसुधार कार्यक्रम पछि खत्तम भएको छ । मोहियानी हकको डरले किसानहरूले थारुहरूलाई जोत्नको लागि जग्गा नदिएर सहि छाप लाएर आफैले लिएबाट थारुको जीवन नै खत्तम भएको कुरा प्रष्ट पार्नु यस कथाको उद्देश्य रहेको छ । भूमिसुधार कार्यक्रमबाट गरिब जनताले सुख पाउनु सट्टा उल्टै गर्दै आएको काम समेत छुटेको जालि फटाहा गाउँका सामन्तहरूले किर्ते छाप लगाएर गरिबहरूले पाउने मोहियानी हक समेत हडपेर गरिब किसानहरूप्रति गरेको अन्यायको विरोध गर्दै निमुखा गरिब किसानहले न्याय पाउनु पर्छ भन्ने उद्देश्य कथाकारको रहेको देखिन्छ ।

### ३.१०.६ परिवेश

यस कथा तराईको ग्रामीण जीवनको परिवेश रहेको छ । यस कथामा २०११ सालको किसान आन्दोलन, राणाशासन, सात सालको क्रान्ति, पन्ध्र सालको आम निर्वाचन, सत्र सालको राजनीतिक परिवर्तन, उन्नाइस सालको पञ्चायती व्यवस्था आदिलाई समेटेर कथाकारले कथाको परिवेश बनाएको पाइन्छ ।

### ३.१०.७ भाषाशैली

यस कथाको भाषाशैली तराईमा बस्ने थारुहरूले बोल्ने भाषा रहेको छ । बुझली किसनकीमा, कमाके, नहीसम्छिया, केनहके, मुँगी पोसवे कहलके जस्ता भाषाले कथामा स्थानीय परिवेशको झल्को पाइन्छ । फिसिक्क, खिसिक्क, ड्वाड्वा, जस्ता अनुकरणात्मक शब्दहरूको प्रयोग भएको पाइन्छ ।

## ३.११ आगोमा पिल्सिएको तस्वीर कथाको विश्लेषण

### ३.११.१ शीर्षक

'आगोमा पिल्सिरहको तस्वीर' कथा प्रतिकात्मक अर्थसापेक्ष छ । कथामा ईष्याको भावनाले गर्दा फोटो उढाइएको प्रसङ्गले गर्दा उनको मन पिल्सिरहेको हुनाले कथाको शीर्षक सार्थक छ ।

### ३.११.२ कथावस्तु

आगोमा पिल्सिरहेको तस्वीर कथा मनोवैज्ञानिक कथा हो । लेखक यज्ञप्रसाद आचार्य र पुष्पा दुवै साहित्यिक व्यक्तित्व थिए । पुष्पासँग परिचय प्रतिमाको माध्यमबाट भएको छ । प्रतिमा र पुष्पा विराटनगरमा एउटै टोलमा घर भएका बाल्यअवस्थादेखि कै घनिष्ट मित्र थिए । पुष्पा अरू आगन्तुक जस्तै प्रतिमाको घरमा आइनै रहन्छिन् । प्रतिमा म पात्रको पत्नी हुन । प्रतिमासँग भेटघाट गर्न पुष्पा आउने हुनाले उनीसँगको भेटघाट म पात्रलाई थाहा हुन्छ । उनी पनि साहित्यमा आगाध ज्ञान राख्दछिन् भन्ने प्रसङ्गबाट कथानक सुरु भएको छ । उनले लेखेको प्रथम काव्य 'अनुराधा ' रहेको छ । धरान आएको बेला म पात्रको 'मुक्तात्मा कथासङ्ग्रहलाई लिएर उनीहरू कुराकानी गर्थे । मुक्तात्मा कथासङ्ग्रहमा लेखिएका सम्पूर्ण चरित्रसँग भने प्रतीमा सहमत गर्दैनथिन् । यसको बारेमा उनीहरूले दिनरात छलफल गरे । म पात्रले अनुराधा काव्यमा भएको तस्वीरलाई आफ्नो पत्नी प्रतिमामा प्राप्त गर्ने प्रयास गरे । पुष्पाले अनुराधा काव्य म पात्रलाई लेखिदिन दिएकी छे र म पात्र त्यस लेख्नमा तल्लिन रहेका छन् । तर प्रतिमा भने अनुराधा काव्यले गर्दा तपाईको पौरष पनि भौतारिरहे जस्तो छ भनेर अनुराधा कृति प्रति नै ईष्या गर्न लागिन् । आफ्नो बिचार अनुराधा काव्यमा लेख्ने विचार गर्दै म पात्रले दराजमा अनुराधा काव्यलाई राखी बाहिर निस्केका थिए । अनुराधा काव्य नेपाली साहित्यमा नौलो प्रस्तुति हो । यसको रचनाकार पुष्पा नेपाली नारी समाजमा अनौठो चरित्र हो । यी दुवैको संयोगमा नेपाली आर्दश प्रतिष्ठापित भएको छ । यस्तो अनुराधा काव्यलाई म पात्रले आफ्नो मन्तव्य लेख्न नपाउँदै उत्कृष्ट आकांक्षा खरानीको खाग भई भूइँमै बिलाएको छ । प्रतिमा भने म पात्रलाई हेरि हाँसिरहेकी यसबाट कथानक अन्त्य भएको छ । यस कथाको विन्यासक्रम विचलन नआई एकपछि अर्को गरी क्रमिक विन्यास भएकोले कथानक ढाँचा रैखिक रहेको छ ।

### ३.११.३ चरित्रचित्रण

'आगोमा पिल्सिरहेको तस्वीर' कथाका पात्रहरू म पात्र, प्रतिमा र पूष्पा तीनै जना प्रमुख पात्रको रूपमा रहेको छन् । म पात्र प्रतिमाको श्रीमान हो । ऊ बौद्धिक व्यक्तित्व हो । म पात्र कथा वाचकको रूपमा रहेको छ । उसले अनुराधा काव्यको भूमिका लेख्न खोजेको आफ्नो काव्य मुक्तात्मा र प्रतिमाको अनुराधा काव्यलाई एउटै ठानेको छ । प्रतिमा भने महिला भएर पनि महिलालाई ईर्ष्या गर्ने ईष्यालु भावना भएकी पात्र हो । ईष्याले गर्दा

आफ्नो साथीलाई पनि विर्सिने पात्रको रूपमा रहेकी छे । पूष्पा यस कथामा प्रतिमाको साथीको रूपमा रहेकी छे । साहित्यप्रेमी, मिलनसार व्यक्तिको रूपमा देखापर्छे । यिनै पात्रको भूमिकाको कारणले गर्दा कथाको गति अगाडि बढेको पाइन्छ ।

### ३.११.४ दृष्टिबिन्दु

यस कथामा म पात्रले कथा भने पनि म पात्रको कथा नभएर प्रतिमाको कथा हो । 'अनुराधा काव्य'  को भूमिका लेख्न खोज्दा प्रतिमाको मनभित्र रहको पीडा पिल्सिरहेको हुनाले र प्रतिमाको मनको पीडा नै कथावस्तु भएकाले यस कथाको दृष्टिबिन्दु आन्तरिक परिधीय रहेको छ ।

### ३.११.५ उद्देश्य

यो कथाको उद्देश्य एउटा महिलाले अर्को महिलाप्रति गर्ने ईष्यालु भावनाको कारणबाट एउटा महिला साहित्यकारले अर्को पुरुष साहित्यकारलाई भूमिका लेखिदिन अनुरोध गरी फोटो सहित पाण्डुलिपि दिंदा त्यस पाण्डुलिपिलाई आगोमा पिल्साएर सौतेनी भावना रिस डाहा र ईष्याको भावनाले उसको मनमा पर्न गएको अन्तद्वन्द्वलाई नै कथामा प्रष्ट पार्नु यसको उद्देश्य रहेको छ ।

### ३.११.६ परिवेश

यस कथामा विराटनगरमा पुष्पाको घर रहेको छ भने धरानमा म पात्रको घर रहेको छ । यस कथामा पुष्पाले दोस्रो पृष्ठमा  आफ्नो मन्तव्य लेखिदिनु म पात्रलाई दिए पनि प्रतिमाले त्यस अनुराधा काव्यलाई आगोमा पिल्सिरहेकी छे । नारीले नारी प्रति गर्ने ईष्यालु भावना देखाइएको छ । यसैलाई कथाको परिवेश मानिएको छ ।

### ३.११.७ भाषाशैली

यस कथामा सरल, सहज, सहस भाषाशैलीको प्रयोग भएको पाइन्छ । यस कथामा फ्यात्त, खिसिक्क, फनक्क, सुस्तसुस्त, जस्ता अनुकरणात्मक शब्दको प्रयोग भएको पाइन्छ ।

### ३.१२ 'मन्त्रीज्यूको सभास्थल' कथाको विश्लेषण

### ३.१२.१ शीर्षक

यस कथाको शीर्षक अभिधात्मक अर्थसापेक्ष रहेको छ । मन्त्रीको पदमा रहेर पनि उसले भोगेको दुःख उसले गरेको योगदानलाई त्यही पदमा रहेका अर्को व्यक्तिलाई संस्मरण गरेर सुनाइएको छ । यस कथाको शीर्षक सार्थक रहेको छ ।

### ३.१२.२ कथानक

प्रस्तुत मन्त्रीज्यूको सभास्थल कथा राजनीतिक विषयवस्तुमा आधारित सामाजिक कथा हो । शशीधरको संस्मरणात्मक कथा हो । शशीधर र राजनाथ मित्र थिए । मित्र भए पनि उनीहरूबीच पनि मत भिन्नता रहेको थियो । शशीधरको अहिले मृत्यु भइसकेको छ । मृत्यु भए पनि उनले गरेको राम्रो कामले गर्दा उनलाई राजनाथज्यू जस्ता व्यक्तिले सम्झेका छन् । यस प्रसङ्गबाट कथानक शुरु भएको छ । राणाशासन कालमा प्रजातन्त्रको लागि बाह्र वर्ष जेलको कठोर यातना भोगेका छन् । मानव आत्मा राष्ट्रभक्ति र देश प्रेम र स्वार्थ त्यागले उनको हृदय ओतपोत भएको छ । उनी एक कर्मनिष्ठ र इमान्दार व्यक्ति थिए । उनले आफ्नो मातृभूमिको राष्ट्रिय प्रतिष्ठानको निम्ति सिद्धान्तको प्रतिपादन गरेका थिए । परलोक भए पनि यस्ता व्यक्तिको खाँचो भने देशलाई परिरहेको छ । उनको विचारमा एकात्मकता र समन्वय पाइन्छ । उनीबाट हामीले राष्ट्रवादीता, देश सेवा प्रेम सिक्नुपर्छ ।

मन्त्रीमण्डल विघटन भएको दुई महिनापछि शशीधर बिरामी परेका छन् । आफ्ना मित्रलाई हेर्न राजनाथ शशीधर कहाँ गएका छन् । राजनाथज्यूले भन्ठानेका थिए । उहाँको बसाई उठाई प्रधानमन्त्री हुँदाको जस्तै होला तर ठिक विपरीत भएको छ । विपरीत मात्र नभएर उनको स्थिति हृदय विदारक थियो । त्यो देखेर राजनाथको आँखाबाट आँसु चुहे । तर पनि उनले थाहा नपाउने गरी मुस्कुराउँदै राजनाथ भित्र पस्न ढोकामा मात्र उभिएका थिए । भित्र कोठामा ग्यार ग्यार, गुर गुर कहिले तिर्खा कहिले मलिन र कहिले झोकिएको स्वर सुनिएको थियो । बिरामीको कोठामा यस्तो आवाज आउनु स्वभाविकै ठानेर राजनाथ कोठाभित्र पसे । सानो पलङ्मा शशीधर झोक्राएर बसिराखेका उनकी श्रीमती पलङ्गनेर भूईंमा बसिराखेकी दुवै पति पत्नीका बीचमा पैसा अलपत्र थियो । राजनाथले विचार गरे पक्का पनि लोग्ने स्वास्नीको झगडा भएको रहेछ भनेर नभन्दै उनकी श्रीमतीले भनिन् । अठार महिना प्रधानमन्त्री भएको मान्छे रे घरको अवस्था हेर्दा धुरुक्क रुनु जस्तो छ भने

पछि उनले झर्कदै “मेरो पितृको रगत खाने यति हो । यस भन्दा बढ्ता भएको भए मेरो कात्रो नै होस् ।” (आचार्य, २०७०:७९) भूइमा कच्चाक कुचुक परेका नोट अलपत्र थियो । श्रीमती भने “म पनि त के गरुँ ? यो साँझ चूलामा आगो नबल्ने भइसक्यो, बालबच्चा कराउँदछन्, रुन्छन् ।” (आचार्य, २०७०९:८०) भन्दै सारीको सप्कोले मुख छोपि रुन थालिन् । उनले भने दलिन गनिरहेका श्रीमती चाहिँ राताराता आँखाले पतिलाई हेरिरहेकी यतिकैमा एकजना वृद्ध सानदाई मेरो छोरो सिकिस्त भएको छ जाने ठाउँ अन्त कतै छैन । अस्पतालमा देखाएको औषधी किन्नू भनिदियो आफूसँग कानो कौढी छैन मेरो छोरो तपाईको हातमा भनेपछि उनले आफ्नो घरको चूलो नबल्ने भइसक्दा पनि अर्काको छोरो बचाउनको लागि भूइँमा अलपत्र रहेको रुपिँया उठाएर त्यस वृद्धलाई लिनोस तपाई आफ्नो छोरो बचाउनुहोस् मेरो त अहिले मर्ने बेला भइसकेको छैन । अतः मलाई पक्का विश्वास छ हामी नेपाल माताको भविष्य अवश्य सुखद र समुज्वल छ खालि यी सपुतहरूलाई तपाई हाम्रो सहयोग र श्रद्धा चाहिएको छ भनेर राजनाथले भनेपछि कथानक अन्त्य भएको छ । कथाको आदि मध्य र अन्त्यको क्रम मिलेकोले कथानक ढाँचा रैखिक रहेको छ ।

### ३.१२.३ चरित्रचित्रण

प्रस्तुत कथामा म पात्रलाई राजनाथले शशीधरको बारेमा कथा सुनाएका छन् । यस कथामा राजनाथ म पात्र, शशीधर, उनका श्रीमती पैसा माग्न आउने वृद्ध यस कथाका पात्रहरू हुन् । यस कथाको प्रमुख पात्र राजनाथ रहेका छन् । शशीधर, म पात्र, शशीधरकी श्रीमती पैसा माग्न आउने वृद्ध सहायक पात्रको रूपमा रहेका छन् । शशीधर राजनाथको मित्र थिए । उनी अरूको सहयोगमा रमाउने व्यक्ति थिए । अठार महिना प्रधानमन्त्री हुँदा पनि उनको घरको अवस्था भने नाजुक नै रहेको छ । उनी आफ्नो श्रीमती घर परिवारलाई भन्दा पनि दुःखी र बिरामीको सेवा गर्ने दयालु भावनाका व्यक्ति थिए । जति दुःख परे पनि हाँसेर बोल्ने उनको बानी थियो । उनी अरूको सुखलाई आफ्नो सुख ठान्ने, कर्मनिष्ठ, इमान्दार, राष्ट्रवादी, मातृभूमिको राष्ट्रिय प्रतिष्ठानको निम्ति सिद्धान्तको प्रतिपादन गर्ने पात्रको रूपमा रहेका छन् । उनकी श्रीमती साधारण गृहणीको रूपमा रहेकी छे । राजनाथ वीर सपुत मित्रलाई सम्झने र फेरि पनि यस्तै सपूतको जन्म हुनेछ भनेर कल्पना गर्ने शक्ति भएका व्यक्तिका रूपमा देखापर्दछन् । यिनै पात्रको भूमिकाले गर्दा नै कथा उत्कृष्ट बनेको पाइन्छ ।

### ३.१२.४ दृष्टिबिन्दु

प्रस्तुत राजनाथ मन्त्रीज्यूको सभास्थल कथामा राजनाथले म पात्रलाई सुनाए पनि यो कथा शशीधरको कथा हो । शशीधरले आफू अठार महिना प्रधानमन्त्री भए पनि उसको घरमा चुलोमा आगो बल्न सकेको छैन । ऊ अरूको सेवामा तल्लीन रहेको छ । उसले आफ्नो दु:खलाई दु:ख नसम्झेर अरूको दु:खमा सहयोग गरेको छ । त्यसैले यस कथाको दृष्टिबिन्दु  आन्तरिक परिधीय रहेको छ ।

### ३.१२.५ उद्देश्य

यस कथामा इमान्दार व्यक्तिको आर्थिक संकट देखाइएको छ भने बेइमानी फटाहा, घुस खाने प्रवृतिलाई व्यङ्ग्य गरिएको छ । सबैले आ-आफ्नो पदमा इमान्दारपूर्वक काम गरेमा हाम्रो नेपाल माताको भविष्य अवश्य सुखद र समुज्वल छ । हामीले सपूतहरूको कदर गर्दै उनीहरूले गरेको राम्रो कामलाई पहिल्याउन सकेमा देशको भविष्य सुखद रहन्छ । कुनै पनि पदमा रहेका व्यक्ति आफ्नो जिम्मेवार पूरा गरी देशको र जनताको सेवा गर्नाले नै हाम्रो देशको विकास गर्न सकिन्छ भन्ने उद्देश्य यस कथामा रहेको छ ।

### ३.१२.६ परिवेश

यस कथामा शहरिया परिवेश रहेको छ । मन्त्री मण्डल विघटन भएको कुरा, अस्पतालमा बिरामी राखेको उपचार गर्ने पैसा नभएर शशीधरसँग माग्न आएको उसले आफ्नो घरमा चुलोमा आगो नबल्ने हुँदा पनि अरूलाई पैसा दिएको छ । शशीधरको कोठाको प्रसङ्ग आएको छ । अठार महिना प्रधानमन्त्री भए पनि घरको अवस्था नाजुक रहेको छ । राणाशासनको बेला प्रजातन्त्रको लागि १२ वर्ष जेलजीवन बिताएको प्रसङ्गलाई नै कथाकारले यस कथाको परिवेश बनाएका छन् ।

### ३.१२.७ भाषाशैली

यस कथामा बौद्धिक व्यक्तिहरूले बोल्ने सरल, सहज, सरस भाषाको प्रयोग गरिएको छ । सुन्दा अनौठो लाग्ने औताउनुहोस्, जुँघा ताउ लगाउँदै, चाउरी परी खलबाट जस्ता शब्दको प्रयोगले गर्दा कथा उत्कृष्ट बनेको छ । क्वारक्वार्ती, किच्च-पिच्च, मुस्लो किंकर्तव्य विभूढ, मुसुक्क, सुकसुकाउनु, जस्ता अनुकरणात्मक शब्दको प्रयोग भएको पाइन्छ ।

### ३.१३ 'विमुक्त बिहानको खोजीमा' कथाको विश्लेषण

### ३.१३.१ शीर्षक

यस कथाको शीर्षक अभिधात्मक अर्थसापेक्ष छ । यस कथामा एउटा जुत्ता पालिस गर्ने युवकको दयनीय स्थितिको चित्रण गरिएको छ । यसले विना गल्ती सजाय पाएको छ । उसको साथमा पैसा छैन । ऊ जेलमा बसेको छ । आजको रात यसरी बिताए पनि भोलि भने यस्तो दिन आउने छैन भन्दै उसले भोलिको दिनको कल्पना कथामा गरिएकोले यस कथाको शीर्षक सार्थक रहेको छ ।

### ३.१३.२ कथावस्तु

प्रस्तुत 'विमुक्त बिहानको खोजीमा' कथा सामाजिक विषयवस्तुमा आधारित कथा हो । यस कथामा काठमाडौं उपत्यकाभित्र एक्काइस वर्ष देखि ठूलो परिवर्तन भएको छ । रहनसहन र खानपिनमा र शासन प्रसाशनमा नेपालीले युरोपेलीलाई बिसाई दिएका छन् । सरकार परिवर्तन भए पनि कयौं नेपाली जनता बञ्चित नै रहेका छन् भने प्रसङ्गबाट कथानक शुरु भएको छ । सत्तामा जति परिवर्तन आए पनि गरिबहरूको काम र मामको समस्या जटिल नै रहेको छ । एक दिन साँझको बेला म पात्र जुत्तामा पालिस लगाउने बिचार गरेर इन्द्रचोक नयाँ सडकतिर घुमिरहेका थिए । त्यसै क्रममा म पात्रले पनि जुत्तामा पालिस लगाउँछन् । र पच्चीस पैसा दिन्छन् र उसलाई हेरेर यति पैसा हात मुख जोडेको छस् । बस्ने टुङ्गो कता छ भनेर सोध्छन् । उसले आँखाबाट तपतप आँशु चुहाएर "दैवले जहाँ जुराउँछन् । कहिले काही आकाशमुनि ।" (आचार्य, २०७०:९८) उसले भन्यो हामी गरिबको खोजी गरी किन हिड्नुहुन्छ, आफ्नो टाउको दुखाउनु हुन्छ म जस्ता गरिब यस देशमा अनगिन्ति छन् । त्यस युवक हेर्दा चौबिस पच्चीस वर्षको सलक्क परेको राम्रो खान र लगाउन र सम्मानपूर्वक हिड्न पाएको भए मध्यम वर्गीय जस्तै देखिन्थ्यो । ऊ दिनभरी जुत्तामा पालिस लगाउँछ । तर पनि उसको रात्रीमा सुत्नको लागि बास बस्ने ठाउँ छैन । ऊ खुल्ला आकाशमुनि सुत्दछ । एक दिन ऊ अनुमति विना मन्त्रीज्यूको निवास स्थान भित्र पसेर मन्त्रीको गाडि ग्यारेज भित्र पसेर सुत्दछ । माघको ठिहिराउँदो जाडोबाट बच्नको लागि उ सुतेको हुन्छ । तर गरिबको वेदना कसले बुझ्ने उल्टै उसलाई चोर, स्त्रीलम्पट भनी समाउँछन् । पछि पुलिसले भने बमोजिम चोर नभएको भन्दै उसलाई एक दिन कैद र दश रुपैँया पैसा दण्ड भनि अदालतले फैसला गर्छ । यो देखेर म पात्रको मनभित्र दया जाग्छ ।

उ गल्ती बीना नै सजाय भोगिरहेको छ । म पात्रको मनमा दया जागी दिएको दश रुपैँया पनि उसले लिदैन । तीर्नु पदैन लेऊ भन्दा पनि त्यस युवकले लिदैन । ऊ एक रात भएपनि यस कैद घरमा सुत्दा शीत र जाडोबाट जोगिई आरामपूर्वक सुत्न पाइन्छ । “भोलि हुने बिहानीले हामी जस्ता गरिबका निम्ति विनोदभाव एक गाँस खान र एकरात बास बस्न दिन ल्याउनेछ ... भन्ने युवकको भनाइबाट कथाको अन्त्य भएको छ । कथाको विन्यासक्रममा विचलन नआई एक अर्को गरी क्रमिक विन्यास भएकोले कथानक ढाँचा रैखिक रहेको छ ।

### ३.१३.३ चरित्रचित्रण

यो कथामा मुख्य पात्रको रूपमा युवक रहेको छ । कथाकार, पुलिस सहायक पात्रको रूपमा रहेको छ । ऊ जुत्ता पालिस गरेर जीविका चलाउने निम्नवर्गीय चरित्र हो । ऊ सलक्क शरीर परेको सुन्दर देखिन्छ । सरल, सुबोध मानव स्वभाव उसमा रहेको छ । स्वाभीमानी परिश्रम गरेर खाने, आफूले दिनभरि काम गरेर पनि रात भने खुल्ला आकाशमुनी बिताउने पात्रको रूपमा देखापर्दछ । ऊ स्थिर चरित्र हो । आफूले दुःख नगरी अरूले दिएको पैसा नलिने एक रात जेलमै सुत्नु परेपनि जेलमा नै सुत्ने उच्च नैतिकता देखाउने पात्रको रूपमा देखापर्दछ । निर्दोष भएर पनि पीडा भोग्न बाध्य पीडित चरित्र हो । म पात्र यस कथामा अरूको दुःखमा आफू दुःखी हुने गरिबप्रति सहानुभूति देखाउने गरिबको पीडालाई बुझेर आफू बोल्न सक्ने चरित्रका रूपमा देखा पर्दछन् भने पुलिस यस कथामा आफ्नो कर्तव्य मात्र पूरा गर्ने कसको गल्ती हो भनेर छुट्याउन नसक्ने पात्रको रूपमा देखापर्दछ । यिनै पात्रको कारणले गर्दा नै कथाका गति अगाडि बढेको पाइन्छ ।

### ३.१३.४ दृष्टिबिन्दु

यस कथामा कथाकारले कथा भने पनि आफ्नो कथा नभएर एउटा जुत्तामा पालिस गरेर आफ्नो जीवन निर्वाह गरेको युवकको कथा हो । यस कथामा निर्दोष व्यक्ति माथि कानुनले विना अपराध उसलाई सजायको भागीदार बनाएको छ । त्यसैले यस कथाका दृष्टिबिन्दु आन्तरिक परिधीय रहेको छ ।

### ३.१३.५ उद्देश्य

यस कथामा गरिबीको कारणबाट जुत्ताको पालिस गरेर जीवन निर्वाह गर्नु परेको र रातदिन मिहेनत गर्दा पनि खुला आकाशमुनी रात बिताउनु पर्ने बाध्यात्मक अवस्था भएको

निर्दोष युगकहरूले बिना कारण सजायको भागिदार बन्नुपर्ने अवस्थाको चित्रण गरी सामाजिक र न्यायिक अवस्था प्रति व्यङ्ग्य गर्नु यस कथाको प्रमुख उद्देश्य हो ।

### ३.१३.६ परिवेश

प्रस्तुत 'विमुक्त बिहानको खोजीमा' कथाको परिवेश शहरिया रहेको छ । काठमाडौंको इन्द्रचोक, नयाँसडक, रत्नपार्क मन्त्रीज्यूको निवासस्थान, अगाडि ग्यारेज, जुत्तामा पालिस गरेर जीवन निर्वाह गर्ने अत्यन्त गरिब दु:खी केटाको कारुणिक कथा व्यथालाई परिवेशको रूपमा आएको छ ।

### ३.१३.७ भाषाशैली

यस कथामा सरल, सहज भाषाशैलीको प्रयोग गरिएको छ । यस कथामा राजनीतक व्यक्तिहरूले बोल्ने भाषाको प्रयोग गरिएको छ । 'न्याय हराए गोर्खा जानु' भन्ने उखान टुक्काको प्रयोग गरिएको छ । सलक्क, झ्वाट्ट, सुस्त-सुस्त, क्लान्त, खिसिक्क, तपतप, जस्ता अनुकरणात्मक शब्दको प्रयोगले गर्दा कथाको भाषाशैली आकर्षक बनेको छ ।

## ३.१४ 'उज्जवल भविष्यको निम्ति' कथाको विश्लेषण

### ३.१४.१ शीर्षक

यस कथाको शीर्षक अभिधात्मक अर्थसापेक्ष रहेको छ । एउटा मतदातासँग चार जना उम्मेदवार भोट माग्न आएका छन् । चारैजना एउटा सालो अर्को विभागीय मन्त्री, तेस्रो सिद्धान्तवादी सेवक, चौथो आफ्नै अभिन्न मित्र भए पनि सुन्दरले आफ्नो भोट नातावाद र कृपावादको आधारमा नदिएर देशको उज्जल भविष्यको निम्ति आफ्नो भोट योग्य कर्मठ व्यक्तिलाई दिएर आफ्नो कर्तव्य पूरा गरेको छ । शिक्षित युवक भएकोले देशको भविष्यबारे चिन्तन गरेर भोट खसाउन विलम्ब भएपनि आफूले योग्य व्यक्तिको कल्पना गरि देशको उज्जल भविष्यको कल्पना गरिएकोले यस कथाको शीर्षक सार्थक रहेको छ ।

### ३.१४.२ कथावस्तु

प्रस्तुत 'उज्जल भविष्यको निम्ति' कथा राजनीतिक विषय वस्तुमा आधारित कथा हो । यस कथामा सुन्दर, सुष्मा प्रमुख पात्र हुन् । सुन्दर कोठाभित्र एक्लै झोक्राएर विचार मग्न भएको बेला पतिको काँधमा हात राख्दै सुष्माले आज हजुर किन चिन्तित देखिनु हुन्छ

भनेको प्रसङ्गबाट कथानक शुरु भएको छ । आफ्नो रूप र कृतिमा कुनै परिवर्तन नल्याई सुन्दरले भोलि स्नातकबाट राष्ट्रिय पञ्चायतका निम्ति निर्वाचन हुने भएको छ । प्राथमिकताका आधारमा छान्नुपर्ने छ, सबै उम्मेदवार एकनास छन् । एकजना सालो, दोस्रो विभागीय मन्त्री ज्यू, तेस्रो म्याट्रिक देखि एकसाथ बसउठ गरी अध्ययन गरेको मित्र, चौथो विगत व्यवस्थाका समयमा एउटै राजनीतिक पार्टीमा कार्य गरेको साथी उम्मेदवार रहेका छन् । उनी दोधारमा परेका छन् । विभिन्न दृष्टिकोणले गर्दा सबै उम्मेदवार उनका लागि उत्तिकै छन् । तर सुष्माको भनाइमा भने मेरो भाई हुँदाहुँदै अरूलाई किन भोट दिनु भन्ने छ । सुन्दरलाई सुष्माको भनाई आश्चर्य लागे पनि उनको भाइभन्दा नजिकको अर्को हुन पनि नसक्ने थिएन । सुन्दरको मनमा कसलाई मतदात गर्ने भन्ने विषयमा उनको मनमा द्वन्द्व चलि नै रहन्छ । उनकी पत्नी सुष्मा भने के सोचिरहनु भएको सुत्ने बेला भयो भन्दै पहिलो भोट मेरो भाईलाई दोस्रो विभागीय मन्त्रीलाई तेस्रो सिद्धान्तवादी सेवक साथी र चौथो अभिन्न मित्रलाई दिनु सबै समस्याको समाधान हुन्छ । भोलिपल्ट बिहान भोट खसाल्नेको लामो ताँती महाकालतिर भन्कि रहेको थियो । उनलाई भने सबभन्दा पहिले भोट खसाल्ने इच्छा भएको प्रथम भोटले स्नातकबाट छानिने मन्त्रीको टुङ्गो लगाउने इच्छाले गर्दा उनी चाडै गए । सुष्माले जाने बेलामा पनि प्रथम भोट मेरो भाईलाई दिनु होला भन्ने आग्रह गर्छन । सुन्दर अरू मतदाताको जस्तै हुन्छ हुन्छ भन्दै जान्छन् । मनमा चलेको द्वन्द्वले गर्दा कसलाई भोट दिउँ भनेर थरथरी धामी कामे झैँ कम्पन भएका सबै शारीरिक अंगलाई सम्हालेर मतदान दिई आफ्नो कर्तव्य पूरा गरे । शिक्षित युवक देशको भविष्यबारे चिन्तन गर्ने पालेबाट पाएको सहानुभूतिद्वारा भोट खसाल्न विलम्ब गरे पनि आफ्नो कर्तव्य पूरा गरेका छन् । कथाको आदि, मध्य र अन्त्यको क्रम मिलेकाले कथा रैखिक रहेको छ ।

### ३.१४.३ चरित्रचित्रण

यस कथामा प्रमुख पात्रको रूपमा सुन्दर रहेको छ । सुष्मा चुनावमा उठ्ने पालेदार, पाले, मतदाता, सहायक पात्रको रूपमा रहेका छन् । सुन्दर यस कथाका प्रमुख पात्र हुन् । उनी सुष्माको श्रीमानको रूपमा रहेको छ । आफ्नो समाजको र देशको उज्जवल भविष्यलाई उज्जल पार्न निर्णायक भूमिका खेल्न सक्ने पात्रको रूपमा देखापर्दछ । आफ्नो कर्तव्यलाई पालन गर्न सक्ने सोच विचार पुऱ्याएर काम गर्ने शिक्षित युवक देशको भविष्यको चिन्तन गर्ने पात्रको रूपमा देखापर्दछ ।

### ३.१४.४ दृष्टिबिन्दु

यस कथामा कथाकारले सुन्दर र सुष्माको भनाईलाई कथामा समाविष्ट गरिएको छ । सुन्दरले ढिलै भएपनि देशको समुज्जल भविष्यको लागि ढिलै भएपनि आफ्ना मत देशको भविष्यको निम्ति दिएर आफू योग्य मतदाता बनेकोले यस कथामा बाह्य सीमित दृष्टिबिन्दुको प्रयोग भएको छ ।

### ३.१४.५ उद्देश्य

प्राथमिकताको आधारमा स्नातक गरेका चारजना उम्मेदवारलाई भोट दिनुपर्नेछ । तर सबै उस्तै लागेर देशको भविष्यको निम्ति कसलाई पहिलो भोट दिने भनेर छुट्याउन नसकेर द्वन्द्वमा परे पनि नातावाद र कृपावादको आधारमा नभएर देशको र समाजको आवश्यकताको आधारमा भोट दिएर योग्य र कर्मठ व्यक्तिलाई जिताउन सकेमा मात्र सही मतदान हुन्छ भन्ने उद्देश्य कथाको रहेको छ ।

### ३.१४.६ परिवेश

यस कथामा पञ्चायत कालको चुनावी परिवेश रहेको छ । यस कथामा कोठाको प्रसङ्ग शहरिया परिवेश जस्तो देखिन्छ । मतदान केन्द्रमा मतदाताले हुन्छ हुन्छ भन्दै स्वीकृति दिएको र सुन्दरलाई राजेन्द्रले भिनाजु नमस्ते भन्दै पहिलो भोटको आश गरेको अनि मन्त्रीज्यूले पनि लहै सुन्दर भन्दै भोट मागेका छन् । बुथ, व्यालेट, महाकालमा मतदाताको लर्को लागेको भनेर कथामा प्रसङ्ग आएकोले यसैलाई यो कथाको परिवेश मान्न सकिन्छ ।

### ३.१४.७ भाषाशैली

यस कथामा सरल, सहज, सुबोध भाषाको प्रयोग भएको पाइन्छ । कथामा राजनीतिज्ञहरूले बोल्ने भाषाको पनि प्रयोग भएको छ । ह्वात्त, जिरिङ्ग, खिसिक्क, झलझल्ती, झसङ्ग, थरथर, लगलग, पुलक्क, फिस्स, जस्ता अनुकरणात्मक शब्दको प्रयोगले गर्दा कथा आकर्षित बनेको छ ।

# परिच्छेद चार
# यज्ञप्रसाद आचार्यको कथाको मूल प्रवृत्ति

## ४.१ सामाजिक यथार्थवाद

यज्ञप्रसाद आचार्य सामाजिक यर्थाथवादी कथाकार हुन् । समाजमा घटेका घटनालाई फोटोग्राफी झैँ जस्ताको त्यस्तै रूपमा उतारेर प्रस्तुत गर्नु सामाजिक यथार्थ हो । आचार्यले नेपाली समाजका निम्नवर्गीय शोषित, उत्पीडित वर्गले भोग्नु परेका समस्यालाई जस्ताको त्यस्तै गरी आफ्ना कथाहरूमा प्रस्तुत गरेका छन् । उनका कथामा नेपाली नारीहरूले भोग्नु परेका समस्या, उत्पीडित वर्गले भोग्नुपरेका आर्थिक सामाजिक तथा पेशागत समस्यालाई पनि मार्मिक ढङ्गले कथामा प्रस्तुत गरेका छन् । निम्नवर्गीय समाजको चित्र उतार्दा कुरीति, कुसंस्कार र रुढीवादी धारणाबाट ग्रस्त भएर पात्रहरू प्रताडीत बन्न पुगेका छन् । 'घरको कथा' 'उत्तिम थारु' 'विमुक्त बिहानको खोजीमा' 'ज्यातिएको चोली जस्ता कथाहरू सामाजिक यर्थाथवादी कथा हुन् । उनको 'घरको' कथामा रातदिन परिश्रम गरेर पनि खोले, भ्यात्लो खाएर बाच्नु पर्ने दयनिय अवस्था र बस्नको निम्ति बास समेत नभएर प्रताडीत बन्नु परेको अवस्थालाई कथामा बडो मार्मिक ढङ्गले प्रस्तुत गरिएको छ । यस सम्बन्धमा कथाकार भन्दछन् - "दिनभरिको परिश्रमले आज कालीलाई औधि थकाइ आभास भयो । यस्तो थकाइ लागेको दिन सधै नुन, खुर्सानी र दाल एकसाथ चामलमा मिसाई पकाउने गर्दथे । भाँडाकुँडा पनि त उनीहरूसँग प्रशस्त थिएनन् भात तरकारी पकाउने एउटा तपेस, एउटा पानीको खाने लोटा एउटा भात खाने सिल्भरे डबका अनि बालकलाई लिटो खुवाउने एउटा सानो बाटी मात्र" (आचार्य २०७०: ५०) । उनी फेरि भन्छन् । "अब पनि ओताउने सानोसानो छाप्रोको बन्दोबस्त नगरी कसरी गुजारा गर्ने ? दिनभरि काममा जाँदा छोरालाई छोडी जाने ठाउँ भएन्" (आचार्य, २०७०:५२) । उनको 'उत्तिम थारु' कथामा वर्षौंदेखि जमिन्दारको खेत कमाएर गुजारा गरिरहेका निम्न वर्गीय किसानहरूको कथा व्यथालाई प्रस्तुत गरिएको छ । प्रजातन्त्र आएपछि देशमा भूमिसुधार लागु हुने र जसको जोत उसको पोत हुने कुराले किसानहरू अत्यन्त खुसी भए । उत्तिम थारु पनि अब आफ्नो पनि जमिन हुने भयो भनेर अत्यन्त हर्षित बन्यो तर जमिनदारहरूले उत्तिमले कमाइरहेको सारा जमिन साला, मामा, भानिज लगायतका व्यक्तिहरूको नाममा गराएर उसको कमाइरहेको जग्गा समेत खोसेको सन्दर्भ कथामा यसरी प्रस्तुत भएको छ - "माथिल्ला घरका क्षेत्री मुखियाले

बढ्ता भएको जग्गा आफ्ना मामाको नाममा दर्ता गरेछन् । तल्ला घरका बाजेले भानिजहरूको नाममा लेखिदिए" (आचार्य, २०७०:९५) । 'च्यातिएको चोली' कथामा कथाकारले एउटी गरिब असाहय, विधवी महिलाको कथा व्यथालाई मार्मिक ढङ्गले प्रस्तुत गरेका छन् । विधवीको दुधे बालक छ । उसको रक्षाको लागि उसले हात पसार्दै माग्न बाध्य हुनु परेको छ । "आफू त दुई चार दिन नखाई चलाउन पनि सक्ने थिइन् । कति दिन पानीकै भरमा पनि गुजारा गरिन्" (आचार्य, २०७०:८९) । यसरी माग्न हिँड्दा भद्र भलाद्मी भनाउँदा पुरुषहरूले उनको अस्मितालाई गिद्धे दृष्टिले हेर्ने, दुर्व्यवहार गर्ने पैसाको लोभ देखाएर अस्मिता लुट्न खोज्ने जस्ता घटनाबाट प्रताडीत बन्न पुगेकी विवस, लाचार तर स्वाभिमानी नारीको मार्मिक र कारुणिक अवस्थालाई कथामा यसरी प्रस्तुत गरिएको छ । पैसा भूइमै लत्याउँदै कराइन् "चाहिँदैन तेरो छाला, किन्न खोज्छस्, बेचिन्न, बेचिन्न-"सानेलाई काखी च्यापी रेणु जुरुक्क उठिन । पैसावाला छक्क पऱ्यो । एकछिन बिचार गऱ्यो । उसलाई लाज लाग्यो, हेरिरह्यो । रेणु बरबराइन । अनि सुकुलगुण्डा आत्तिएर भाग्दा उसले समातेको चोलि धरर् च्यातियो" (आचार्य, २०७०:९०) । जीवन जस्तो छ त्यस्तै रूपमा प्रस्तुत गर्नु यथार्थबाद हो । आचार्यका कथाहरूमा उत्पीडित वर्गका समस्यालाई यथार्थ रूपमा प्रस्तुत गरिएको हुनाले उनी सामाजिक यथार्थवादी कथाकार हुन् ।

### ४.२. मनोवैज्ञानिकता

मनोवैज्ञानिकता आचार्यको अर्को प्रवृत्ति हो । उनले पात्रको चेतन र अचेतन बीचको द्वन्द्वलाई कथामा सफल रूपमा उतारेका छन् । उनी पात्रको अन्तर तहमा पुगेर उनीहरूको मानसिकता र त्यसले जीवनमा पारेको प्रभावलाई सफलतापूर्वक चित्रण गर्न सफल देखिन्छन् । सामान्य घटनाले पात्रहरू मनोद्वन्द्वमा फस्दछन् । पात्रको मानसिक कमजोरीले हरेक समस्या सिर्जना भएको देखिन्छ । कतै रुढीवादी धारणाले, कतै शैक्षिक कमजोरीले कुनै न कुनै समस्यामा केन्द्रित बनेको पाइन्छ । आचार्यले पात्रको अन्तरतहमा लुकेको दमित भावनालाई सफलतापूर्वक उतारेका छन् । 'गुलाफको काँडो' कथा असमान्य यौन मनोवैज्ञानिक कथा हो । यस कथाको प्रमुख मात्र खरदार्नी सानै उमेरमा विधवा भएकी छ । विधवा भएकी हुनाले यौन चाहना दमित भएकोले विहे गर्ने घर संसार बसाउने इच्छा छ । उसै त विधवालाई समाजले हेर्ने दृष्टिकोण गलत छ त्यसमा पनि छोरीको आमालाई कसले विहे गर्ने ? उसलाई आफ्नो सन्तानको माया नभएको होइन तर यौन कुण्ठाले गर्दा उसले

आफ्नो छोरीलाई समेत जीवनको काँडो ठान्न पुगेको प्रसङ्गलाई कथामा यसरी प्रस्तुत गरिएको छ । "सुखद निन्द्रामा परेकी शान्त र सुन्दर मैयाको कोमल र छरितो गलामाथि दुवै हात राखी खरदार्नी वरबराइरहेकी - मेरो सुखमा बाधा हुन आएकी तैले गर्दा उनी आजकाल आउन छाडे, मेरो जीवनकी सुख नष्ट भयो - तँ नहुँदा मैले उनलाई पाउँदछु भने नहुनै बेस, मेरो कोखामा जन्म लिइस् मुटुको काँडो बनी बिभ्नलाई" (आचार्य, २०७०:८५) । दमित यौन भावनाले गर्दा उसको मानसिक अवस्था असामान्य बन्न पुगेको छ । जसले गर्दा हीनतावोध आत्माग्लानी भएर रिस, आक्रोस उत्पन्न भई आफ्नै छोरीलाई जीवनको काँडो सम्झेर मानसिक यातना झेल्न बाध्य भएकी छे । फ्रायडका अनुसार मानव जीवनमा यौन शक्तिको मूल भूमिका हुन्छ । "जहिले पनि चेतन मनले अतृप्त कामवासनालाई दमित गरिरहेको हुन्छ" (ढुङ्गाना, २०६९:१५६) । पानको पात, कथामा पान पसले र युवती बीचको प्रेमलाई एक अर्काबीच व्यक्त गर्न नसकेपछि उत्पन्न यौन कुण्ठालाई शान्त पार्ने निकाशको रूपमा युवती दिन दिनै पान पसलमा पान किन्न जानु र पान पसलेले मिठो पान दिएर देखादेखमा नै आनन्दित बन्न पुगेको यौनजन्य मानसिक धरातलको मनोवैज्ञानिक चित्रण बडो मार्मिक छ । 'आगोमा पिल्सिरहेको तस्वीर कथा पनि असमान्य यौन मनोवैज्ञानिक कथा हो । यस कथाका प्रमुख पात्रहरू म मात्र र प्रतिमा र पुष्पा हुन् । प्रतिमा म पात्रको श्रीमती हुन् भने पुष्पा साहित्यकार हुन् । उनले आफूले लेखेको अनुराधा काव्यको भूमिका लेख्न म पात्रलाई दिएपछि जुनसुकै बेला पनि त्यही काव्यमा घोत्लिएर आफ्नो पति बसेको देखेपछि पुष्पाप्रति सोतेनी ईर्ष्याले जलन भएर असमान्य बन्न पुगेको अवस्थालाई कथामा प्रस्तुत गरिएको छ । पुष्पाले यही अनुराधा काव्यले गर्दा आफ्नो पति आफूबाट परपर हुन गएको ठानेर उनले आवेगमा आएर पुष्पाको तस्वीर जलाएर मखख परेको सन्दर्भ कथामा प्रस्तुत गरिएको छ । "आगोको धुवाँमा पुष्पाको तस्वीर पिल्सिरहेको प्रतिमा भने हाँसीरहेकी थिइन" (आचार्य, २०७०:६२) । कथामा सौतेनी ईर्ष्याको भावनाले गर्दा फोटो डढाईएको छ ।

### ४.३. प्रगतिशीलताः

आचार्यको अर्को मूल प्रवृत्ति प्रगतिशीलता हो । उनका कथामा सामाजिक समानता, आर्थिक विषमता, र यसबाट उत्पन्न पीडा भ्रष्ट नेता तथा उच्च पदस्थ व्यक्तिहरूको आडम्बरी प्रवृत्ति सामाजिक अन्धविश्वास रुढी अन्ध परम्पराप्रति व्यङ्ग्य गरिएको पाइन्छ । इमान्दार र सबैलाई न्याय दिन खोज्ने एकाध नेता तथा मन्त्रीहरूको दुरावस्था, निम्न गरीब,

उत्पीडित वर्गप्रति सहानुभूति र शोषक सामन्त तथा बलात्कारी प्रति आक्रोश व्यक्त गरिएको छ । माग्ने जीवन बिताउन बाध्य विधवा असहाय गरिब तथा दलित उत्पीडित वर्गका पात्रहरूको कारुणिक जीवनको चित्रण उनका कथाका विशेषता हुन् । मन्त्रीज्यूको सभास्थल, उत्तिम थारु, 'घरको कथा', छहारी मुनिको मालिक, 'संकल्प' 'विमुक्त विहानीको खोजीमा' जस्ता कथाहरूमा यस्ता प्रवृत्ति पाइन्छ् । 'मन्त्रीज्यूको सभास्थल' कथामा सबै मन्त्री तथा उच्च पदस्थ व्यक्तिहरू भ्रष्ट स्वार्थी र आडम्बरी भएका कथाको प्रमुख पात्र शशिधर मन्त्री भएर पनि इमान्दार, न्यायप्रेमी र गरिबप्रति सहानुभूति राख्ने कर्तव्य निष्ठ व्यक्ति भएको कारण घरमा खाने अन्न समेत नभएर पीडा भोग्नु परेको अवस्थाको वर्णन कथामा गरिनुको साथै भ्रष्ट र स्वार्थी नेताहरूप्रति व्यङ्ग्य गर्दै सुधारको अपेक्षा समेत गरिएको छ । 'उत्तिम थारु' कथामा भूमिसुधार आएर किसानहरूले न्याय पाउनुको सट्टा उल्टै कमाइ राखेको खेत समेत जमिन्दारले खोसेर आफन्तहरूको नाममा नामसारी गरेको देखेर कथाकारले आक्रोश व्यक्त गर्दै निम्न वर्गीय किसानहरूले न्याय पाउनु पर्ने धारणा व्यक्त गरेका छन् । 'विमुक्त बिहानको खोजीमा' कथामा जुत्तामा पालिस लगाउने एउटा युवकको दयनीय अवस्था र बस्ने बास नभएर माघको ठिहिराउँदो जाडोमा शरीर रक्षा गर्ने अभिप्रायले मन्त्रीज्यूको मोटर ग्यारेजभित्र पसेर सुतिरहेको देखेपछि पुलिसले चोर भनेर झ्याखानामा लगेर थुनेको देखेर कथाकार आक्रोशित बन्दै गरिवको पनि सुखको दिन आउने कामना गरेका छन् । चतुरे सार्की कथामा परम्परादेखि चल्दै आएको जुत्ता बनाउने छालाको उद्योग बन्द भएपछि चर्सा ठेक्का ताडियोस् .... घरेलु उद्योगको रक्षा होस भन्दै आन्दोलनमा उत्रिएको चतुरे सार्की सार्कीको नेतृत्वमा मुलकलाई स्वतन्त्र बनाएर दलित, शोषित तथा उत्पीडित वर्गका जनतालाई मुक्ति दिलाइ समुन्नत समाजको निर्माण गर्ने अठोट गरिएको छ ।

### ४.४. देशभक्ति मानवदाता र स्वतन्त्रताको पक्षधर

आचार्यको अर्को प्रवृत्ति देशभक्ति हो । उनको 'फ्यूजनको जगमा शिलान्यास' कथा देशभक्तिको अनुपम नमूना हो । त्यस्तै 'संकल्प' कथामा पनि राष्ट्रप्रेमको भावना पाइन्छ । 'फ्यूजनको जगमा शिलान्यास' कथामा नेपाली नागरिक भएर विदेशीको इशारामा लागेर देश टुक्राउन खोज्ने राष्ट्रघातीप्रति कथाकार क्रुद्ध भएका छन् । आफ्नो घर, बाबु, आमा तथा परिवार इष्टमित्रभन्दा माथि उठेर राष्ट्रिय अखण्डता र स्वाभिमानताका निम्ति लड्नु पर्ने

सन्देश दिदै देशलाई टुक्राउन खोज्न रणवीर जस्तो राष्ट्रघातीको विरुद्ध उनकी आफ्नै छोरी कोकिलालाई उभ्याएर राष्ट्रभक्तिको आदर्श प्रस्तुत गरेका छन् । कथाका प्रमुख मात्र कोकिला यादव र भानु दुवैले आफ्नो नामको पछाडि नेपाली उपनाम राखेर पनि देश भक्तिको उदाहरण प्रस्तुत गरेका छन् । नेपाल राष्ट्र नरहे हामी नेपाली रहँदैनौ भन्ने भावना प्रस्तुत कथाले उजागर गरेको छ । 'संकल्प' कथामा अमेरिकी साम्राज्यवादी नीतिको भण्डाफोर गर्दै विश्वशान्ति र मानव कल्याणको निम्ति संसारका शान्तिप्रेमी राष्ट्रहरूलाई सतर्क रहन कथाका प्रमुख पात्र दिनेश र प्रभा र राधिका मार्फत आह्वान गरिएको छ । जबसम्म पूँजीवादको विस्तारको निमित सानातिना देशलाई विश्वयुद्धको शिविर बनाउने अङ्ग्रेज अमेरिकी नीतिको अन्त्य गर्न सकिदैन । नेपाल जस्ता साना राष्ट्रको कुनै अस्तित्त्व रहदैन भन्दै राष्ट्रिय स्वतन्त्रता र स्वाभिमानको निम्ति विश्वकै शान्तिप्रेमी जनताहरू एकजुट हुनुपर्ने सन्देश कथाले दिएको छ । 'उज्वल भविष्यको निम्ति' कथामा चुनावमा प्रतिनिधि छान्दा साला, मामा, तथा आफन्त नभनि योग्य र कर्मठ व्यक्तिलाई छान्न सकेमा मात्र समून्नत राष्ट्रको निर्माण भएर उज्वल भविष्य बन्न सक्ने कामना गरिएको छ । यसरी आचार्यका कथाहरूको अध्ययन गर्दा राष्ट्रप्रेमीको भावना हृदयदेखि नै प्रस्फुटन भएर आएको पाइन्छ ।

### ४.५. व्यङ्ग्यात्मकता

आचार्यका प्रायः सबै कथाहरूमा व्यङ्ग्यात्मक प्रस्तुति पाइन्छ । 'फ्यूजनको जगमा शिलान्यास' कथामा नेपाली नागरिक भएर विदेशी आडमा राष्ट्रको विखण्डन गर्न खोज्ने रणवीर यादवजस्तो राष्ट्रघातीप्रति व्यङ्ग्य गरिएको छ । 'घरको' कथामा गाँस बाँस र कपासको समस्याले प्रताडीत बनेका निम्नवर्गीय दम्पतिको चित्रण गर्दै अलिसान महलमा बस्ने शासक तथा धनी सामन्तप्रति व्यङ्ग्य गरिएको छ । 'संकल्प' कथामा सम्राज्यवादमा पृष्ठपोषक अमेरिकी नीतिप्रति भण्डाफोर गर्दै व्यङ्ग्य गरिएको छ । 'चतुरे सार्की' कथामा स्वदेशी उद्योगलाई मासेर विदेशी उद्योग फस्टाउने कार्य गरेर देशलाई परिनिर्भर बनाउने राष्ट्रको जिम्मेवारी बोकेका लाउकेहरूप्रति व्यङ्ग्य गरिएको छ ।

'उत्तिम थारु' कथामा भूमिसुधार आएर किसानहरूले न्याय पाउनुका सट्टा उल्टै कमाइरहेको खेत समेत जमिनदारले खोसी मामा, काका भान्जिहरूको नाममा नामसारी गरेको देखेर कथाकारले ठूला वडा र जमिन्दारप्रति व्यङ्ग्य गरिएको छ । मन्त्रीज्यूको सभास्थल कथामा भ्रष्ट, स्वार्थी नेताहरूप्रति व्यङ्ग्य गरिएको छ ।

## ४.६. नारी समानता र स्वतन्त्रताको पक्षधर

'च्यातिएको चोली' कथा नेपाली नारीहरूको समानता, स्वतन्त्रता र अस्मिताको पक्षमा उभिएर लेखिएको कथा हो । आफ्नो अस्मिता माथि आँच आउन थालेपछि क्रुद्ध हुँदै मागेर सन्तान पाल्न विवश विधवी युवती रणचण्डी बन्दै आफूमाथि गिद्धे दृष्टि राख्ने पुरुषमाथि जाइलाग्न लगाएर कथाकारे नारीको अधिकार र समानता र स्वतन्त्रताको पक्षमा उभिएका छन् ।

## ४.७ मानवतावाद र विश्वशान्तिका कामना

'संकल्प' कथामा मानवताबाट र विश्वशान्तिको कामना गरेर लेखिएको उत्कृष्ट कथा हो । कथाका प्रमुख तिनैजना पात्रहरू मानव कल्याण र विश्व शान्तिको लागि कटिबद्ध भएर लागि परेका छन् । संयुक्त मोर्चाको सभामा अमेरिकी साम्राज्यवादको भण्डाफोर गर्दै दिनेशले आफ्नो भनाइ यसरी व्यक्त गरको थियो । "साथी हो शान्ति युद्धको मडारिँदो बादलमा घरिघरि चम्कन्छ तर सम्राज्यवादी युद्ध लिप्साले शान्ति विनाशकारी एटम बम देखेको छ । शान्ति योद्धा युवक युवतीले प्रतिज्ञा गर्नुपरेको छ । मानव कल्याणको लागि मात्र (आचार्य, २०७० : ५३) । उनीहरूले विश्व शान्ति र मानव कल्याणको लागि सम्राज्यावादी शक्तिदखि सर्तक रहनुपर्ने आवश्यकतालाई कथामा प्रस्तुत गरिएको हुनाले आचार्य यस कथामा मानवतावाद र विश्वशान्तिको कामना गरिएको पाइन्छ ।

## ४.८ नायक नायिकाबीचको कामजन्य प्रेम प्रणय सम्बन्धको रोचक प्रस्तुति

फ्यूजननको जगमा शिलान्यास कथामा नायक नायिकाको बीचमा प्रणय सम्बन्ध गाँसेर देशभक्तिको निम्ति लड्दा लड्दै मधेसी र पहाडी बीच मेल गराई वैवाहिक सम्बन्ध कायम गराएर कथाकारले सबै नेपाली एक हुन भन्ने भावनाको प्रस्तुति रोचक ढङ्गले गरेका छन् । 'संकल्प' कथामा सङ्गठनमा आवद्ध भएर मानव कल्याण र विश्वशान्तिको निमित्त जुटेका क्रान्तिकारी युवाहरूले आफूजस्तै उद्देश्य बोकेको व्यक्तिलाई जीवनसाथी बनाउनु पर्ने संकल्प कथाको सुरुमै गरिएको छ । कथाका प्रमुख पात्र दिनेश र प्रभाको निस्वार्थ प्रेम प्रणयको सन्दर्भले गर्दा कथा कलात्मक बन्न पुगेको छ । 'घरको कथा'मा विवाहिता दम्पति दिने र काली बीचको यौनजन्य तर शिष्ट र मर्यादित रूपमा प्रस्तुत गरिएको यौनजन्य प्रेम सम्बन्धले कथालाई रोचक बनाएको छ ।

## ४.९ मौलिकता

मौलिकता आचार्यको कथाको अर्को प्रवृत्ति हो । विश्वेश्वरप्रसाद कोइराला, गुरूप्रसाद मैनालीजस्ता कथाकारको प्रभाव उनको कथामा पाइन्छ । विश्लेषण प्रकृया शिल्प सञ्चेतना जस्ता कुराहरूको अनप्रेरणा आचार्यका कथामा पाइन्छ । शब्दचेतना, प्रस्तुतिकरण कलात्मकका दृष्टिले आचार्यका कथा मौलिक छन् । ठेट नेपाली जनजिब्रोमा प्रयोग गरिने भाषाको प्रयोग पाइन्छ । कतै झर्रा नेपाली शब्द पाइन्छन् भने कतै अनुकरणात्मक शब्द छन् । कथा पढ्दा पाठकलाई आफ्नै परिवेश र घटना पढेको जस्तो अनुभूति हुन पुग्छ पाठक माझ भाषा सजिलै सम्प्रेषण हुनु उनको भाषिक कुशलता हो । मिठो भाषिक प्रस्तुतिको कारण उनका कथा ज्यादै लोकप्रिय बनेका छन् । पात्रको अन्तर मनको द्वन्द्वलाई कौतुहल घटनाको सिर्जना गर्दै अगाडि बढाएको छ । नेपाली मौलिक शब्द प्रयोगले कथा मौलिक बनको छ ।

## ४.१० कलात्मकता

कथा लेखनमा कलात्मकताप्रतिको सचेतन आचार्यको कथा प्रवृत्ति हो । यिनका कथामा कलात्मक गुणहरू पाइन्छन् । मनोवैज्ञानिक विषयलाई उदाङ्गो नग्न अमर्यादित अशिष्ट ढङ्गले प्रस्तुत नगरी शिष्ट र मर्यादित प्रस्तुति छ । यो नै उनको कलात्मक पक्ष हो । पात्रको चाहना सुत्रात्मक र व्यञ्जनात्मक ढङ्गले प्रस्तुत गर्दछन् । सुक्ष्म विषयमा नै व्यापकतालाई समेटेर आफ्नो सरल सहज सुललित र सुक्तिमय भाषा उखान, टुक्का अनुकरणात्मक शब्दको प्रयोगले गर्दा यिनको कथामा कलात्मक पाइन्छ । व्यङ्ग्यात्मक कथाहरूमा पनि सोझो नाराको प्रयोग नभएर कलात्मक प्रस्तुति भएको पाइन्छ ।

## ४.११ युगीन महत्त्व

आचार्यका सबै कथामा युगीन महत्त्वको विषयवस्तुलाई समेटेको पाइन्छ । उनका कथाहरू अहिल्यै समाजको गाउँ घर अर्थात् वरिपरि घटेका घटनाहरू झलझली आँखा सामुने आउँदछन् । 'फ्यूजनको जगमा शिलान्यास' कथाले मधेशी आन्दोलनको झलक दिएको छ भने 'च्यातिएको चोली' कथामा बदमास पुरुषद्वारा चोलि च्यातिएको घटना त दिनदिनै हाम्रो समाजमा घटिरहेका छन् । 'विमुक्त बिहानको खोजीमा' निम्नवर्गलाई धनी सामन्तहरूले दबाउने, निर्दोष गरिब असाहय युवाहरूलाई चोर भनेर झ्यालखानामा

थुन्नेजस्ता घटनाहरू हाम्रा समाजमा यत्रतत्र छन् । 'घरको कथामा' अहिले पनि गाँस, बाँस र कपासका समस्याले रन्थनिएर बाचेका निम्नवर्गीय नेपालीहरूको अवस्था त्यति कै नाजुक छ । यसरी उनको सबै कथाहरूको अध्ययन गर्दा आचार्य युगीन महत्त्व बोक्न सफल कथाकार हुन भन्न सकिन्छ ।

## ४.१२ संक्षिप्तताभित्र पूर्णताको प्रयोग

उनका सबै कथाहरू सरल संक्षिप्त भए पनि गहन विषयवस्तुको प्रयोगले गर्दा संक्षिप्ताभित्र पूर्णता अटाएको पाइन्छ । 'च्यातिएको चोली' कथा सानो आयामको छ । यसमा जम्मा दुई पेज रहेको छ । छोटो र छरितो र आयाम सानो भए पनि कथामा हुने विषयवस्तुलाई विस्तृत रूपमा समेट्न सकेको छ । एउटा विधवा असहाय र गरिव महिलाप्रति समाजले हेर्ने दृष्टिकोणलाई यस कथामा प्रस्तुत गरिएको छ । 'घरको कथा' सानो र संक्षिप्त भए पनि यस भित्र पूर्णता अटाएको छ । यस कथामा घर विहिन भएका दम्पतिका भोग्नु परेको समस्यालाई प्रस्तुत गरिएको छ । उनको 'फ्यूजनको जगमा शिलान्यास' कथामा एकातिर राष्ट्रप्रेमको अनुपम नमूना प्रस्तुत गरिएको छ भने अर्कातिर कोकिला नेपाली र भानु नेपाली बीचको निस्वार्थ र आत्मिक प्रेमको कलात्मक प्रस्तुति संक्षिप्त आयाम भित्र पूर्णता अटाएको देखिन्छ ।

## ४.१३ घटना प्रधान योजनाबद्ध र उद्देश्यमूलक कथाको प्रस्तुति

आचार्यका प्रायः सबै कथाहरू योजनाबद्ध उद्देश्यमूलक र घट्नाप्रधान छन् । घटनाप्रधान कथावस्तु भएको हुनाले उनका कथाहरूमा बाह्य स्थूल परिवेशको चित्रण र बहिर्मुखी जीवन दृष्टि पाइन्छ । 'पानको पात' र 'घात प्रतिघात' जस्ता कथाहरूमा यौनजन्य मनोविज्ञानको प्रयोग भएको हुँदा चरित्र प्रधान कथावस्तु पाइए पनि बाह्य सामाजिक परिवेश समेत पाइन्छ । 'फ्यूजनको जगमा शिलान्यास' कथा राजनीतिक समस्याको विश्लेषण, साम्प्रदायिक भावनाको अन्त्य गरी समानता, स्वतन्त्रता र राष्ट्र निर्माणको उद्देश्य रहेको छ भने चतुरे सार्की कथामा चतुरे जस्ता निम्नवर्गीय व्यक्तिको खाने र रातमा सुत्नेको बन्दोबस्त छैन । त्यस्तो व्यक्तिले पनि आफ्नो पेशालाई सरकारले वेवास्ता गर्दा आन्दोलनमा उत्रनु पर्ने अवस्था रहेको छ । 'च्यातिएको चोलि' कथामा नारी समानता स्वतन्त्रता, अस्मिताको रक्षाको साथै उनीहरूले बाँच्ने अवसर प्राप्तिको उद्देश्य राखिएको छ । 'उत्तिम थारु' कथामा भूमिसुधार आएर पनि किसानहरूले एक टुक्रा जमिन नपाएको हुँदा

उनीहरूले न्याय पाउनु पर्ने उद्देश्य रहेको देखिन्छ । यसरी उनका सबै कथाहरू उद्देश्यमूलक छन् । सिलसिला योजनाबद्ध प्रस्तुति यिनका सबै कथामा पाइन्छ ।

## ४.१४ निष्कर्ष

कथाकार यज्ञप्रसाद आचार्यका कथा सामाजिक यथार्थमा आधारित छन् । नेपाली समाजको चित्रण गर्दा सामाजिक पात्र प्रयोगले जीवन्तता पाएको छ । ग्रमीण समाजदेखि सहरिया समाजसम्मको कथा छ । स्वदेशी परिवेश हुँदै भारतको विभिन्न स्थानलाई परिवेश बनाएर कथावस्तु निर्माण गरिएको छ । कथाका पात्र हाम्रै समाजका ज्वलन्त समस्या र यथार्थलाई पर्दाफास गर्न अग्रसर देखिन्छन् । दिने र काली जस्ता श्रमजीवी वर्ग, उच्च ओहदाका मन्त्रीहरू कथामा आएका छन् भने जनताको भलोको लागि काम गरेका छन् । आफ्नो अवस्था नाजुक भएर पनि अरुलाई सहयोग गरेको पाइन्छ । यौनले छटपटाएका, गरिवी र बेरोजगारले सताइएका पारिवारीक अवस्था कमजोर रहेका पात्रहरू छन् । आफ्नो मेहनतले गरेर खानेलाई सरकारले वेवास्ता गर्दा उनीहरूको गाँस बाँस कपास खोसिएको छ । जतिसुकै सानो पेशा अर्थात तल्लो स्तरको काम भएपनि मेहनत लागनशीलता भएमा उन्नती गर्न सकिन्छ भन्ने मानसिकता र प्रवृत्ति कथामा पाइन्छ । आचार्यका यी कथा प्रगतिवादी स्वरले मुखरित भएका छन् । नेपाली भाषाका सिद्धहस्त कथाकारको कथामा पाइने प्रवृत्ति र विशेषता प्रतिपादन गरेर आचार्य आफ्नो अलग्गै पहिचान स्थापित गर्न सफल देखिन्छन् । साना मसिना र झिना कथावस्तु उठाई गम्भिर र जटिल समस्या प्रस्तुत गर्न कथा सफल छ । उनका कथा ‘मन्त्रीज्यूको सभास्थल’, ‘उज्वल भविष्यको निम्ति’ कथाहरूमा राजनैतिक विषयवस्तुप्रति व्यङ्ग्य विद्रोह गरेको पाइन्छ । ‘फ्यूजनको जगमा शिलान्यास’, ‘संकल्प’ कथामा देशभक्तिपूर्ण भावना रहेको छ । ‘गुलाफको काँडो’ र ‘पानको पात’ कथामा युवायुवतीले आफूमा भएको प्रेम अरु समक्ष प्रकट गर्न सकेका छैनन् । ‘आगोमा पिल्सिरहेको तस्वीर’, ‘गुलाफको काँडो’ कथामा नारीको यौनावेग र कुण्ठाको बारेमा लेखिएको छ । आचार्यका सबै कथाहरू युगीन विषयवस्तुलाई समेटको पाइन्छ । उनका कथा सरल र संक्षिप्त भएपनि गहन विषयवस्तुको प्रयोगले गर्दा संक्षिप्तताभित्र पूर्णता अटाएको पाइन्छ । सामाजिक यथार्थवादी तथा प्रगतिवादी कथाहरू घटना प्रधान हुन्छन् भने मनोवैज्ञानिक कथाहरू चरित्र प्रधान हुन्छन् । ‘संकल्प’ र ‘च्यातिएको चोली’ कथामा नारी समानता र स्वतन्त्रताको पक्षधरको बारेमा लेखिएको छ । यिनका कथामा

घटनाप्रधान कथा भएका कथावस्तु भएकाले यिनका प्रायः कथाहरू योजनाबद्ध र उद्देश्यमूलक रहेका छन् । यिनका कथामा पात्रको मानसिक द्वन्द्वको सिर्जना प्रशस्त मात्रामा भएको पाइन्छ । कलात्मकता र मौलिकताले गर्दा कथा उत्कृष्ट बनेको पाइन्छ ।

# परिच्छेद पाँच

# उपसंहार एवम् निष्कर्ष

## ५.१ उपसंहार

शोधपत्र तयारी स्नाकोत्तर तहको एक महत्त्वपूर्ण विषय सहितको परीक्षा हो । यसलाई हरेक विद्यार्थीले सहज रूपमा स्विकार गरी आफ्नो क्षमता, सिट, दक्षता, रुचि, आवश्यकता आदिका आधारमा तयार पार्ने परिपाटी छ । शोधकार्य गर्दा त्यसको विधा, व्यक्तित्व, कृतित्त्व आदि छान्ने चलन छ । यही आधारमा पनि गुरुवर्गको सल्लाहबाटै विधा तत्त्वका आधारमा 'फ्यूजनको जगमा शिलान्यास' कथासङ्ग्रहको अध्ययन गरिएको छ । त्यसको सार खिच्ने र औचित्य पुस्ट्याई गर्ने कार्य भएको छ ।

परिच्छेद एकमा शोधपत्रका प्रारूप अनुसार शोध परिचय छ । त्यसमा विषय, समस्या, उद्देश्य, पूर्वकार्यको समीक्षा, औचित्य र महत्त्व सामग्री सङ्कलन विधि छन् । शोध विधि र शोधको रूपरेखा सम्मको तत्त्व समावेश गरी छुट्याइएको छ ।

परिच्छेद दुईमा कथाको सैद्धान्तिक परिचय र कथाको नेपाली कथाको ऐतिहासिक विकासक्रम दुई भाग छन् । कथाको पृष्ठभूमि, कथाको परिभाषा, कथाको तत्त्वहरूमा कथानक, चरित्र चित्रण, दृष्टिबिन्दु, शीर्षक, उद्देश्य रहेका छन भने कथाको वर्गीकरणमा रुचि क्षेत्रका कथाको वर्गीकरण सामाजिक कथा, मनोवैज्ञानिक कथा, प्रगतिवादी कथा, अस्तित्त्ववादी कथा रहेका छन् । रीतिक्षेत्रका आधारमा कथाको वर्गीकरण यथार्थवादी कथा, स्वच्छन्दतावादी कथा, घटनाप्रधान कथा, चरित्रप्रधान कथा, विचारप्रधान, प्रयोगवादी कथा रहेका छन् । नेपाली कथाको ऐतिहासिक विकासक्रम वा पृष्टभूमिको चर्चा गर्दै आधुनिक कालको निर्क्यौल सहितको विवरण दिइएको छ । आजसम्म पाइएको खोज तथा अनुसन्धान अनुसार शक्ति वल्लभ अर्यालद्वारा लिखित विराटपर्व (वि.सं. १८२७) न प्रथम आख्यानात्मक कृति हो । गोरखा पत्रिकाको प्रकाशनकालदेखि शारदा पत्रिकाको प्रकाशन पूर्वको कालखण्डलाई नेपाली कथाको माध्यमिक काल हो । काठमाडौमा प्रकाशित सुन्दरी (१९६३) माधवी (१९६५) गोर्खाली (१९७२) चन्दिका (१९७५) गोर्खावप संसार (१९८३) आदि पत्रिकाले माध्यमिककालीन कथा साहित्यमा ठूलो योगदान पुऱ्याएको पाइन्छ । नेपाली कथाको आधुनिकताको संघार उघार्न शारदा (१९९१) ले महत्वपूर्ण भूमिका खेलेका पाइन्छ ।

गुरूप्रसाद मैनालीको 'नासो' कथा शारदा पत्रिकामा १९९२ मा प्रकाशित भएपछि नेपाली कथामा आधुनिकताको विजाधान भएको पाइन्छ । नेपाली कथाको विकासक्रममा देखापरेका विभिन्न धाराहरू सामाजिक यथार्थवादी धारा, मनोवैज्ञानिक यथार्थवादी धारा, समाजवादी यथार्थवादी धारा, प्रयोगवादी धारा, समसामयिक स्वरूप र प्रवृत्ति र ढाँचाका आधारमा अध्ययन गर्ने प्रयास गरिएको छ ।

परिच्छेद तिनमा यस शोधपत्रको मुख्य भाग हो । यस शोधपत्रको शीर्षक 'फ्यूजनको जगमा शिलान्यास' कथासङ्ग्रहका कथाहरूको विश्लेषण अनुसार सो कृतिका चौधवटा कथासङ्ग्रहको कथाको कथानक, चरित्रचित्रण, दृष्टिबिन्दु , परिवेश, भाषाशैली, उद्देश्य, शीर्षकका आधारमा अध्ययन गरिएको छ ।

परिच्छेद तिनमा अध्ययन गर्ने क्रममा रहेका चौध वटा कथाहरू यस प्रकार रहेका छन् । १. फ्यूजनको जगमा शिलान्यास २. घरको कथा ३. संकल्प ४. पानको पात ५. आगोमा पिल्सिरहेको तस्वीर ६. छहारीमुनीको मालिक ७. चतुर सार्की ८. घात प्रतिघात ९. मन्त्रीज्यूको सभास्थल १०. गुलाफको काँडो ११. च्यातिएको चोली १२. उत्तिम थारु १३. विमुक्त बिहानको खोजीमा १४. उज्वल भविष्यको निम्ति कथाहरूमा यथार्थपरक घटना, व्यङ्ग्य चित्रण, मनोवैज्ञानिक उद्देश्य, वर्गीय चरित्र, सामाजिक सुधार, नारीसुलभ प्रवृत्ति, सामयिक राजनीति र राष्ट्रिय एकता एवं राष्ट्रियताको सेरोफेरोमा कथाहरू लेखिएका छन् । पहिलो कथा 'फ्यूजनको जगमा शिलान्यास' मा मधेस र तराई महाडी बीच द्वन्द्व भएपछि एउटै देशमा भएका पृथकतावादी मान्यताले गर्दा हाम्रो देश नेपाल टुक्रिन्छ त्यसपछि हामीले नेपाल भन्न पाउँदैनौं । हामी नेपालीहरू राष्ट्रिय एकतामा सार्वभौमिकताका क्षेत्रीय अखण्डताको लागि एक जुटभई लाग्नुपर्छ भन्ने कुरा यस कथामा देखाइएको छ । 'घरको कथामा' जीवनभर अरूको नोकरी गरेर पनि आफ्नो स्वतन्त्र छाप्रो नहुँदा लोग्ने स्वास्नीको यौनाकाक्षां पनि अधुरो रहने कुरा यस कथामा देखाईएको छ । 'संकल्प' कथामा मानवजीतको मुक्त वा अधिकारको लागि जीवनलाई सत्य युद्धमा ल्याएर जनतालाई सुखको सास फेराउनु हो भन्ने कुरा यस कथामा देखाइएको छ । 'पानको पात' कथामा सधैं पान किन्न आउने युवायुवतीको आन्तरिक प्रेम यस कथामा प्रस्तुत गरिएको छ । 'आगोमा पिल्सिरहेको तस्वीर' कथामा एउटा महिलाले अर्को महिलाप्रति गर्ने ईर्ष्यालु भावनाको कारणबाट एउटा महिला साहित्यकारले अर्को पुरुष साहित्यकारलाई भूमिका लेखिदिन दिएको

पाण्डुलिपिलाई आगोमा पिल्सिएर सौतेनी भावना रिस डाहा ईर्ष्याको भावनालाई यस कथामा प्रस्तुत गरिएको छ । 'छहारीमुनीको मालिक' कथामा जतिसुकै सानो पेशा अर्थात तल्लो स्तरका काम भए पनि मिहेनत र लगनशीलता भएमा उन्नति गर्न सकिन्छ । सानो काम भनेर हेला गर्नु हुँदैन भन्ने कुरा यस कथामा प्रस्तुत गरिएको छ । 'चतुरे सार्की' कथामा चतुरेको पेशागत संकटलाई देखाइएको छ । 'घात प्रतिघात' कथामा पति पत्नीले एक अर्कालाई विश्वास र माया नगर्दा उत्पन्न हुने समस्यालाई यस कथामा प्रस्तुत गरिएको छ । 'मन्त्रीज्यूको सभास्थल' कथामा इमान्दार व्यक्तिको आर्थिक संकटलाई देखाइएको छ । 'गुलाफको काँडो' कथामा एउटी विधवी युवतीको यौन कुण्ठा उसका चाहना र उसलाई समाजले हेर्ने दृष्टिकोणलाई यस कथामा प्रस्तुत गरिएको छ । 'च्यातिएको चोलि' कथामा आफ्नो सन्तानको जीवन निर्वाहको निम्ति एउटी विधवी युवती नारीले आफूले मागेर खानुपरेको अवस्था र तरुनी र विधवी माथि गुण्डाहरूले गर्ने दुर्व्यवहारलाई कथामा प्रस्तुत गरिएको छ। 'उत्तिम थारु' कथामा धेरै लामो समयदेदि खेत जोतेर गुजारा चलाउँदै आएका थारुहरूको रोजगारी 'भूमिसूधार कार्यक्रमपछि खत्तम भएको कुरालाई यस कथामा देखाइएको छ। 'विमुक्त बिहानको खोजीमा' कथामा निर्दोष युवकले विना कारण सजायको भागिदार बनेको कुरा प्रस्तुत गरिएको छ । 'उज्वल भविष्यको निम्ति' एउटा मतदातासँग चारैचना उम्मेदवार भोट माग्न आएका छन् । चारै जनाको आ-आफ्नो ठाउँमा उत्तिकै महत्व रहेको र मतदाताका मनमा कसलाई भोट दिऊ भनेर उसको मनमा चलेको द्वन्द्वलाई यस कथामा प्रस्तुत गरिएको छ। यी माथिका कथाहरूको अध्ययनमा वर्तमान नेपालमा देखापर्न थालेका विखण्डनवादी प्रवृत्तिविरुद्ध राष्ट्रिय एकता र अखण्डताको भावनालाई प्रवल तुल्याएका छन् ।

परिच्छेद चारमा आचार्यका 'फ्यूजनको जगमा शिलान्यास' कथा सङ्ग्रहको प्रवृत्तिहरु यस प्रकार रहेका छन् । सामाजिक यथार्थवाद, मनोवैज्ञानिकता, प्रगतिशीलता, देशभक्ति, मानवतावाद र विश्वशान्तिको कामना, व्यङ्ग्यात्मकता, नारी समानता र स्वतन्त्रताको पक्षधर, नायक, नायिका बीचको कामजन्य प्रेम प्रणय सम्बन्धको रोचक प्रस्तुति, मौलिकता, युगीन महत्त्व, संक्षिप्तताभित्र पूर्णताको प्रयोग, घटनाप्रधान, योजनाबद्ध र उद्देश्यमूलक कथाको प्रस्तुति रहेको छ । सामाजिक याथार्थवाद उनको 'घरको कथा', 'उत्तिम थारु', 'बिमुक्त बिहानको खोजीमा', 'चतुरे सार्की', 'च्यातिएको चोली' जस्ता कथामा पाइन्छ भने मनोवैज्ञानिकता 'गुलाफको काँडो', 'पानको पात', 'आगोमा पिल्सिएको तस्वीर', 'घात

प्रतिघात' कथामा पाइन्छ । प्रगतिशीलता 'मन्त्रीज्यूको सभास्थल', 'चतुरे सार्की', 'विमुक्त बिहानको खोजीमा' कथामा पाइन्छ । देशभक्ति 'फ्यूजनको जगमा शिलान्यास, संकल्प कथामा रहेका छन् भने व्यङ्ग्यात्मक, मौलिकता, कलात्मकता, नायक नायिका बीचको कामजन्य प्रेम प्रणय उनका प्रायः सबै कथामा पाउन सकिन्छ ।

सम्पूर्ण कथाहरूको विश्लेषण गर्ने क्रममा कथाका तत्त्वहरू कथानक, चरित्रचित्रण, दृष्टिबिन्दु, परिवेश, उद्देश्य, शीर्षक फरक भएपनि समान कुरा हालिएका अथवा समान विषयका केही रचना छन् । समग्रमा रचनाको विषय अधिकांश कथा श्रमजीवी वर्गका जटिल र कठिन समस्याहरू प्रकाशमा ल्याई तीनको समाधानको निम्ति राष्ट्र र राज्यको ध्यान आकर्षित गर्ने उद्देश्यबाट सिर्जना गरिएका छन् । महिलामाथि भईरहेको हिंसा, अछुत र दलित भन्दै युगौदेखि दिइरहेको दुःख सास्ती, जनतालाई जीविका दिन नसक्ने नालायक राज्य र दलहरूका आपसी क्षुद्र द्वन्द्व आदिका विरुद्ध कथाहरू रहेका छन् । कतिपय कथाले समाधानको बाटो खोज्ने प्रेरित गरेका छन् भने कतिपय कथाले मार्गदर्शन गरेका छन् । भाषा सरल, सरस, सुबोध भएको शैली प्रसाद वा सरल रहेकोले संक्षिप्तताभित्र सम्पूर्णता अटाउन खोजेको छ । कलात्मक र सुललित भाषाको प्रयोग भएको छ । उनका नौ वटा कथाहरू आन्तरिक परिधीय रहेको छ । घरको कथा, पानको पात, आगोमा पिल्सिरहेको तस्वीर, छहारीमुनीको मालिक, चतुरे सार्की, मन्त्रीज्यूको सभास्थल, गुलाफको काँडो, उत्तिम थारु, विमुक्त बिहानको खोजीमा गरी जम्मा ९ वटा कथाहरू आन्तरिक परिधीय रहेको छ । पाँचवटा कथा फ्यूजनको जगमा शिलान्यास, संकल्प, घात प्रतिघात, च्यातिएको चोलि, उज्जल भविष्यका निम्ति कथामा बाह्य सीमित दृष्टिबिन्दु को प्रयोग भएको छ । उनको कथामा गाउँ र शहरिया दुवै परिवेशको चित्रण गरिएको छ ।

**निष्कर्ष**

यज्ञप्रसाद आचार्यको 'फ्यूजनको जगमा शिलान्यास' कथासङ्ग्रहका कथाहरूको तत्त्वगत आधारमा सूक्ष्म विश्लेषण गर्दा अब्वल दर्जाका कथाकारका रूपमा लिन सकिन्छ । उनको यस 'फ्यूजनको जगमा शिलान्यास' कथासङ्ग्रहभित्र जम्मा चौध वटा कथाहरू सङ्ग्रहीत गरिएका छन् । (फ्यूजनको जगमा शिलान्यास, घरको कथा, संकल्प, पानको पात, आगोमा पिल्सिरहेको तस्वीर, छहारीमुनिको मालिक, चतुरे सार्की, घात प्रतिघात, मन्त्रीज्यूको सभास्थल, गुलाफको काँडो, च्यातिएको चोलि, उत्तिम थारु, विमुक्त बिहानको खोजीमा,

उज्जल भविष्यका निम्ति यी कथाहरूको तत्त्वगत आधारमा विश्लेषण गर्दा उनका कथामा सामाजिक, राजनैतिक, देशप्रेम, आर्थिक समस्या, प्रेम प्रसङ्ग रतिराग, मानवीय ईर्ष्या आदिलाई विषयवस्तु बनाएका छन् । उनी सामाजिक यथार्थवादी मनोवैज्ञानिक यथार्थवादी कथाकार हुन् । उनको भाषा ज्यादै प्रभावकारी छ । मुख्य रूपमा वर्णनात्मक र संवादात्मक शैलीका माध्यमबाट अघि बढेको छ । कथानकमा प्रयुक्त भाषा सरल, सहज, स्पष्ट हुनुका साथै परिष्कृत परिमार्जित अनुकरणात्मक शब्दको समेत कथामा प्रयोग भएको पाइन्छ । प्रत्येक कथामा कथाकारले पात्र अनुकुल भाषा चयन गरेका छन् । ग्रामीण जनजिब्रोले बोल्ने भाषा भए पनि पट्यार लाग्दा छैन् । पाठक वर्गको मनमा प्रभावित बनाउन सफल देखिन्छन् । उनका कथाहरूमा युवा, महिला, समसामयिक र तत्कालिन समाजको विषय, परिस्थिति, अन्याय र अत्याचारलाई उतार्न कथाहरू सफल भएका छन् । उनको कथामा ग्रामीण तथा शहरी जीवनको चित्रण, राष्ट्रिय समस्या, शैक्षिक क्षेत्रमा देखिएको पछौटेपन राष्ट्रप्रेम पनि प्रस्तुत भएका छन् । कथामा निम्नवर्गीय समाजका व्यक्तिमा दुःखद जीवन भोगाई, महिलाको दयनिय अवस्थाले खडा गरेका चुनौति मार्मिक छन् । चेतनाको कमीले गर्दा नेपाली जनताहरू पछि परेका छन् । रुढिवादी धारणाले पिडित भएका विधवाको मनमा विहे गर्ने इच्छा हुँदा पनि भन्न नसक्नु जस्ता पात्रहरूका कलात्मक ढंगले चित्रण गरिएको छ । उनका नौवटा कथाहरूमा अन्तरिक परिधीय दृष्टिबिन्दुको प्रयोग भएको छ भने पाँचवटा कथाहरू वाह्य सीमित दृष्टिबिन्दुको प्रयोग भएको छ । युगीन महत्व बोकेका उनका कथाहरू मौलिक हुनुको साथै संक्षिप्तताभित्र पूर्णता अटाएको पाइन्छ ।

कथा तत्त्वका आधारमा विषय वस्तुलाई यर्थाथ रूपमा उतार्न सफल भएको देखिन्छ । फ्युनजको जगमा शिलान्यास कथामा पूर्ण रूपमा राष्ट्रिय, सामाजिक, राजनीतिक विषयवस्तु बोकेको कथा हो । आचार्यको साहित्य र कलाप्रति अत्यन्त गहिरो ज्ञान र झुकाव छ । सामन्ती समाज, बाह्मणवाद, सभ्रान्त परिवारको यथार्थताभित्र घुसेर त्यसप्रति घोर विद्रोही स्वर उराल्न कथाकार सफल भएका छन् । कथा लघु तथा सूक्ष्म विषयमा केन्द्रित हुँदै मानिसक पाटोको उद्घाटन गर्न सफल भएका छन् । बहुमुखी सिर्जना क्षमताका धनी आचार्यले नेपााली साहित्यमा अविस्मरणीय योगदान दिएका छन् । जनताको जीवन भोगाइका वास्तविक समस्याबाट कथाकार परिचित छन् । जनजीवन, पेशा रहनसहन, सामाजिक संस्कार, पितृसत्तात्मक मानसिकता, राजनैतिक चरित्र, प्रशासननिक संस्कार समेत उजागर गर्न सफल कथासङ्ग्रह ‘फ्युजनको जगमा शिलान्यास’ हो उनी अग्रज

कथाकारको दाँजोमा आफूलाई उभ्याउन सफल भएको देखिन्छ । दुईवटा मात्र कथासङ्ग्रह लेखेर पनि सफल कथाकारको रूपमा उभ्याउन सक्ने आन्तरिक प्रतिभा र साहित्यप्रतिको अभिरुचि पनि हो । नेपाली समाजले भोगिरहेको र भोगिरहने विषमतालाई सुक्ष्म ढङ्गले केलाउँदै सहिष्णुताको सन्देश प्रवाह गर्ने उद्देश्य यस कथा सङग्रहमा रहेको छ ।

<u>**सन्दर्भ सामग्री**</u>

आचार्य, यज्ञप्रसाद (२०७०). *फ्युजनको जगमा शिलान्यास* कथासङ्ग्रह काठमाडौँ : नइ प्रकाशन ।

गौतम, देवीप्रसाद (२०५४). *नेपाली कथा* काठमाडौँ : नवीन प्रकाशन ।

घिमिरे, सृजना (२०७३)।*जीवन सुवेदीको अन्र्तविरोध निबन्ध सङ्ग्रह*को अध्ययन त्रि.वि.मा सङ्कायमा पाटन क्याम्पसमा प्रस्तुत स्नातकोत्तर शोधपत्र ।

थापा, हिमांशु (२०५०). *साहित्य परिचय* (चौ.सं) काठमाडौँ : साझा प्रकाशन ।

दुलाल, देवकुमारी (२०६९). यज्ञप्रसाद आचार्यको जीवनी व्यक्तित्व र कृतित्त्वको अध्ययन *प्रकाशित शोधपत्र* त्रि.वि. पाटन संयुक्त क्याम्पस, नेपाली विभाग ।

पौड्याल, कृष्णविलास (२०६१). *नेपाली आख्यान र नाटक,* काठमाडौँ : नवीन प्रकाशन ।

बराल, कृष्णहरि (२०६७). *नेपाली आख्यान र नाटक,* काठमाडौँ : अक्सफोर्ड पब्लिकेशन ।

बराल, ईश्वर (२०५३). *झ्यालबाट (छै.सं.)* ललितपुर : साझा प्रकाशन ।

भट्टराई, शिवराज (२०७१). *मुक्तात्मा कथासङ्ग्रहको विधातात्विक अध्ययन,* अप्रकाशित शोधपत्र, पाटन संयक्त क्याम्पस, नेपाली विभाग ।

शर्मा, हरिप्रसाद (२०६७). *कथाको सिद्धान्त र विवेचना (दो.स्रो)* ललितपुर : साझा प्रकाशन ।

श्रेष्ठ, दयाराम, (२०३९). *पच्चीस वर्षका नेपाली कथा* ललितपुर : साझा प्रकाशन ।

श्रेष्ठ, दयाराम (२०६८). *नेपाली कथा भाग ४ (पाँ.सं.)* ललितपुर : साझा प्रकाशन ।

ज्ञवाली, ज्ञाननिष्ट (२०६१).*आख्यानकार विश्वेश्वरप्रसाद कोइराला,* काठमाडौँ : हजुरको प्रकाशन ।